
# लेखापरीक्षण प्रतिवेदन

# त्रियुगा नगरपालिका, उदयपुर

## आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# त्रियुगा नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/92

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
त्रियुगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गाईघाट, उदयपुर ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

**हाम्रो रायमा,**यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्रासी र भक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३४ करोड ७१ लाख ९९ हजार, सामाजिक बिकास कार्यक्रमको रू. ३ लाख ७५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. १ करोड २१ लाख ७५ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रू. ८ लाख ९० हजार र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रू. ३० लाख समेत रु. ३६ करोड ३६ लाख ३९ हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. नगरपालिकाको रू. ३ अरब ४३ करोड ६ लाख ३५ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा रू.१३ करोड १५ लाख ४७ हजार बेरुजू देखिएको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु. ८४ लाख ५६ हजार बेरुजु प्रतिक्रियाबाट फछ्यौंट भई रू.१२ करोड ३० लाख ९१ हजार बाँकी रहेको छ। उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १६ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ८० लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड ९८ लाख ६९ हजार र पेश्की बांकी रू. ३५ लाख ६७ हजार रहेको छ । गत वर्षसम्म रु. ५२ करोड ४५ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६३

करोड ९१ लाख ११ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्रियुगा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, उपभोक्ता समितिको काममा मु.अ.कर,अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी त्रियुगा नगरपालिकाको व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०६ | १२२ | १३,१५,४७,६३२ | ० | १४ | ८४,५६,४९० | ० | १०६ | १०८ | १२,३०,९१,१४२ | १६,२०,६९७ | ५,९८,६९,६९५ | ५,८०,३३,९०१ | ० | ० | ११,७९,०३,५९६ | ३५,६६,८४९ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | ५२,४५,२१,९८४ | ० | ८५,०१,५१७ | ५१,६०,२०,४६७ | ० | १२,३०,९१,१४२ | ६३,९१,११,६०९ |

बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७४/७५ | १३ | पदाधिकारी सुविधा | १२,१२,४८३ |
| २ | २०७४/७५ | १५ | बैठक भत्ता | ९,१३,७५० |
| ३ | २०७५/७६ | ३४ | बैठक संख्या | ४,१३,१०० |
| ४ | २०७५/७६ | ३५ | समितिको बैठक भत्ता | २५,७६५ |
| ५ | २०७५/७६ | ३८ | अनुगमन भत्ता दर | ६,२८० |
| ६ | २०७५/७६ | ४७ | बढी भुक्तानी | ६,८०० |
| ७ | २०७५/७६ | १० | करकट्टी | ७६,५२७ |
| ८ | २०७७/७८ | ८४ | पेश्की बाकी | १,००,००० |
| ९ | २०७८/७९ | ४२ | शिक्षण सिकाई अनुदान | ८,६३,७६० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७८/७९ | ४० | कार्यसम्पन्न प्रतिवेदन | ४८,६०,००० |
| ११ | २०७९/८० | ११९.४ | बढी भुक्तानी | २३,०५२ |
| १२ | २०८०/८१ | ६८.२ | नगरक्षेत्र भित्रको सडक कालोपत्रे तथा स्तरोन्नती | २,००,००० |
| १३ | २०८०/८१ | १९.१ | धरौटी फिर्ता | १०,५८,००० |
| १४ | २०८०/८१ | ४५ | जिन्सी दाखिला नभएको | १,११,३२५ |
| १५ | २०८०/८१ | ५४ | छात्रवृत्ति | ६,००० |
| १६ | २०८०/८१ | ५३ | छात्रवृति वितरण कार्यक्रम | ८०,४०० |
| १७ | २०८०/८१ | ५० | अनुगमन प्रतिवेदन | १९,५०,००० |
| १८ | २०८०/८१ | ११० | सम्झौता भन्दा बढी भुक्तानी | ५,६४९ |
| १९ | २०८०/८१ | ६२.४ | सडक निर्माण सुपरिवेक्षण तथा परामर्श सेवा | ९,४७,१३६ |
| २० | २०८०/८१ | ५१ | बिल भरपाई पेश नभएको | २०,७०,००० |
| २१ | २०८०/८१ | ९६.१ | पूर्व निर्धारित क्षतिपूर्ति | १२,०३,४५० |
| २२ | २०८०/८१ | ४८ | सहयोगी सामाग्री | ८,२४,५३० |
| जम्मा | | | | १,६९,५८,००७ |

# (८०१११४०३३०० - त्रियुगा नगरपालिका, उदयपुर )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १६ वडा रहेको छ भने क्षेत्रफल ५४७.४३ वर्ग किलोमिटर तथा १०२७२५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०७ देखि २०८१।१०।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ३,४३,०६,३५,०८८.८९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३८६२४.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.न. | विवरण | दाखिला मिति | राजस्व दाखिला रकम |
|---|---|---|---|
| १ | ज्ञानमाला पुस्तकको असुल बांकी | २०८१।१०।२२ | ३८६२४.०० |
| | | जम्मा | ३८६२४.०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदको स्थिति**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नअनुसार देखिएको छः-

एकिकृत आर्थिक विवरण

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **94437245.43** | १ | **चालु खर्च** | 773733684.3 | **773733684.3** |
| | क) संचित कोष | 62724259.12 | | २ | **पूँजीगत खर्च** | 399695770 | **399695770** |
| | ख) धरौटी खाता | 16540213 | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| | ग) विविध खर्च खाता/ कोष | 14212211.06 | | | क) ऋण भुक्तानी | | |
| | घ) प्रकोप व्यावस्थापन कोष | 960562.25 | | | ख) ब्याज भुक्तानी | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | **313255970.9** | ४ | **लगानी** | | |
| | क) आन्तरिक राजस्व | 120473654.7 | | | ऋण लगानी | | |
| | ख) संघीय राजस्व बाँडफाँड | 164168171.6 | | | शेयर लगानी | | |
| | ग) प्रदेश सवारीसाधन कर | 18186127.3 | | | अन्य लगानी | | |
| | घ) अन्य आय +.................... | 10428017.3 | | ५ | **विभिन्न कोषतर्फको खर्च** | | **50125800** |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | **946072000** | | क) विविध खर्च खाता/कोष | 47979375 | |
| | क) वित्तिय समानीकरण अनुदान | 187674000 | | | ख) प्रकोप व्यावस्थापन कोष | 1306415 | |
| | ख) सशर्त अनुदान | 727398000 | | | ख) धरौटीफिर्ता | 840010 | |
| | ग) समपूरक अनुदान | 13000000 | | ६ | **जनश्रमदान फिर्ता** | | |
| | घ) विशेष अनुदान | 18000000 | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **41872245** | ७ | **अनुदान फिर्ता** | | **116588135.2** |
| | क) वित्तिय समानीकरण अनुदान | 13290000 | | | क) संघीय सरकार तर्फ फिर्ता | 113308335.2 | |
| | ख) सशर्त अनुदान | 19804000 | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | 3279800 | |
| | ग) समपुरक अनुदान | 8778245 | | ८ | **मौज्दात** | | |
| | घ) विशेष अनुदान | | | | क) सञ्चित कोष | 73771449.52 | **73771449.52** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | खाता | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | 363639585.7 | | ख) चालु खर्च खाता | | |
| | क सामाजिक सुरक्षा तथा संरक्षण | 347199585.7 | | | ग) पुजिगत खर्च खाता | | |
| | ख) सामाजिक विकास कार्यक्रम | 375000 | | | घ) धरौटी खाता | 24048474 | **24048474** |
| | ग) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | 890000 | | | ङ) प्रकोप व्यावस्थापन कोष | 1298774.46 | **1298774.46** |
| | घ) स्थानिय तथा प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम | 3000000 | | | च) विविध खर्च खाता/कोष | 18387685.83 | **18387685.83** |
| | च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 12175000 | | ९ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | **363639585.7** |
| | | | | | क सामाजिक सुरक्षा तथा संरक्षण | 347199585.7 | |
| ६ | **अन्य** | | | | ख) सामाजिक विकास कार्यक्रम | 375000 | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | | ग) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | 890000 | |
| | ख) सडक बोर्ड नेपाल | | | | घ) स्थानिय तथा प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम | 3000000 | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 12175000 | |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | **62012311.98** | | | | |
| | क) विविध खर्च खाता | 52019413.77 | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | 1644627.21 | | | | | |
| | ग) धरौटी आय | 8348271 | | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त** | | | १० | **जनश्रमदान मौज्दात** | | |
| ९ | **जनसहभागिता (नगद)** | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१०** | **लगानीको साँवा फिर्ता** | | | | | | |
| **११** | **अन्य विविध आय** | | | | | | |
| **जम्मा** | | **1,821,289,359.01** | **1,821,289,359.01** | **जम्मा** | | **1,821,289,359.01** | **1,821,289,359.01** |

**(विस्तृत विवरण बेरुजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **सि.न.** | **शिर्षक** | **बजेट** | **खर्च** |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ३४९६७९०००.०० | ३४७१९९५८५.७४ |
| २ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १७०४०००.०० | ०.०० |
| ३ | सामाजिक विकास कार्यक्रम | ३७५०००.०० | ३७५०००.०० |
| ४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १२१७५०००.०० | १२१७५०००.०० |
| ५ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९००००.०० | ८९००००.०० |
| ६ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ३००००००.०० | ३००००००.०० |
| जम्मा | | ३६७८२३०००. | ३६३६३९५८५.७४ |

२.३ फरक हिसाब- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१३५४३६.००, यस वर्षको प्राप्ति रु. ५४२०४६४९२.८८,यस वर्षको भुक्तानी रु.५३०३५३५२०.९१ र बैङ्क मौज्दात रु.१२१५४३२९.७९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९४३०१८०९.४३ | ११८४८०५६२०.७० | ११७३४२९४५४.३० | १०५३५२०५४.०२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९४४३७२४५.४३ | १७२६८५२११३.५८ | १७०३७८२९७५.२१ | ११७५०६३८३.८१ |
| फरक | १३५४३६.०० | ५४२०४६४९२.८८ | ५३०३५३५२०.९१ | १२१५४३२९.७९ |

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.९,७८,२४,२४५.४३ मौज्दात रहेकोमा यो वर्ष रु.९,४४,३७,३४५.४३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३३८६९००.०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको | ३३,८६,९०० |
|---|---|

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैँक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैँक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएको छ । पालिकाले देहाय बमोजिम श्रेस्ता(म.ले.प.फा.न.२७०) अनुसार अषाढ मसान्तको बैँक मौज्दात रु.११७७१५८२७.०६ देखिएकोमा सो अवधिमा बैँक अनुसार बैँक मौज्दात रु.१२६१८६७२५.३१ देखिएको छ भने फरक मौज्दात रू.२७७४९४७८.३१ देखिएको छ ।

| **सकेंत** | **खाताको प्रकार** | **स्रेस्ता अनुसार बाँकी रू.** | **बैंक अनुसार बाँकी रू.** | **फरक** |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्वखाता | १९०३७२.०० | १४९८९२५१.३३ | १४७९८८७९.३३ |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ०. |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० | ०. |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | १९०७१.२५ | ० | १९०७१.२५ |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ७३७७१४४९.५२ | ६४१५१२३०.७४ | ९६२०२१८.७८ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | २४०४८४७४.०० | २४२३११५५.०० | १८२६८१. |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | ० | ०. |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | ० | ०. |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ० | ०. |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | ० | ०. |
| ग २.७ | विविधखर्च खाता | ६११८३२४.५८ | ६५४६५७२.०८ | ४२८२४७.५ |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | १२२६९३६१.२५ | १४९६९७४१.७० | २७००३८०.४५ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १२९८७७४.४६ | १२९८७७४.४६ | ०. |
| जम्मा | | ११७७१५८२७.०६ | १२६१८६७२५.३१ | २७७४९४७८.३१ |

२.६ नगद बांकी- आन्तरिक राजस्व खाता (ग १.१) मा जम्मा गर्न बांकी नगद मौज्दात रकम रू.१९३५४०.०० वित्तिय प्रतिवेदनमा देखिएकोले उक्त रकम बैंक दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,९३,५४० |
|---|---|

२.७ सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.१४९८९२५१.३३(बैंक मौज्दात) मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा(ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.८ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति

२०८०।०३।१० मा रू. १ अर्ब ४ करोड ७५ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, नगरपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम नगरपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसीता दाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६ **खर्च तथा बिश्लेषण**

६.१ क्षेत्रगत बजेट र खर्चको स्थिति- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । निम्न विवरण

अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये वित्तीय व्यबस्थापन र सुशासन क्षेत्रमा सबै भन्दा घटी 0.002 प्रतिशत र सामाजिक विकास सबै भन्दा बढी ४३.३८ प्रतिशत रहेको छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 86199810 | 50727889 | 4.32 |
| २ | सामाजिक क्षेत्र | 611545624 | 509056724 | 43.38 |
| ३ | पूर्वाधार विकास क्षेत्र | 452401630 | 355493385 | 30.30 |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | 5200000 | 3205158 | 0.27 |
| ५ | वित्तीय व्यवस्थापन र सुशासन | 800000 | 28250 | 0.002 |
| ६ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | 292735936 | 254918047 | 21.72 |
| **जम्मा** | | 1448883000 | 1173429453 | 100 |

६.२ त्रैमासिक पूँजीगत खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | समानीकरणअनुदान | 150142946 | 5129782 | 23538716 | 60185137 | 61289311 | 42985661 |
| २ | आन्तरिकस्रोत | 24622028 | 12720874 | 2048551 | 2621207 | 7231396 | 4164734 |
| ३ | राजस्वबाँडफाड | 19641837 | 425875 | 761724 | 1179358 | 17274880 | 6981780 |
| ४ | संघीयशसर्त अनुदान | 182858299 | 0 | 11228573 | 15621042 | 156008684 | 46735016 |
| ५ | संघीयसमपुरक अनुदान | 13000000 | 0 | 0 | 9880476 | 3119524 | 3119524 |
| ६ | प्रदेशशसर्त अनुदान | 9430660 | 0 | 673273 | 905000 | 7852387 | 7196787 |
| **जम्मा** | | **399695770** | **18276531** | **38250837** | **90392220** | **252776182** | **111183502** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.३९९६९५७७०.०० पुंजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१८२७६५३१.०० (४.८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३८२५०८३७.०० (१०.१२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.९०३९२२२०.०० (२२.९० प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु. २५२७७६१८२.००(६३.२४ प्रतिशत) र अषाढमा महिनामा रु. १११११८३५०२.०० (२९.४० प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.३ खर्च बिश्लेषण- पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १२,०४,७३,६५४.७०, राजस्व बाँडफाँड र अनुदानबाट रु.१,१८,०७,२६,५६१.२० समेत रु.१,३०,१२,००,२१५.९० आम्दानी भएकोमा चालु तर्फ रु.७७,३७,३३,६८४.३० र पूँजिगत तर्फ रु.३९,९६,९५,७७०.०० समेत रु.१,१७,३४,२९,४५४.३० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.२६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.२,०५,१७,५५०.०० खर्च भएको छ जुन आन्तरिक आयको १७ प्रतिशत रहेको

छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.४६ प्रतिशत चालु र ३०.७२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ७ **आन्तरिक आयको बिश्लेषण**

७.१ आय अनुमान- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.२०,३०,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१२,०४,७३,६५४.७० अर्थात अनुमान भन्दा ४०.६५ प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

७.२ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| १३५१५८३८३०.७० | १२०४७३६५४.७० | ८.९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

७.३ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ -सम्पती कर | १,६०,००,०००.०० | ७९,९३,९१४.०० | ४९.१६ |
| ११३१४ - भुमिकर/मालपोत | ८,००,००,०००.०० | २,१४०.०० | ०.००२६ |
| ११३१७ - वहाल कर | ० | ८०,५५,४९४.२२ | |
| ११३१८ - वहाल विटौरी कर | ५०,००,०००.०० | ० | |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | ५०,०००.०० | १५०.०० | ०.३ |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ५,००,०००.०० | ६३,७९,८०९.०० | १२७६ |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०,००,०००.०० | ४,८२,०००.०० | ४८.२ |
| १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ८२,५६०.०० | |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | ३६,२४,१११.३१ | ७२५ |
| १४२१८ - विद्युत सेवा शुल्क | २,५०,०००.०० | ७८०.०० | ०.३१ |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | २३,१०,१६८.६० | |
| १४२२४ - परीक्षा शुल्क | ५,००,०००.०० | ४,८२,८००.०० | ९६.५ |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ८,६६,२८३.०० | |
| १४२४१ - पार्किङ्ग शुल्क | ० | ९१०.०० | |
| १४२४२ - नक्सापास दस्तुर | १,४४,००,०००.०० | ७८,६८,५०९.०० | ५४.६ |
| १४२४३ - सिफारिश दस्तुर | १,५०,००,०००.०० | ७०,०१,९८४.०० | ४६.६८ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ९,९५,७९०.०० | |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ५०,०००.०० | १,२७,२६०.०० | २५४ |
| १४२४९ - अन्य दस्तुर | ० | ६१,४२,०९०.८० | |
| १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | २,४०,००,०००.०० | ० | |
| १४२६५ - अन्य क्षेत्रको आय | ० | १,२९,६३,०९०.३६ | |
| १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | १,८०,५७७.०० | ३६१ |
| १४३१३ - धरौटी सदरस्याहा | २,००,०००.०० | ० | |
| १४५२१ -प्रदुषण नियन्त्रण शुल्क | ६५,००,०००.०० | ८,१०,३९७.०० | १२.४६ |
| १४५२९ - अन्य राजस्व | २,००,००,०००.०० | ५,१६,७८,२५९.४० | २५८ |
| १४६११ - व्यवसाय कर | १,८०,००,०००.०० | १९,३७,३५०.०० | १०.७६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

७.४ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु.१९,३७,३५०.०० कर सङ्कलन गरेको देखिन्छ । पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३९ करोड ९६ लाखको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो। अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

९ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन । तर यस पालिकाले यो वर्ष रु.८१६६८०००.०० एकमुष्ट बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ । बजेट एकमुष्ट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :-

| क्र.सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| 1. | युवा तथा खेलकुद सामाग्री खरिद | १५०००० |
| 2. | गै.स.स. साझेदारी | ३५०००० |
| 3. | विकास पत्रकारिता | ३००००० |
| 4. | सुधार केन्द्र संचालन | ९००००० |
| 5. | सुशासन तथा क्षमता विकास | ८००००० |
| 6. | गत बर्षको विभिन्न योजना भुक्तानी बांकी | ५७२७००० |
| 7. | नाला मर्मत कार्य | १०००००० |
| 8. | वडा कार्यालय जाने बाटो निर्माण | ८००००० |
| 9. | अन्य साझेदारी कार्यक्रम | ३९५०००० |
| 10. | जनतासंग उपमेयर कार्यक्रम | ३०००००० |
| 11. | जनतासंग मेयर कार्यक्रम | ५०००००० |
| 12. | प्रदेश समपुरक साझेदारी | १२०००००० |
| 13. | गत आ.ब.को दायित्व भुक्तानी | १३५००० |
| 14. | गत बर्षको विभिन्न खर्चहरुको भुक्तानी बाँकी | ११२५५००० |
| 15. | जनतासंग उपमेयर कार्यक्रम | २०००००० |
| 16. | जनतासंग मेयर कार्यक्रम | २५००००० |
| 17. | गत बर्षको विभिन्न खर्चहरुको भुक्तानी १ | १९५००००० |
| 18. | गत बर्षको विभिन्न खर्चहरुको भुक्तानी २ | ६१६३००० |
| 19. | गत आ.ब.को भुक्तानी बांकी | ५४८३००० |
| 20. | सानातिना पुर्वाधार तथा अन्य वडा २ | ३७५००० |
| 21. | सानातिना योजना वडा ४ | २८०००० |
| जम्मा | | ८१६६८००० |

## १० **योजना प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १६ वडाको लागि वडागत र पालिकास्तरका कुल ७०७ योजना कार्यान्वयन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | योजना संख्या | रू. २० लाख माथिका योजना संख्या | रू. ५ लाख देखि २० लाख माथिका योजना संख्या | रू. ५ लाख सम्मका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७२ | १४ | ४९ | ९ |
| २ | वडास्तरीय | ६३५ | ० | १२ | ६२३ |
| जम्मा | | ७०७ | १४ | ६१ | ६३२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७०७ योजनामात्र कार्यान्वियन भएको देखिन्छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ११ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ भने सघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स. ०७६।७७, च.न. १८० र मिति ०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का. बाट तलब प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। तर पालिकामा तलवी प्रतिवेदन पारित बेगर स्थायी कर्मचारीको पारिश्रमिकमा कुल रु.४,२३,५८,२३९/- खर्च लेखेको पाइयो। यसबाट कर्मचारीको वास्तविक पाउने तलव तथा ग्रेड रकम के कति हो यकिन र्गन सकिएन। अतः तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ ।

## १२ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवशयकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ। मिति २०७९।९।२९ को नगरसभाबाट स्वीकृत भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ४८३ जनाको दरबन्दी स्वीकृत रहेकोमा ३१६ जना मात्र पदपुर्ति भई बाकी १६७ पद रिक्त रहेकोमा करार कर्मचारी १३८ जना राखी वर्षभरिमा जम्मा रु. ८४९६५६७५/- भुक्तानी देखियो। कार्यालयमा महत्वपूर्ण मानिएका पदहरु अधिकृत, सहायक पचौ र सहायक चौथोको दरवन्दी रिक्त रहेकोमा पदपूर्तिको लागी प्रदेश लोकसेवा आयोगमा माग गरी पठाएको नपाइएकोले अझै धेरै पदहरु करारमा राख्नु पर्ने अवस्था देखिएकोले पदपूर्तिको लागी प्रकृया थाल्नु पर्ने देखिन्छ।ऐनले तोकेको पद बाहेक र दरवन्दि नभएको देहायका कर्मचारीलाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रू.

| कर्मचारीको पद | रकम | कैफियत |
|---|---|---|
| सहायक चौथो स.क.अ. अमिन, दोभाषे २४जना | १०२६५४२४ | |
| सहायक पाचौ तथ्याङ्क सहायक ६ | १६१४६०० | |
| सहायक पाचौ कम्प्युटर अपरेटर ८ | ३६०९००८ | |
| सहायक पाचौ सव इन्जिनियर १ | ४५१४९० | |
| अधिकृत छैटौ इन्जिनियर १ | ५६७९५७ | |
| एलेनी जग्गा तर्फ अमिन४, स.क.अ.५, अभिलेख सहायक६, का.स.१ | ५५३३२३४ | दरवन्दि नभएको |

| | |
|---|---|
| अनियमित भएको | २,२०,४१,७१३ |

## १३ ज्यालादारी कर्मचारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहको सेवा संचालनको लागि अस्थायी दरवन्दी सिर्जना गर्न सकिने छैन भन्ने उल्लेख छ । सोही दफाको उपदफा (८) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रीसियन, चौकिदार, माली, बगैचे र सरसफाई सम्वन्धि पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सोही ऐनको दफा ८७ मा उल्लेखित अवस्थाका र माथि लेखिए बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न पाइनेछैन भन्ने कानूनी व्यवस्था रहेको छ सामान्य प्रसाशन मन्त्रालयबाट मिति २०७४।१२०१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि, २०७४ अनुसार करार गरिएको पद वा दरवन्दीमा समायोजन भई कर्मचारी आएपछि त्यस्तो दरवन्दीमा गरिएको करार स्वत समाप्त हुने कार्यविधि विपरित मासिक डोर, ज्यालादारी वा स्वीकृत दरवन्दी भन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलव, भत्ता वा पारिश्रमिक भुत्तानी गर्न नमिल्ने, यस्तो कार्य प्रचलित कानून विपरित हुने निर्णय नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५।१०।८ भएकोमा पालिकाले ऐन तथा कार्यविधि विपरित देहायका ज्यालादारी कर्मचारी रखी खर्च लेखेको नियम सम्मत नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| संख्या | काम गर्ने स्थान | पद | कर्मचारीको नाम थर | तलव | जम्मा वार्षिक तलव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | न.पा. | करसंकलक | प्रेमकुमार कार्की | २१,०००.०० | २५२,०००.०० | |
| २ | न.पा. | करसंकलक | श्याम मगर | २१,०००.०० | २५२,०००.०० | |
| ३ | न.पा. | करसंकलक | विक्रमकार्की | २१,०००.०० | २५२,०००.०० | |
| ४ | न.पा. | करसंकलक | पवनलामिछाने मगर | २१,०००.०० | २५२,०००.०० | |
| ५ | वडानं. ५ | फिल्डवर्कर | इन्द्रबहादुर कार्की | २१,०००.०० | २५२,०००.०० | |
| ६ | न.पा. | बारुणयन्त्र चालक | बिक्रमरोक्का | २९,७२८.०० | ३५६,७३६.०० | |
| ७ | न.पा. | जे.सि.वि.चालक | राम गोपालबस्नेत | २७,०००.०० | ३२४,०००.०० | |
| ८ | वडानं. ५ | ह.स.चा. | लेख बहादुरमगर | २७,६१२.०० | ३३१,३४४.०० | |
| ९ | वडानं. १६ | ह.स.चा. | कुल बहादुरमगर | २७,६१२.०० | ३३१,३४४.०० | |
| १० | न.पा. | बा.य.सहयोगी | हेलन कुमारराई | २०,७००.०० | २४८,४००.०० | |
| ११ | न.पा. | बा.य.सहयोगी | राज कुमारमहतरा | १५,०००.०० | १८०,०००.०० | |
| १२ | न.पा. | जे.सि.वि.सहयोगी | सन्तोषरोका | १५,०००.०० | १८०,०००.०० | |
| १३ | न.पा. | पानीट्याङ्करसहयोगी | सुजन कुमारभुजेल | १५,०००.०० | १८०,०००.०० | |
| १४ | वडानं. १ | इलेक्ट्रिसियन | बिरेन्द्रकुमार चौधरी | १४,०००.०० | १६८,०००.०० | |
| १५ | वडानं. १३ | इलेक्ट्रिसियन | राम कुमारचौधरी | १५,०००.०० | १८०,०००.०० | |
| १६ | राधाकृष्णमन्दिर | पुजारी | रामकृष्णनिरौला | २०,०००.०० | २४०,०००.०० | |
| १७ | भगवतीमन्दिर | पुजारी | हरि प्रसादपराजुली | १०,०००.०० | १२०,०००.०० | |
| १८ | इन्द्रेश्वरमन्दिर | पुजारी | बद्रीप्रसाद काफ्ले | १०,०००.०० | १२०,०००.०० | |
| १९ | अरुणापुष्पबाटिका | पुजारी | द्रोणराजखतिवडा | ७,०००.०० | ८४,०००.०० | |
| २० | भगवतीमन्दिर | हेरालु | सुमित्रापराजुली | १०,०००.०० | १२०,०००.०० | |
| २१ | वडानं. १३ | चौकीदार | श्रीकान्तचौधरी | २०,७००.०० | २४८,४००.०० | |
| २२ | जिल्लाअस्पताल | चौकीदार | विजय कुमारचौधरी | २०,७००.०० | २४८,४००.०० | |
| २३ | जिल्लाअस्पताल | चौकीदार | संजिताकुमारी चौधरी | २०,७००.०० | २४८,४००.०० | |
| २४ | जिल्लाअस्पताल | सफाइकर्मी | चन्द्रकुमारी चौधरी | १५,०००.०० | १८०,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | न.पा. | का.स. | निजाकार्की | २०,७००.०० | २४८,४००.०० | |
| २६ | वडानं. १३ | का.स. | चन्द्रिकाकुमारी चौधरी | २०,७००.०० | २४८,४००.०० | |
| २७ | वडानं. १३ | का.स. | मनिसाकोइराला (राउत) | १२,०००.०० | १४४,०००.०० | वडाबजेट |
| २८ | न.पा. | सफाइकर्मी | द्रोपतीबस्नेत | १५,०००.०० | १८०,०००.०० | |
| २९ | न.पा. (बजार सरसफाई) | सफाइकर्मी | सुक देवचौधरी | १५,०००.०० | १८०,०००.०० | |
| ३० | न.पा. (बजार सरसफाई) | सफाइकर्मी | बिर सिंहसिन्तान | १५,०००.०० | १८०,०००.०० | |
| ३१ | न.पा. (बजार सरसफाई) | सफाइकर्मी | मेघ बहादुरतामाङ | १५,०००.०० | १८०,०००.०० | |
| ३२ | न.पा. (बजार सरसफाई) | सफाइकर्मी | दिपेन डोम | १५,०००.०० | १८०,०००.०० | |
| ३३ | न.पा. (डिभाइडर) | सफाइकर्मी | लक्ष्मीमायावि.क. | १५,०००.०० | १८०,०००.०० | |
| ३४ | वडानं. २ | सफाइकर्मी | सुनिताचौधरी | १०,०००.०० | १२०,०००.०० | |
| ३५ | वडानं. ३ | सफाइकर्मी | सरिता मलिक | १०,०००.०० | १२०,०००.०० | |
| ३६ | वडानं. ४ | सफाइकर्मी | ममता देवीमरिक | ५,०००.०० | ६०,०००.०० | |
| ३७ | वडानं. ५ | सफाइकर्मी | भुटीदेवीमोची | ५,०००.०० | ६०,०००.०० | |
| ३८ | वडानं. ५ र ६ | सफाइकर्मी | बिरेन्द्रमरिक डोम | १०,०००.०० | १२०,०००.०० | |
| ३९ | वडानं. ६ | सफाइकर्मी | निर्मलाडोम | ५,०००.०० | ६०,०००.०० | |
| ४० | वडानं. ७ | सफाइकर्मी | जलेश्वरमरिक | १०,०००.०० | १२०,०००.०० | |
| ४१ | वडानं. ७ | सफाइकर्मी | संजिवकुमार मरिक | ५,०००.०० | ६०,०००.०० | |
| ४२ | वडानं. ८ | सफाइकर्मी | रामपडीडोमिन | ५,०००.०० | ६०,०००.०० | |
| ४३ | वडानं. ९ | सफाइकर्मी | सुनिलकुमार मरिक | ५,०००.०० | ६०,०००.०० | |
| ४४ | वडानं. ९ | सफाइकर्मी | उर्मिलादनुवार | १५,०००.०० | १८०,०००.०० | वडाबजेट |
| ४५ | वडानं. १० | सफाइकर्मी | चन्द्रिकादेवी डोमिन | १०,०००.०० | १२०,०००.०० | |
| ४६ | वडानं. १० खसी बजार | सफाइकर्मी | सन्ध्याकार्की (बोहोरा) | १०,०००.०० | १२०,०००.०० | |
| ४७ | वडानं. १० खसी बजार | सफाइकर्मी | तारापरियार | ५,०००.०० | ६०,०००.०० | |
| ४८ | वडानं. ११ | सफाइकर्मी | पुष्पाकुमारी भट्टराई | १५,०००.०० | १८०,०००.०० | |
| ४९ | वडानं. ११ | सफाइकर्मी | मन्दन डोम | ५,०००.०० | ६०,०००.०० | |
| ५० | वडानं. ११ | सफाइकर्मी | सुनितामरिक | ५,०००.०० | ६०,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५१ | वडानं. ११ | सफाइकर्मी | दिपेन मरिक | ५,०००.०० | ६०,०००.०० | |
| ५२ | वडानं. १२ आर्यघाट | सफाइकर्मी | ललिताकुमारी डोम | ५,०००.०० | ६०,०००.०० | |
| ५३ | वडानं. १२ शान्तिधाम | सफाइकर्मी | छेदिलालपंजियार | ५,०००.०० | ६०,०००.०० | |
| ५४ | वडानं. १३ बरुवा बसपार्क | सफाइकर्मी | ममताकुमारी मलिक डोम | ५,०००.०० | ६०,०००.०० | |
| ५५ | वडानं. १३ कृषि बजार | सफाइकर्मी | दिलिप डोम | ५,०००.०० | ६०,०००.०० | |
| ५६ | वडानं. १३ कृषि बजार | सफाइकर्मी | सन्जुकुमारी मलिक | ५,०००.०० | ६०,०००.०० | |
| ५७ | वडानं. १४ | सफाइकर्मी | सुखरी देवीमरिक | १०,०००.०० | १२०,०००.०० | |
| ५८ | वडानं. १४ | सफाइकर्मी | मुनाकुमारी मगर | १०,०००.०० | १२०,०००.०० | |
| ५९ | वडानं. १५ | सफाइकर्मी | नगेन्द्रमरिक | १०,०००.०० | १२०,०००.०० | |
| ६० | वडानं. १५ | सफाइकर्मी | अनिताकुमारी डोम | १०,०००.०० | १२०,०००.०० | |
| ६१ | वडानं. १५ | सफाइकर्मी | पुर्णमायामगर | १०,०००.०० | १२०,०००.०० | |
| ६२ | वडानं. १६ | सफाइकर्मी | अनिता मरिकडोम | १०,०००.०० | १२०,०००.०० | |
| ६३ | वडानं. १६ | सफाइकर्मी | चमेलीतामाङ | १५,०००.०० | १८०,०००.०० | |
| **जम्मा** | | | | | **९,९४९,८२४** | |

| | |
|---|---|
| अनियमित भएको | ९९,४९,८२४ |

१४ **दोहोरो सुविधा**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ उपदफा ३ को अनुसुची १(ख) अनुसार यातायात खर्च वापत वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई रु.४५०० मासिक सुविधा पाउने व्यवस्था छ। तर पालिकाले मासिक सुविधा यातायात वापत रु.४५०० भुक्तानी गरेको अवस्थामा पुन नगरकार्यपालिकाको आ.व. २०७९।८० को नगर कार्य पालिकाको कार्यालयको निर्णय नं. २० (ज) अनुसार आ.व. २०८०।८१ को वडा अध्यक्ष तथा पालिका सदस्यहरुलाई प्रति महिना १० लि पेट्रोल तथा वडा नं १४, १५ र १६ लाई १५ लिटर वडा अध्यक्षहरुलाई दिने निर्णय अनुसार भुक्तानी भएको छ। यातायात खर्च रु ४५०० भुक्तानी लिएकोमा पूनः कार्यपालिकाको निर्णयबाट मासिक सुविधा पारित गरी खर्च गर्नु ऐनको प्रावधान विपरित देखिन्छ। ऐनमा भएको व्यवस्था विपरित निर्णय गरी दोहोरो खर्च गरेको रकम असुल गर्नुपर्ने रु.

| पद | पदाधिकारीको नाम | भुक्तानी भएको ईन्धन जम्मा लिटर | भुक्तानी भएको ईन्धन खर्चऔसत रु १७०ले |
|---|---|---|---|
| वडा अध्यक्ष४ | बद्रि बस्नेत | १६५ | २८०५० |
| वडा अध्यक्ष ६ | योगेन्द्र वहादुर दाहाल | २८० | ४७६०० |
| वडा अध्यक्ष ७ | अम्मर बहादुर दनुवार | १६० | २७२०० |
| वडा अध्यक्ष ८ | राज कुमार राउत | १४० | २३८०० |
| वडा अध्यक्ष ९ | राज कुमार दनुवार | १४० | २३८०० |
| वडा अध्यक्ष१० | किरण पाण्डे | २२० | ३७४०० |
| वडा अध्यक्ष११ | सुमन्त कोइराला | ९५ | १६१५० |
| वडा अध्यक्ष१३ | नविन कुमार चौधरी | १३५ | २२९५० |
| वडा अध्यक्ष१५ | गणेश प्रसाद तिमित्सिना | १५० | २५५०० |
| जम्मा | | | २५२४५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५२,४५० |

१५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न व्यक्तिहरुलाई रु ५०० सय देखी १ लाख का दरले रु १३,६५,०००/-आर्थिक सहायता वितरण गरेको छ ।पालिकाले विगत बर्षहरुमा पनि आर्थिक सहायता वितरण गरेकोमा सो को विवरण तयार गरेको पाइएन।आर्थिक सहायता वितरणको अभिलेख राखी दोहोरो नपर्ने गरि आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

१६ **वितरणमुखी कार्यक्रम**

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न धार्मिक तथा साँस्कृतिक सहयोग बापत मेला, सम्मेलन, भजन मण्डली, मन्दिर पुजा सहयोग, तिज कार्यक्रम लगायतमा आर्थिक सहयोग बापत रु. १७,४१,०००/- र वडाबाट जेष्ठ नागरीक एकल महिला र विधवालाई सम्मान गर्न विभिन्न सामाग्री खरिद गरी रु २४,१९,०००/- खर्च गरेको पाइयो।पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नु पर्दछ ।

१७ **कृषि अनुदान वितरण**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ५९१ जनाको लागि रु २४,०२,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.स. | फर्म/उद्योग/सहकारी संस्था/समुहको नाम | अनुदानग्राहिको नाम | सामाग्रीको नाम | अनुदान रकम रु. हजारमा | प्रत्यक्ष लाभान्वित संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| १ | जिवनमिलन कृषि तथा पशुपंक्षी फर्म | विनोदकुमार विष्ट | कम्वाईनमिल | ३५ | २ | ३ | ५ |
| २ | खाँबुकृषि तथा पशुपंक्षी फर्म | सुरोजविक्रम केसी, | थ्रेसरमकै छोडाउने मेसिन | ४५ | ४ | ३ | ७ |
| ३ | आरोही कृषि तथा पशुपन्छी फर्म | आरती दनुवार | मिनिटिलर | ३५ | ३ | १ | ४ |
| ४ | लक्ष्मीकृषि तथा पशुपन्छी तथा पोल्ट्री फर्म | टंकबहादुर रायमाझी, | मिनिटिलर | ३५ | २ | ३ | ५ |
| ५ | कुशलकृषि तथा पशुपन्छी फर्म | तिलकबहादुर राई | कम्वाईनमिल मकै छोडाउने मेसिन | ४५ | २ | २ | ४ |
| ६ | अर्जुन कुमार कार्की | अर्जुन कुमार कार्की | मिनिटिलर | ३५ | २ | ३ | ५ |
| ७ | राधाकृषि तथा पशुपंक्षी फर्म | भगवतीकार्की | मिनिटिलर | ३५ | २ | २ | ४ |
| ८ | भुवनकृषि तथा पोल्ट्री फर्म | भुवनप्रसाद ढुंगाना | मिनिटिलर | ३५ | ३ | ३ | ६ |
| ९ | कृष्णबहादुर राउत | कृष्णबहादुर राउत | कम्वाईनमिल | ३५ | १ | ४ | ५ |
| १० | रिताकृषि तथा पशुपन्छी तथा मत्स्य फर्म | झुक्कीमायादनुवार | मिनिटिलर | ३५ | २ | १ | ३ |
| ११ | राईकृषि तथा पशुपन्छी फर्म | यमकुमार राई | मिनिटिलरमकै छोडाउने मेसिन | ४५ | ३ | २ | ५ |
| १२ | अनितादेवी शाह | अनितादेवी शाह | मिनिटिलर | ३५ | ३ | २ | ५ |
| १३ | हरियालीकृषि तथा पशुपन्छी फर्म | उमाकुमारी थापा | मिनिटिलर | ३५ | ३ | २ | ५ |
| १४ | बिनोदकुमार खड्का | बिनोदकुमार खड्का | मिनिटिलर | ३५ | ३ | ३ | ६ |
| १५ | रोमाकृषि तथा पशुपन्छी फर्म | रोमाढुंगाना | कम्वाईनमिल | ३५ | ३ | ३ | ६ |
| १६ | चण्डीभगवती कृषि पशुपन्छी तथा माछा फर्म | लीलाराउत | मिनिटिलर | ३५ | ३ | २ | ५ |
| १७ | रोशिकादनुवार | रोशिकादनुवार | कम्वाईनमिल | ३५ | २ | ४ | ६ |
| १८ | धनसिंहकृषि तथा पशुपन्छी फर्म | रचनाकुमारी चौधरी, | ड्याङ्गबनाउने मेसिन | ३५ | २ | ४ | ६ |
| १९ | जगतबहादुर कटुवाल | जगतबहादुर कटुवाल | मिनिटिलर | ३५ | २ | २ | ४ |
| २० | धनकुमारी राउत | धनकुमारी राउत | कम्वाईनमिल | ३५ | २ | ३ | ५ |
| २१ | वाल कृष्ण ढुंगाना | वाल कृष्ण ढुंगाना | कम्वाईनमिल | ३५ | ३ | ३ | ६ |
| २२ | पबित्राकाफ्ले पोखरेल | पबित्राकाफ्ले पोखरेल | पाईप | ३५ | २ | ३ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | संगिताकार्की | संगिताकार्की | मिनिटिलर | ३५ | २ | २ | ४ |
| २४ | केदरवहादुर वस्नेत | केदरवहादुर वस्नेत | | ३५ | २ | ३ | ५ |
| २५ | राजु कुटान पिसान मिल | दिलमायामगर | मिलकुटान पिसान को लागि हलस सेट / चक्कीवडी कम्पिलिट सेट | ९५ | ३ | २ | ५ |
| १ | बशिष्ठकृषि तथा पशुपंक्षी फर्म | मनोजभट्टराई | | १०० | ३ | २ | ५ |
| २ | पराजुलीकृषि तथा पशुपंक्षी फर्म | पदमबहादुर पराजुली | | १०० | २ | १ | ३ |
| ३ | श्रद्धामहिला बहुउद्देश्यीय सहकारी संस्था लि | गिता थापा मगर | Chilli turmeric Mix Msala (printing cylinder),Leminated printing Wrapper, डिजीटलतराजु ,प्लाष्टिक क्रेट खरिद, बेसार खरिद | ८०० | ० | २२१ | २२१ |
| १ | जनहित कृषि सहकारी संस्था लि, | सुस्मितादनुवार | उन्नतधानको बीउ सिचाई मोटर ७ वटा | १०० | ० | ४५ | ४५ |
| २ | अन्डिअन्न उत्पादन प्रशोधन कृषक समुह | डम्वर बहादुर दनुवार, | उन्नतधानको बीउ सिचाई मोटर ७ वटा | २२८ | ४ | ११ | १५ |
| ३ | एग्रे रसायन(ढुसी नाशक,रोग नशक,वयोपेष्टिसाईड,अन्य आवश्यकरसायन)खरिद वितरण | , त्रि.न.पा.,कृषि विकास शाखा | | ७४ | ७३ | १०३ | १७६ |

१८ **स्वास्थ अनुदान वितरण**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १७७ जनाको लागि रु ७६५०००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

,

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | विभिन्न | १७७ | ७६५० |

१९ **धरौटी फिर्ता**

१९.१ मु.अ. कर समायोजन गरेको प्रमाण पेश भएको ।

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **१,०५८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१९.२

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने व्यवस्था छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले त्रुटि सच्चाउने अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएको सम्बन्धमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कम्पनीहरुको धरौटी फिर्ता गर्दा प्राविधिक सिफारिस बेगर फिर्ता गरेको देखियो । नियमावलीको व्यवस्था अनुसारको प्रमाण संलग्न गरेर मात्र फिर्ता खर्च लेख्नु पर्ने देखिन्छ ।

| क्र.सं. | गौ.भौ/ मिति | धरौटी फिर्ता पाउने | ब्यहोरा | रकम रु. |
|---|---|---|---|---|
| १ | ६८/२०८१/३/१२ | प्यारागोन आई टी सलुसन प्रा ली | प्राविधिक सिफारिस नभएको | १,६७,५००।०० |
| २ | ७०/२०८१/३/३१ | अटल सौभाग्य निर्माण सेवा समेत ५ सप्लायर्स | प्राविधिक सिफारिस नभएको | ४,६०,०००।०० |

## २० विधुतिय शासन प्रणालीको कार्यान्वयन अवस्था

२०.१ कोशी प्रदेश सरकारको विद्युतिय शासनको माध्ययमबाट स्थानीय तह सुदृढिकरण परियोजना अन्तरगत रु १ करोड १५ लाख खर्च गरि २०८०।३।३१ मा सम्पन्न भएको कार्यक्रमको कार्यान्वियन अवस्था परीक्षण गर्दा देहायअनुसार भएको देखियो ।

विधुतिय शासन प्रणालीको माध्यमबाट स्थानीय शासन सुदृढीकरण परियोजना अन्तर्गत रु २ करोड १५ लाख बजेट मध्ये पालिकाले ७५ लाख र प्रदेश सरकारले रु १ करोड ५० लाख व्यहोर्नेगरी कार्यक्रम १६ क्रियाकलाप मध्ये निम्न मुख्य क्रियाकलापहरु जस्तै सि.सि.टि.भि. खरिद तथा जडान र थप विद्युतीय उपकरणहरु खरिद कार्य रु ५० लाख वडाहरुमा इ हाजिर स्थापना गर्न रु १० लाख कम्प्युटर खरिद रु १६ लाख दर्ता चलानी सिफारिस कर्मचारी व्यवस्थापनका लागि सफ्टवेयर खरिद योजना सम्बन्धी न्यायिक समिति राजश्व शाखाको लागि सफ्टवेयर खरिद तथा अनलाईन कर प्रणाली संचालन रु ५० लाख तथा सम्पती कर तथा राजश्व प्रणाली सुधार सम्बन्धि तालिममा रु १० लाख र फ्रि वाईफाई इन्टरनेट जडान कार्य मा रु १० लाख समेत रु १ करोड १० लाख ७१ हजार खर्च गरेकोमा पालिकाको सहभागिता रकमबाट अन्य क्रियाकलाप गरेको देखिएन । विश्वबैकको सहयोगमा सडक स्तरोन्ति कार्यक्रमबाट सि.सि.टि.भि खरिद तथा जडान गरेका कार्यमा क्षति पुग्रगई विधुतिय शासन प्रणालीको माध्यमबाट स्थानीय शासन सुदृढीकरण परियोजना अलपत्र परेकोमा ठेक्कामा क्षतिपूर्तिको व्यवस्था समेत गरेको देखिएन । परियोजनाको कार्य अधुरो रहेकोमा पालिकाले यस वर्ष थप बजेटको समेत व्यवस्था गरेको नदेखिएकोले प्रदेश सरकारको रु ११ करोड ६२ लाखको स्थानीय तहहरुमा IPF कार्यक्रम संचालन तथा पालिकाले गरेको खर्च रु १ करोड १० लाख ७१ हजार को प्रतिबध्दता बमोजिम कार्य नभएकोले विधुतिय शासन प्रणालीको कार्यान्वियनको प्रभावकारिता सम्वन्धमा प्रदेश सरकारबाट पुनरावलोकन गरिनु पर्ने देखिन्छ ।

२०.२ सार्वजनिक निकायले मालसामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकामा यस बर्ष खरिद गरेको मालसामान सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेख राखेतापनि गतविगत देखिका सामानको अभिलेख अध्यावधिक नरहेको सहायक जिन्सी खाता अध्यावधिक नहुदा मुल्यवान सामान क-कससंग रहेको यकिन गर्न सकिने गरी जिन्सी अभिलेख सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS V2) मा अध्यावधिक गर्नुपर्ने देखिन्छ । विधुतिय शासन प्रणालीको माध्यमबाट स्थानीय शासन सुदृढीकरण परियोजना अन्तर्गत २ प्याकेजमा खरिद गरिएका सिसि क्यामरा खरिद तथा जडान वापत रु ४५५२०००।०० खर्च भएको छ । सो मध्ये प्यकेज १ को सीसीटीभि लगायत रु १८,३९,२६३।०० मा खरिद गरी जिन्सी दाखिला गर्दा संकेत नं ६११२२११०३४ को २ थान Network video Recorder रु १४६०००।०० का दरले खरिद गरेको मूल्य रु २९२०००।०० रहेकोमा पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा रु १६६०००।०० कायम गरी प्रतिवेदन गरेकोले रु १२६०००।०० घटी मूल्य कायम गरेको सम्वन्धमा एकिन गरी जिन्सी अध्यावधिक गर्नुपर्दछ ।

२०.३ त्यस्तै जिन्सी दाखिला संकेत नं ६१६११०४६०४७ को १४ थान सीसीटिभि क्यामरा (LU/ EL camera) तथा सो जडानमा प्रगोगहुने सामाग्री समेत रु २५८१४९।०० कम्प्यूटर अपरेटर रुपक तिमिल्सिनाको नाममा खर्च लेखि मौज्दात शुन्य देखाएकोमा सो

सामाग्री खर्च गरेको वा हस्तान्तरण गरेको भए प्रमाण पेश गर्नुपर्ने अन्यथा खर्च नहुने खातामा जिन्सी दाखिला गरी अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

## २१ ठेक्काको स्थिति तथा बिश्लेषण

२१.१ ठेक्का अभिलेख - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२१.२ ठेक्का व्यवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १८.६१ देखि ४७.६३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Package 1: Upgration of Different inter connected Roads within Triyuga Muncipality | NP-DUDBC-401454-cw-RFB | आशिष/आशीर्वाद/ स्वामिनारायण जे.भी. | ५७४२८७३६५.७८ | ४५६१६२८६३.०० | २०.५७ |
| २ | Construction of karamgachhi-Babari-Beldobhan Road Drain and Blacktop | TM-UDA-NCB-WORKS-22/080-81 | आशिष/आशीर्वाद/ स्वामिनारायण जे.भी. | २४३५०७७.०३ | १२७५१९१.८९ | ४७.६३ |
| ३ | शाही खोला पुल निर्माण | TM-UDA-NCB-WORKS-NCB-1/080-81 | हिम निर्माण सेवा, थाहाचल | ५५४४७७९६.९५ | ४५१२५५७४.४० | १८.६१ |
| ४ | Construction of Black Top Roads with side Drain along Ringroad | TM-UDA-NCB-WORKS-06/2080-81 | न्यु चुरिया निर्माण सेवा, त्रियुगा | १७५८००६१.६६ | १२७९०३५१.२८ | २७.२४ |

## २२ सुधार गर्नुपर्ने सैद्धान्तिक पक्षहरु

२२.१ कन्टिन्जेन्सी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिजेन्सी रकम कट्टी गर्ने सम्बन्धी व्यबस्था गरिएको छ ।कार्यालयले यस आर्थिक बर्षमा विभिन्न योजनाहरुबाट कन्टिन्जेन्सी रकम कट्टा गरी रू.७०८८६९२.०० खर्च गरेको देखिन्छ ।तर कार्यालय कन्टिजेन्सी कट्टी तथा खर्चको विवरण राखेको देखिएन । सो खर्च कुन कुन

शिर्षकमा कति खर्च गरेको हो सोको विवरण कार्यालयले राख्नुपर्दछ ।कानुनको व्यबस्था गरी कार्यविधि अनुसार कट्टी तथा खर्च गर्ने परिपाटीको व्यबस्था हुनुपर्दछ ।

२२.२ नापी किताब - निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

२२.३ कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ६ वटा नियमावली, ४५ कार्य विधि तथा ३ निर्देशिका र ११ अन्य गरी ७८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले उक्त कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त सम्पुरण कानूनहरु राजपत्र तथा वेभसाइटमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्र तथा वेभसाइटमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ । र पालिकाले आवश्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वियनमा ल्याउनुपर्दछ ।

२२.४ न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष ७६ मुद्दा तथा विवाद दर्ता भएकोमा ७४ वटा मात्र फर्स्यौट भई १० बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

२२.५ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२२.६ फोहरमैला व्यवस्थापन - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२२.७ जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि

र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः · यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । · नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२२.८ बेरुजू अभिलेख - पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ । • म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत • म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन •म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

२२.९ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| कार्यालय भवन | | १ | | |
| जमिन | | २११८१.४१ मिटर | | |
| जमिन | | ९ मिटर | | |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| जीप | | ५ | मुल्य नखुलेको | |
| मोटरसाइकल | | ४४ | " | ४४ मध्ये ८ वटा कहाबाट आएको रेकर्ड नभएको |
| स्कुटर | | ११ | " | |
| टेक्टर | | ५ | " | |
| दमकल | | १ | " | |
| अटो | | २ | " | |
| शववाहन | | १ | " | |
| ट्रक | | १ | " | |
| **उपकरण (रु.१ लाखभन्दा बढी)** | | | " | |
| जेनेरेटर | | २ | " | |
| व्याकहोलोडर | | २ | " | |
| टिप्पर | | २ | " | |
| पानी ट्याङ्की | | १ | | |

## २३ पेश्की बांकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी, निर्माण व्यबसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.११,४०,९९,८२६.०० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद ननाघेको पेश्की रू.७,८४,१६,०००.०० र म्याद नाघेको तर अल्याबाट आएको रू.३,२१,१६,९७४.०० तथा म्याद नाघेको र यस आ.ब.मा फर्छौट गर्नुपर्ने रू.३५,६६,८४९.०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ३५,६६,८४९ |

२४ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ भने अर्थ मन्त्रालय कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र विदाको दिनमा काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले दशौ नगरसभाको निर्णय नम्बर १६ मा सेवा प्रवाहलाई पारदर्शी, छिटो छरितो र प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्य कुशलताको आधारमा सुरु तलब स्केलको २५ प्रतिशत सम्म थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्ने निर्णय बमोजिम विभिन्न स्तरका कर्मचारीहरुलाई मासिक तलबको २५ प्रतिशत रकम प्रोत्साहन स्वरुप रु.१३,२२,१७७/-खर्च लेखेको पाइयो । पालिकाले कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरेको पाइएन भने प्रोत्साहन भत्ता दिनु पर्ने आधार पेश गरेको पाइएन । पालिकाले यस अवधिमा गरेको अतिरिक्त कार्यहरुको कार्यविवरण तथा भत्ता वितरणको कुनै निश्चित मापदण्ड नबनाई, डिजिटल हाजिर समेत प्रमाणित नगरी प्रगति विवरण ( कार्यसम्पादन सूचकङ्क ) समेत पेश नगरी कर्मचारी पारिश्रमिक शिर्सकबाट सिमित व्यत्तिहरुलाई मात्र भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,२२,१७७ |

२५ **कानूनि सल्लाहकार/प्रेस संयोजक**

गाँउ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगरपालिकामा पदाधिकारीहरूको लागि १ जना स्वकीय सचिव राख्न सकिने व्यवस्था छ भने कानूनि सल्लाहकार/प्रेस संयोजक राखी पारिश्रमिक दिने व्यवस्था छैन।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।स्वकिय सचिव राख्ननको लागी आन्तरिक आय एंव कार्यालयको कार्यबोझलाई आधार लिनु पर्ने व्यवस्था भएकोमा सो को विश्लेषण नगरी पालिकाले यस वर्ष १ जना प्रेस संयोजक नियुक्त गरी बार्षिक रु ३८२०३० र कानूनी व्यवस्था विपरित २ जना स्वकिय सचिव नियुक्ति गरी १ बढी स्वकिय सचिवको बार्षिक रु ५६३९६३ पारिश्रमिक भुक्तानी दिएको छ ।नियम विपरित कर्मचारी राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,४५,९९३ |

२६ **वैदेशिक भ्रमण**

१९१-११।२२ नगपालिका चालु स्थानिय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धि निर्देशिका २०७५ को बुँदा ४ मा पदाधिकारीको विदेश भ्रमणका लागी संघिय मामला तथा सामान्य प्रशासन मन्त्रिबाट मनोनयन हुनु पर्ने व्यवस्था छ । नगरपालिका प्रमुख थारु कल्याणकारीणी सभाले आयोजना गरेको कार्यक्रममा मलेसिया जाँदाको प्लेन खर्च रु ५९००० खर्च भएकोमा मन्त्रिबाट बैदेशिक भ्रमणको मनोनयन भएको नपाइएकोले मनोनयनको पत्र पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,००० |

२७ **राष्टपति महिला उत्थान कार्यक्रम**

राष्टपति महिला उत्थान जीविकोपार्जन सुधारकार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड,२०७७ मा विपन्न महिला,एकल महिला,हिंसापिडित महिलाहरुलाई स्थानियतहमा छनोट भएको संस्था मार्फत व्यवसाय स्थापना गर्न अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ।

मापदण्डको अनूसुची ४ अनुसार व्यवसाय सन्चालन खर्च अनुदान २५ जना लाई रु २६००० का दरले २५ जनालाई अनुदान दिन सक्ने व्यवस्था तथा बुँदा न २१ ( २) मा संस्थाले लक्षित महिलालाई प्रदान गरिने व्यवसाय सन्चालन खर्च अनुदान रकम एकमुष्ट रुपमा लक्षित महिलाको बैक खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। तथा बुँदा नं २१(७) मा लेखापरीक्षण प्रतिवेदन स्थानिय तहमा पेश गर्नु पर्ने व्यवस्था गरेको गरेको छ।कार्यालयले गौ.भौ.नं १।०८१।०३।१६ बाट उषाकिरण महिला सहकारी संस्था लाई रु ६५००००।०० भुक्तानी गरेकोमा उक्त संस्थाले लक्षित महिलाको बैक खातामा उपलब्ध गरेको देखिएन। लेखापरीक्षण प्रतिवेदन कार्यालयमा पेश गरेको पाइएन।सम्बन्धित महिलाहरुको बैक खातामा उपलब्ध तथा भरपाई गराएको प्रमाण तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

२८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा भ्रमण आदेश स्विकृत गरेर मात्र भ्रमण गर्नु पर्ने व्यवस्था छ भने नियम ७ अनुसार अनुसुची २ मा उल्लेख भए अनुसार भ्रमाण विल पेश गर्नु पर्ने व्यवस्था छ।नगरप्रमुख कार्यालयको कामको शिलशिलामा काठमाण्डौ तथा बिराटनगर जाँदा भ्रमण आदेश स्विकृत गरेको भएता पनि नियमावली अनुसार भ्रमण खर्च दावी नगरी विभिन्न होटल तथा रेष्टुरेण्टको विल पेश गरी यस बर्ष रु ५,२२,४५१ खर्च लेखेको पाइयो। नियमावली अनुसार भ्रमण खर्च दावि गरी भुक्तानी लिनु पर्ने देखिन्छ।

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ४ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत ९८ दिनले रोजगारी उपलव्ध गराई रु.५२,२१,०८८।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३० **रित पूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ६६२५८.३ समेत रु. ५७५९३७.५१ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **कर विजकको अवस्था** | **भुक्तानी रकम** | **मुअकर कर रकम** |
|---|---|---|---|---|---|
| १७९ न.पा. पुजीगत | जमीर कन्स्ट्रक्सन प्रा.ली. उदयपुर | ६०९५७१९४३ | दोहोरो भई एउटा केरमेट गरेको | ४८१०१७.५१ | ५५३३८.३० |
| १० न.पा. विविध खर्च खाता | सोलुसन खबर मेडिया ग्रुप, उदयपुर | ६०९७७५१३५ | दोहोरो भई एउटा केरमेट गरेको | ९४९२०.०० | १०९२०.०० |
| **जम्मा** | | | | ५७५९३७.५१ | ६६२५८.३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,२५८ |

३१ **अमानतबाट कार्य**

सार्वजनिक खरिद ऐन तथा नियमावलीले खरिद विधिमा खुल्ला प्रतिस्पर्धाद्धारा उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य, गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ । यसै ऐनको दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार कार्य अमानतबाट गराउन सकिने र यसै नियमावली, २०६४ को नियम ९८ अनुसार अमानतबाट कार्य गराउदा एक तह माथि अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, अमानतबाट कार्य गराउन निर्माण सामाग्री ऐन, नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनु पर्ने उल्लेख छ । नगरपालिकाले सामान्य प्रकृतिको मर्मत संभार कार्य व्यक्तिलाई कार्यादेश दिई गरेको र एकतहमाथिको स्वीकृत नलिई, मर्मत संभारमा लाग्ने मालसामान समेत स्वयम व्यक्तिले खरिद गर्ने गरी कार्यादेश दिएकोले ऐन नियमको प्रावधानको पालना भएको छैन । ऐन नियमका प्रावधानको पालना सहित यस प्रकारको कार्यप्रक्रियामा सुधार गर्नुपर्दछ ।

| गो.भा.न\मिति | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ४५\०८०\८\२९ | कृष्णा खड्का | वडा नं. ४ को खाल्टाखुल्टी पुर्ने काम | १०००००.०० |
| १२८\०८०\१०\२१ | कविता राई | शिवशक्ति आ.बि. घेरावेरा तार जाली खरिद | ९९९४१.०० |
| १५३\०८०\११\६ | देबेन्द्र खत्री | वडा ५ कार्यालयको पुर्वतर्फ सडक विस्तार | ५९७२०.०० |
| ३०५\०८१\२\२ | रेखा चौधरी | वडा नं. ८ को स्वास्थ्य चौकी गेट निर्माण | १०००००.०० |
| ३३५\०८१\२\२३ | गिता कुमारी राया | वडा नं. ४ को ग्रिल खरिद वापत | ४७३३६.०० |
| ४९१\०८१\३\२१ | बिष्णु कुमार दनुवार | विभिन्न ईनार ट्याङ्की मर्मत तथा सरसफाई | १०००००.०० |
| ४९९\०८१\३\२३ | बिनय रञ्जन मुडवरी | वडा नं. ४ मा जालिमा ढुगां भर्ने काम | ९७०००.०० |
| ५२२\०८१\३\२४ | रेखा चौधरी | वडा नं. ८ मा घेराबार रंगरोगन कार्य | ७७१९२.०० |
| ५२३\०८१\३\२४ | गिता कुमारी थापा | वडा नं. ४ मा सडक ग्राभेल गर्ने कार्य वापत | १०००००.०० |

## ३२ जटिल संरचना निर्माण

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:-

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २\०८०\६\९ | शिवशक्ति टोल सुरक्षित आवास परियोजना उ.स. | भवन निर्माण(क्रमागत) | ८४५६५०.०० |
| ३\०८०\६\९ | चाँप सुरक्षित आवास परियोजना उ.स. | भवन निर्माण(क्रमागत) | ८९६२५२.०० |
| ७८\०८०\९\२३ | जुटपानी खोला अधुरो कल्भर्ट निर्माण उ.स. वडा-३ | कल्भर्ट निर्माण | २०००००.०० |
| ७८\०८०\९\२३ | कल्भर्ट निर्माण उ.स. वडा-८ | कल्भर्ट निर्माण | २०००००.०० |
| १४०\०८०\१०र२५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र बाँजगारा भवन निर्माण उ.स. | भवन निर्माण | ४०००००.०० |
| १९०\०८०\१२\६ | सप्तरंगी टोलको रविन राईको घर पश्चिम हुमपाईप निर्माण तथा सडक स्तरोन्नती | कल्भर्ट निर्माण | ४०००००.०० |
| २०२\०८०\१२\१६ | कालीखोला खानेपानी ट्यांकी निर्माण उ.स.-१५ | खानेपानी ट्यांकी निर्माण | ३९९९९८.०० |
| २४२\०८१\१\१० | क्याम्पस डाँडा टोल बिकास संस्था वडा -३ | कल्भर्ट निर्माण | ९०००००.०० |
| ३३०\०८१\२\२१ | सगरमाथा टोल ट्याङ्की कल्भर्ट निर्माण उ.स.-३ | कल्भर्ट निर्माण | ५०००००.०० |
| जम्मा | | | ४७४१९००.०० |

३३ **अधुरा आयोजना**

नगरपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रु. ८४५२४५०५.०० का २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्षसम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| बाल मन्दिर मा.बि. बोक्से, उदयपुर | थापा निर्माण सेवा, रामेछाप | ०७८।६।१९ | ०७९।९।२१ | ३४०८०००० | २२७७०७३९ | ६७ |
| पिपल चोक देखि शिवालय टोल हुदै गाईघाट दिक्तेल सडक मर्मत | परफेक्ट कस्ट्रक्सन पिटर बस्नेत | ०७८।७।३ | ०७८।१२।२५ | ५३१८९३१ | ०.०० | ० |
| शाही खोला पुल निर्माण | हिम निर्माण सेवा, थाहाचल | ०७९।११।८ | | ४५१२५५७४.४० | | |
| **जम्मा** | | | | ८४५२४५०५ | | |

३४ **वडा कार्यालयबाट खरिद**

नगरपालिका पुंजीगत- नगरपालिकाको वडास्तरीय कार्यक्रमहरु संचालन अन्तर्गत सामाग्री खरिद तथा वितरणसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा वडा कार्यालय आफै खरिदमा संलग्न भएको देखिन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार वडा कार्यालयलाई छुट्टै खर्च गर्ने इकाईको रुपमा परिभाषित गरेको देखिदैन । सम्पुर्ण खर्चको भुक्तानी तथा लेखा राख्ने , प्रतिवेदन तयार गर्ने, खरिद सामाग्रीको पाम्पसमा जिन्सी दाखिला गर्ने तथा लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी पालिका केन्द्रको रहेको र वडा कार्यालयहरु सो मातहतको सेवा प्रवाह इकाईको रुपमा रहेको सम्बन्धमा वडा कार्यालय स्वयमले खरिद कार्यमा संलग्न हुनु उचित देखिएन । सामाग्री खरिद संग सम्बन्धीत कार्यक्रमहरु पालिका केन्द्रले बार्षिक खरिद योजना अनुसार प्रतिस्पर्धी मूल्यमा खरिद गर्नु पर्दछ । साथै वडाले खरिद गरिएका खर्च नभएर जाने साम्राग्रीहरुको समेत पाम्समा जिन्सी दखिला नदेखिएको अवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३

को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। एकै प्रकृतिका सामाग्री एकै फर्म तथा आपुर्तकबाट सोझै खरिद गरेको रकम नियमसम्मत देखिएन रू.

| गो.भौ.नं. | खरिद आईटम | खरिद संलग्न वडा | भुक्तानी फर्म | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| ४२\०८०\८\२० | ल्याबटप खरिद | वडा नं.७ | ईन्फोटेक सप्लायर्स एण्ड टेड्रर्स, | ८६०००.०० |
| २६६\०८१\१\१७ | ल्याबटप, प्रिन्टर खरिद | वडा नं. ४ | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स, गाईघाट | ७५०००.०० |
| ७३\०८०\९\१८ | सडक बत्ति खरिद कार्य | वडा नं. २ | श्रेष्ठ इलेक्ट्रोनिक सप, उदयपुर | ९८५६६.०० |
| २३४\०८०\१२\३० | सडक बत्ति खरिद कार्य | वडा नं. २ | श्रेष्ठ इलेक्ट्रोनिक सप, उदयपुर | २९६३०२.०० |
| १५०\०८०\११\६ | सडक बत्ति खरिद कार्य | वडा नं.१४ | चाम्लिङ्ग ट्रेडर्स एण्ड सप्लायर्स, उदयपुर | ४२५२६७.०० |
| १६१\०८०\११\१३ | सडक बत्ति खरिद कार्य | वडा नं. ५ | टि एन इन्टरनेशनल, सिरहा | ३८९४९३.०० |
| ३६३\०८१\३\६ | सडक बत्ति खरिद कार्य | वडा नं. ४ | जगदिश ईलेक्ट्रोनिक्स, गाईघाट | ३१९६३०.०० |
| ३७३\०८१\३\७ | सडक बत्ति खरिद कार्य | वडा नं. ८ | टि एन इन्टरनेशनल, सिरहा | ४८४४१६.०० |
| ३९०\०८१\३\९ | सडक बत्ति खरिद कार्य | वडा नं. १० | वास्तु इन्टोरियो एण्ड विल्डर्स, गाईघाट | १९०९१९.०० |
| ३९४\०८१\३\१० | सडक बत्ति खरिद कार्य | वडा नं. १३ | लिला सप्लायर्स, गाईघाट | २९०४२८.०० |
| ३९५\०८१\३\११ | सडक बत्ति खरिद कार्य | वडा नं. ९ | टि एन इन्टरनेशनल, सिरहा | ३७४७४१.०० |
| ४११\०८१\३\१४ | सडक बत्ति खरिद कार्य | वडा नं. ७ | एम ए प्रिन्टर्स, गाईघाट | १८७९०.०० |
| | | | टि एन इन्टरनेशनल, सिरहा | ४६५५६८.०० |
| ४१४\०८१\३\१५ | सडक बत्ति खरिद कार्य | वडा नं. ६ | दास ईन्टरप्राइजेज, उदयपुर | ३५३६४१.०० |
| ५०२\०८१\३\२३ | सडक बत्ति खरिद कार्य | वडा नं. ३ | ओम सप्लयार्स, उदयपुर | ४१९९१७.०० |
| ५२६\०८१\३\२४ | सडक बत्ति खरिद कार्य | वडा नं. १२ | दिप्सा हार्डवेयर एण्ड सप्लायर्स प्रा.ली., उदयपुर | ३८७७०५.०० |
| १८६\०८०\१२\६ | खानेपानी पाइप खरिद | वडा नं. ८ | राजावास सप्लायर्स एण्ड ट्रेडर्स, उदयपुर | १८९३३१.०० |
| २१५\०८०\१२\२८ | कुर्सी, टेबल, कार्पेट | वडा नं. १ | पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड ट्रेडर्स | ९९६६६.०० |
| २१७\०८०\१२\२८ | डेक्स्टप, प्रिन्टर, पेन ड्राइभ आदी | वडा नं. ११ | ईन्फोटेक सप्लायर्स एण्ड टेड्रर्स, | ९८०८४.०० |
| | | | पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड टेड्रर्स, उदयपुर | ५१९१६.०० |
| २२४\०८०\१२\२८ | दराज, टेबल, कुर्सी | वडा नं. ७ | पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड टेड्रर्स, उदयपुर | ८९९४८.०० |
| २२८\०८०\१२\२८ | कृषि मोटर, सिचांई तथा पाइप खरिद | वडा नं. ४ | जगदिश ईम्पेक्स, गाईघाट | १४२७४३.०० |
| २४९\०८१\१\१२ | कुर्सि, पर्दा लगायतका सामाग्र खरिद | वडा नं. ४ | पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड ट्रेडर्स, उदयपुर | ९३११२.०० |
| २८१\०८१\१\२३ | LED TV खरिद | वडा नं. ६ | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स, गाईघाट | २२०००.०० |
| ३३३\०८१\२\२१ | जेन्स, कुर्ता, साडी तथा चोलो खरिद | वडा नं. ५ | प्रति इम्पोरियम, गाईघाट | १९९२०.०० |
| ३३४\०८१\१\२२ | सडक बत्ति खरिद कार्य | वडा नं. १ | प्रिन्सा ईन्टरप्राइजेज प्रा.ली., गाईघाट | १९६३०५.०० |
| ४६६\०८१\३\१९ | ल्याबटप, प्रिन्टर आदी खरिद | वडा नं. ५ | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स, गाईघाट | २८२१४०.०० |

| | | | | |
|---|---|---|---|---|
| १६- भुक्तानी बांकीको योजना | विद्युत मिटर जडान र सडक बत्ती खरिद | वडा नं. ८ | प्रिशा ईन्टरप्राइजेज प्रा.ली. गाईघाट | १९५९२४.०० |
| १७- भुक्तानी बांकीको योजना | विद्युत मिटर जडान र सडक बत्ती खरिद | वडा नं. ८ | श्रेष्ठ ईलेक्ट्रोनिक सप, गाईघाट | १२७४६२.०० |
| जम्मा | | | | ६२८४९३४.०० |

| | |
|---|---|
| अनियमित भएको | ६,२,८४,९३४ |

३५ **वालवालिका प्रोफाइल तयारी तथा प्रकाशन**

६७२-३।२३ नगरपालिका चालु सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम परामर्श सेवाबाट खरिद कार्य गर्दा लागत अनुमान तयार गरी ३ वटाको प्रस्ताव लिइ खरिद गरिनु पर्दछ ।पालिकाले वालवालिका प्रोफाइल तयारी तथा प्रकाशन वापत नेपाल वाङमय प्रतिष्ठानलाई लेखन तथा विश्लेषण वापत रु १८४००० र कार्यालयबाट गणक नियुत्त गरी रु ५२७४२५ समेत रु ६०५९४० खर्च गरेको पाइयो ।उत्त कार्य लागत अनुमान तयार गरी ३ वटाको प्रस्ताव लिइ खरिद गरिनु पर्नेमा सो अनुसार गरेको पाइएन ।पालिकाले वार्ड नं १६ को तथ्याङ्क संकलन नगरी नेपाल वाङमय प्रतिष्ठानलाई लेखन तथा विश्लेषण वापतको रकम भुक्तानी गर्नु नियम सम्मत देखिदैन ।पालिका भरीको डाटा संकलन तथा विश्लेषण नगरी प्रकाशन नगर्नु तथा खरिद प्रकृया पुरा नगरी खर्च लेखेको नियम सम्मत देखिएन रु

| | |
|---|---|
| अनियमित भएको | ६,०५,९४० |

३६ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी जीप ५, व्याकहो लोडर २, सव बाहन १, ट्रयाक्टर ५,दमकल१, ट्रिपर २, पानी टयाङ्कर १ र ट्याप्पो २ समेत चारपांग्रे गाडी १९ र मोटरसाइकल/स्कुटर ५५ समेतलाई यस वर्ष कार्यालय प्रयोजनार्थ रु. ५०,००,०००/- इन्धन पदाधिकारीमा रु ७९,६३,०००/- गरी कुल रु.१,२९,६३,०००/- इन्धन खर्च गरेको छ ।कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

३७ **एक्जाभेटर संचालन खर्च**

पालिकाले यस वर्ष एक्जाभेटर संचालनका लागी तेल खरिद मर्मत तथा तलव भत्तामा रु ३८,५५,५६०/- खर्च गरेको पाइयो ।तर पालिकाले एक्जाभेटरबाट यस बर्ष कुनै पनि आम्दानी गरेको पाइएन ।खर्च अधिक मात्रामा हुनु तर आम्दानी नहुदाँ पालिकाको प्रशासनिक खर्च बढी हुने तर विकास निर्माणमा कम खर्च हुन जाने अवस्था देखिएकोले आम्दानी गर्न प्रयास गर्नु पर्ने देखिन्छ । एक्जाभेटर अधिक मात्रामा पालिकाको सडकको ट्रयाक खोल्ने, मर्मत र बढी पहीरोबाट बिग्रिएको बाटो मर्मत गर्दा बढी खर्च भएको कार्यालयको भनाई रहेको छ।

३८ **निर्देशिका विपरित इन्धन खर्च**

त्रियुगा नगरपालिकाको प्रशासनिक खर्च नियन्त्रण निर्देशिका २०७४ मा नगर प्रमुख लाई प्रति महिन ७० लिटर र उपध्क्षलाई ६० लिटर दिने व्यवस्था छ। निर्देशिकामा भएको व्यवस्था विपरित देहाय अनुसार इन्धन उपलव्ध गराएको ले उत्त खर्च नियमसम्मत नदेखिएकोले यस्तो खर्चलाई नियन्त्रण गर्नु पर्ने देखिन्छ।

उल्लेखित इन्धन मेयर उपमेयरको मात्र नभएर विभिन्न संघ, संस्था तथा व्यतिहरुलाई दिएको तर उत्त रकम मेयर उपमेयरको नाममा रेर्कड भएकोले बढी देखिएको कार्यालयको भनाई रहेको छ।

| पद | पदाधिकारीको नाम | ईन्धन बार्षिक पाउने | भुक्तानी भएको ईन्धन जम्मा लिटर | ईन्धन बढी भुक्तानी | जम्मा ईन्धनको मूल्य औसत रु १७० ले | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|---|
| मेयर | विरेन्द्र वस्नेत | ८४० | ८७३८ | ७८९८ | १७० | १३४२६६० |
| उपमेयर | महेश्वरी राई | ७२० | ५८६५ | ५१४५ | १७० | ८७४६५० |
| | | | | | | २२१७२१० |

## ३९ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविधमा रु. ४४,३९,०००/- खर्च गरेको पाइयो ।पालिकाले अतिथि सत्कारमा रु ९,९९,१६८/-, कार्यालय समयमा चिया नास्त रु ११,४०,२११/- , डेलिगेशन खर्च रु ५,२२,४५१/- र बैठक कार्यक्रममा खाजा रु १२,७४,१७०/- खर्च गरेको विवरण पेश गरेको छ। विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेना गृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खर्च गर्ने गरेको पाइयो।पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

## ४० शिर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ भने अर्थमन्त्रालय एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीएको शिर्षकबाट खर्च लेख्नु पर्दछ ।पालिकाले देहायका खर्च लेख्दा शिर्षक फरक पारी खर्च लेखेको पाइएकोले उत्त खर्च अनियमित देखिएको रु

| भौनं मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १७६-११।१७ | सवारी साधन भाडा | विविध | भाडा | २९००० |
| ३२१-२।४ | कार्यालयमा भएको चिया खाजा | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | विविध | २३१९१५ |
| १३१-७।२१ | कार्यालयमा भएको चिया खाजा | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण | विविध | १५४९४५ |
| २७९-८।२० | इलेक्ट्रिशियनहरुको लागी सेफ्टी सामाग्री खरिद | विविध | कार्यालय सामान | २३५४०२ |
| ३४८-९।२८ | कार्यालय सामान | विविध | कार्यालय सामान | २०१२९८ |
| जम्मा | | | | ८५२५६० |

## ४१ टुक्रा पारी खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले सुचना प्रकाशन सम्बन्धि कार्य विभिन्न पत्रिकाबाट पटक पटक गरी रु ३४,९२,००० सिधै खरिद गरेको देखिएको छ। पालिकाले पत्र पत्रिकामा विज्ञापन छपाई वापत १५ देखी २५ प्रतिशत सम्म छुट लिएको पाइयो । ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य गर्नु पर्ने देखिन्छ।

## ४२ बोलपत्रदातासँग खरिद नगरेको

कार्यालयले मालसामान खरिद गर्दा संझौता बमोजिम खरिद गर्नु पर्दछ ।पालिकाले मसलन्द तथा कार्यालय सामान खरिद गर्न बोलपत्र आहवान गरी न्युन कवोल गर्ने बसाहा इन्टरप्राइजेज सँग मिति २०८०।१२।४ मा संझौता भई मिति २०८०।१२।७ खरिद आदेश भई मिति २०८१।१।२६ मालसामन दाखिला भए पछि पनी टेण्डर पार्ने आपुर्तिकर्ता सँग खरिद नगरी विभिन्न फर्मबाट बढी मुल्यमा खरिद गरेको तथा खरिद गरिएका सामानको स्पेशिफिकेशन समते नखुलाई खरिद गरेको पाइएकोले देहाय बमोजिमको रकम असुल हुनु पर्ने रु

| भौन मिति | सप्लायर्सको नाम | सामानको विवरण | भ्याट सहित खरिद मुल्य | भ्याट सहित टेण्डर मुल्य | बढी भुक्तानी | कुल रकम |
|---|---|---|---|---|---|---|
| ४३७-३।१९ | नरसिंह सप्लायर्स **44804** | इन्डेक्स फाइल १५०पिस | २८२।५ | ११३ | १६९।५० | २५४२५ |
| | | **A** ४ पेपर ४४ रिम | ७३४।५ | ५३६।७५ | १९७।७५ | ८७०१ |
| | | पाइलट पेन ५० पिस | १६२।७२ | ३९।५५ | १२३।१७ | ६१५८ |
| | | डटपेन ५० पिस | १०१।७ | ११।३० | ९०।४० | ४५२० |
| ४४४-३।२१ | लक्ष्मि छापाखाना | डटपेन १०० पिस | १६।९५ | ११।३० | ५।६५ | ५६५ |
| ३७१-३।५ | न्यु राधा इन्टरप्राइजेज | कोरा कपडा ५० मि | ९०।४ | २२।६ | ६७।८० | ३२९० |
| ३५४-२।२५ | लक्ष्मि छापाखाना **46330** | **A** ४ फोटोकपी पेपर ४० रिम | ६२१।५० | ५३६।७५ | ८४।७५ | ३३९० |
| | | इन्डेक्स फाइल ३५० | २१४।७० | ११३ | १०१।७० | ३५५९५ |
| | | कोब्रा फाइल ३०० | ४५।२ | २२।६० | २२।६० | ६७८० |
| ३२३-२।६ | आयुष जेनेरल स्टोर | हार्पिक ५० | १२४।३ | ४५।२० | ७९।१० | ३९५५ |
| | कृति हार्डवेयर एण्ड सप्लार्यस **8823** | हार्पिक ६० | १६९।५० | ४५।२० | १२४।३० | ७४५८ |
| | | डस्टविन ८ | ३९५।५० | २२६ | १६९।५० | १३५६ |
| | हिम शिखर स्टिल फर्निचर्स उद्योग | डस्टविन नर्मल २ | १८०८ | २२६ | १५८२ | ३१६४ |
| ३३४-२।२१ | कार्कि छापाखाना तथा हिमाल दर्शन 32838 | पाइलट पेन १४४ पिस | १४१।२५ | ३९।५५ | १०१।७० | १४६४५ |
| | | खाम सानो २००० | ६।७८ | ३।३९ | ३।३९ | ६७८० |
| | | खाम ठूलो १००० | १३।५६ | ९।०४ | ४।५२ | ४५२० |
| | | मार्कर १०० | ७०।०६ | १।१३ | ६८।९३ | ६८९३ |
| २७८-१।२१ | मंगलामुर्ति छापाखाना **22515** | **A** ४ फोटोकपी पेपर २५ रिम | ६७८ | ५३६।७५ | १४१।२५ | ३५३१ |
| | | ग्लु स्टिक ४० | १३५।६० | २८।२५ | १०७।३५ | ४२९४ |
| | | कोब्रा फाइल १०० | ४५।२ | २२।६ | २२।६० | २२६० |
| | | इन्डेक्स फाइल १०० | २३७।३० | ११३ | १२४।३० | १२४३० |
| | न्यु क्रियटिभ प्रिन्ट एण्ड स्टेशनरी **4237** | डटपेन ५० पिस | २२।६० | ११।३ | ११।३० | ५६५ |
| | | स्पाइरल नोट बुक ५० | ९०।४० | १६।९५ | ७३।४५ | ३६७२ |
| जम्मा | | | | | | १६९९४७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९,९४७ |

४३ **प्रदुषण शुल्क**

उदयपुर सिमेन्ट उधोगले कच्चा पदार्थको किल्न्कर प्रयोगका लागि त्रियुगा नगरपालिका तथा रौतामाई गाउँपालिका अन्तर्गतको क्वारी (उत्खन्न) साईट प्रयोग गरेवापत प्रति बोरा रु १ दरले त्रियुगा नगरपालिकालाई बुझाउने र असुल भएको मध्ये १५ प्रतिशत रौतामाई गाउँपालिकालाई बुझाउनेगरी त्रिपक्षिय सम्झौता गरेको देखियो । सो अनुसार यस वर्ष प्रदुषण शुल्क वापतको रु ८२५३८२।०० असुल भएको देखियो । सम्झौता अनुसार १५ प्रतिशतले हुने रु १२३८०८। रौतामाई गाउँपालिकालाई पठाउनुपर्नेमा पठाएको नदेखिएकोले एकिन गरी पठाउनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२३,८०८ |

४४ **अमानतबाट आम्दानी**

४४.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यवस्था छ । पालिकाले ठेक्का नलागेका खोलाबाट अमानतमा नगदी रसिद अनुसारको रु १४५४७६४२।०० असुली गरेको जनाएको छ । २०८१ श्रावन २०८१ पौष ५ सम्मको नगदी रसिद १ देखि ४३५० मध्ये ४३०० वटा रसिदबाट संकलित ढुङ्गा १४२८ ग्राभेल २५९३ को रु २७९।३० दरले रु वालुवा २३२५ घन मिटरको रु २३९। दरले रु १९६२६१७।०० असुली गरेको छ । २०८१ पौष ५ पछि छापेको नगदी रसिद १ देखि ५५०० मध्ये ५११५० वटा रसिदबाट संकलित ढुङ्गा ३५६ ग्राभेल ३४२१९ को रु २७९।३० दरले रु वालुवा १०६४३ घन मिटरको रु २३९। दरले समेत ४२६२५ घन मीटरको रु १२५८४९२५ र ढूवानी रु ५५ दरले थप रु २३४४३७५।।०० समेत संकलन गरी रु १५५०४५५२।०० असुल हुनुपर्नेमा नगदी रसिद अनुसारको असुली रु १४५४७६४२।०० मात्र देखाएको छ । पेश भएको विवरण अनुसार घटी असुल गरेको रु ९२७९१०।०० एकिन गरी दाखिला गर्नुपर्ने देखिन्छ । रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२७,९१० |

४४.२ विभाज्य कोष

प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा ६ मा प्राकृतिक श्रोत संकलन तथा विक्रि शुल्कको चालिस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै मूल्य अभिवृद्धी कर ऐन, २०५२ बमोजिम सबै प्रकारको कारोबारमा १३ प्रतिशत मू.अ.कर लाग्ने व्यवस्था छ । नगरपालिकाले अमानतबाट ढुङ्गा ग्राभेल वालुवा को बिक्रीबाट रु १४५४७६४२।०० असुल गरेको मध्ये मु अ कर १३ प्रतिशत रु १२०६२८३ र प्रदेश सरकारमा जम्मा गर्नुपर्ने ४० प्रतिशत रु ५३३६५४४।०० समेत जम्मा रु ६५४२८२७।०० सम्वन्धित खातामा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,४२,८२७ |

४५ **जिन्सी दाखिला नभएको**

जिन्सी दाखिला भएको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१११,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६ **अग्रिम कर**

आयकर ऐन २०५८ को दफा ८८ बमोजिम परामर्स सेवा मा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने उल्लेख छ । विना पाण्डेलाई कानुनी परामर्श प्रदान गरे वापत परामर्स सेवा वापत बार्षिक रु ५२४१६० भुक्तानी भएकोमा भ्याट विल पेश नगरेको अवस्थामा रु ७८६२४ कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी भएकोले नपुग कर रु ७३३८१ असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | ७३,३८१ |
|---|---|

४७ **औषधि व्यवस्थापन**

यस कार्यालयबाट खरिद भएका ३ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | गत वर्षको मोज्दात | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| Tab paracetamol 500mg | 4000 | 345100 | 73800 | 422900 | 285900 | 137100 |
| Tab metformin 500mg | 4990 | 67410 | 21500 | 93900 | 90900 | 3000 |
| Tab aluminium hydroxide250mg+magnesium hydroxide250mg | 0 | 41050 | 6000 | 47050 | 43850 | 3200 |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ, भने जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

४८ **सहयोगी सामाग्री**

वितरण गरेको भरपाई पेश भएको ।

( ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **८२४,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४९ **हेमोडाइलासिस सेवा**

आन्तरिक श्रोत ९७-२०८१।३।२४ आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ (१०) अनुसार सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ कार्यालयले "अभरमा नगर" कार्यक्रम अर्न्तगत जिल्ला अस्पताल उदयपुरले सन्चालन गरेको मा हेमोडाइलासिस सेवाको लागि आवश्यक हुने सामान खरिद र भवनको मर्मत संभारका लागि रु.१०,००,०००।- रकम अस्पताललाई निकासा दिएको पाइयो । उक्त कार्यक्रमको लागत अनुमान, खर्च पुष्ट्याई हुने वीलभपाई, कार्यसम्पन्न प्रतिवेदन र अनुगमन निरीक्षण प्रतिवेदन भुक्तानी श्रेस्तामा संलग्न गरेको नदेखिएकोले संलग्न गरि नियमित गर्नुपर्ने रकम रु

| प्रमाण पेश नगरेको | १०,००,००० |
|---|---|

५० **अनुगमन प्रतिवेदन**

अनुगमन गरी सोको प्रतिवेदन पेश भएको ।

( ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **६५०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५१ **बिल भरपाई पेश नभएको**

अनुदान खर्च गरेको प्रमाण पेश भएको ।

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,०७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **विद्यालय अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

५३ **छात्रवृति वितरण कार्यक्रम**

वितरण गरेको भरपाई पेश भएको ।

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **५८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५४ **छात्रवृत्ति**

असुल गरेको प्रमाण पेश ।

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **ज्ञानमाला पुस्तक छपाई**

५५.१ चालु राजश्व वाँडफाँड स्थानिय पाठ्यक्रममा आधारीत ज्ञानमाला पुस्तक कक्षा १ देखी ५ सम्म १२९९६ वटा छपाई वापत जनक शिक्षा समाग्री केन्द्रलाई रु २१,४८,५४४/- भुक्तानी भएकोमा देहाय अनुसार पाइयो।

५५.२ सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नु पर्ने व्यवस्था छ । खरिद गरिएका पुस्तकहरु स्पशिफिकेशन अनुसार भए नभएको परिक्षण रिपोट पेश गरेको पाइएन ।

५५.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार २० लाख भन्दा बढी लागत अनुमान भएका मालसामन खरिद गर्दा बोलपत्रको माध्यमबाट गराउनु पर्ने उल्लेख छ।पालिकाले ज्ञानमाला पुस्तक छपाई ३ वटा सरकारी निकाय जनक शिक्षा समाग्री केन्द्र, प्रज्ञा प्रतिष्ठान र मुद्रण विभागबाट दररेट लिएर न्युन दररेट पेश गर्ने जनक शिक्षा समाग्री केन्द्र खरिद गरेको पाइयो। बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा सो नगरी दररेट लएर खरिद गर्नु नियम सम्मत देखिएन।समय अभावको कारण बोलपत्रबाट खरिद गर्न नसकिएकोले सरकारी निकालयले सरकारी निकायबाट खरिद गरेको कार्यालयको भनाई रहेको छ।

५५.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ। छपाई भएको पुस्तक संख्या १२९९६ भएकोमा वितरण १११९० मात्र वितरण भएकोले बाँकी पुस्तक १८८६ को सामुदायीक स्कुल तर्फ वितरणको भपाई पेश हुनु पर्ने र निजी स्कुलको रकम असुल गरी राजश्व दाखिला हुनु पर्ने रु

| कक्षा | बाँकी किताव | दर | रकम |
|---|---|---|---|
| १ | २५२ | १२७ | ३२००४ |
| २ | ४८९ | १४५ | ७०९०५ |
| ३ | ४२२ | १८५ | ७८०७० |
| ४ | २९८ | १६८ | ५००६४ |
| ५ | ४२५ | १८५ | ७८६२५ |
| जम्मा | | | ३०९६६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०९,६६८ |

## ५६ शिक्षक नियुक्ति

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। चालु समनिकरण अनुदानबाट विद्यालयलाई रकम निकासा गर्दा स्विकृत दरवन्दि, शिक्षक विद्यार्थि अनुपात र शिक्षक नियुक्ति प्रतिस्पर्धात्मक विधिबाट हुनु पर्दछ । वडाबाट यस वर्ष दरवन्दी थप गरी ३३ विद्यालयमा शिक्षक नियुक्त गरी रु ७१७७२१० खर्च लेखेको पाइयो। पालिकाले शिक्षक विद्यार्थि अनुपात विश्लेषण नगरेको , दरवन्दि रिक्त नरहेको र नियुक्ति प्रकृया प्रतिस्पर्धात्मक समेत नदेखिएको साथै शिक्षक नियुक्ति पश्चात विद्यार्थि संख्या थप भए नभएको शैक्षिक गुणस्त बृद्धि भए नभएको विश्लेषण गरेको पाइएन । दरबन्दी स्वीकृत नगरी शिक्षक नियुक्त गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु

| आवि तहका अतिरिक्त शिक्षक | १७५६००० | कैफियत |
|---|---|---|
| मावि तहकाअतिरिक्त शिक्षक | १३१५२१० | |
| पुरान शिक्षक निरन्तरता | ४०९५००० | |
| जम्मा | ७१६६२१० | |

| | |
|---|---|
| अनियमित भएको | ७१,६६,२१० |

५७ **फरक खर्च शिर्षक**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ।पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

| भौचर नं र मिति | खर्च लेख्नुपर्नें शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ३७२।२०८१।०३।२२ | दिवा खाजा कार्यक्रम | शिक्षक तलव भत्ता | ६३००० |

| | |
|---|---|
| अनियमित भएको | ६३,००० |

५८ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार/ राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न ६६ विद्यालय | ५३९ | ५३९ | १७ | २५६७२ |

५९ **करार कर्मचारी चाडपर्व खर्च**

नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निणर्यानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने उल्लेख छ । नगरपालिकाले श्री जनप्रेमी मावि पूर्वटोल जोगिदहका शिक्षक सविना चौधरी लाई मिति २०८०।०४।१९ गते नियुक्ति गरी विद्यालयलाई प्रथम त्रैमासिकको तलव भत्ता रकम भुक्तानी गर्दा शिक्षकको करार अवधि ६ महिना नपुग्दै कार्यालयवाट चाडपर्व खर्च बापत रु ४३,६८९ निकासा भएकोले उक्त भुक्तानी रकम अनियमति भएको रु .

| | |
|---|---|
| अनियमित भएको | ४३,६८९ |

६० **दिवा खाजा**

कार्यक्रम कार्यान्वन पुस्तिका २०८०।०८१ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने । सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ६६ विद्यालयलाई रु १,७८,८४,६७६।०० भुक्तानी दिएको छ । पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट प्रभावकारीरुपमा अनुगमन गर्नुपर्दछ ।

६१ **टोल विकास संस्था गठन तथा संचालन**

६१.१

टोल विकास संस्था गठन गरी संचालन कार्यविधि २०७५ ( शंसोधित २०८० ) अनुसार पालिकाले आ.व. २०६५।६६ देखी सुरु बर्षहरुमा प्रति संस्था ३०००० र २०००० बीउँपूजि उपलब्ध गराएकोमा आ.व.२०८०।८१ देखी रु १०००० उपलब्ध गराउन थालेको पाइन्छ। संस्था गठन भई संचालनमा रहेका ३३० संस्थालाई रु ६४०००००० बीउँपूजि उपलब्ध गराइ संस्थाहरुको कुल आय रु १४१९०४००३ रहेको पाइन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन ।

६१.२ टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु

(क) टोल भित्र बसोबास गर्ने गरीब तथा विपन्न परिवारहरुको गरीबी न्यूनिकरणमा टेवा पुर्याउने ।

(ख) एक टोल एक, उत्पादनको अवधारणा अनुसार सदस्यहरुको बार्षिक विकासका लागि बचत तथा ऋण, आयमुलक, सीपमुलक र उद्यमविकास कार्यक्रमहरु सन्चालन गर्ने।

(ग) बाटो विजुली, सञ्चार , खानेपानी, सरसफाई, शिक्षा, स्वास्थ्य र रोजगार लगायतका आधारभूत सेवा सुविधाहरुमा टोलका सबै परिवारहरुको पहुँच पुर्याउन आवश्यक पहल गर्ने ।

(घ) टीललाई पूर्ण सरसफाई, पूर्ण खोप सुनिश्चित, बाताबरण मैत्री, बाल मैत्री टोलको रुपमा विकास गर्ने।

(ङ) बस्ती टोल स्तरमा सबै संस्था वा निकायहरुको प्रवेश द्वारको रुपमा विकास गर्दै टोनलाई आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक विकासको मूल प्रवाहमा समाहित गराउने ।

(च) टोल विक्रास संस्थालाई बडाभन्दा तल्लो एकाईको रुपमा विकास गरी सहभागीतात्मक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन एवं मूल्याकन प्रक्रियामा सहभागी गराउने।

(छ) नगरपालिका लगायतका सम्बन्धित निकायबाट अनुमति लिई टोल विकास संस्थाको क्षेत्राधिकार भित्र पर्ने सरकारी ऐलानी एवं खानी पर्ती जग्गा लगायतका श्रोत साधनहरुको संरक्षण र उपयोग गर्ने।

( ज ) टोलको सुधार, विकास र व्यवस्थापनका लागि स्थानिय सरकारको प्रचलित ऐन कानुनको परिधि मित्र रही आवश्यक्ता अनुसार दण्ड जरिवाना र पुरस्कारको व्यवस्था गर्ने।

(झ) मेलमिलाप तथा मध्यस्थता अभियान संचालन गरी टोलमा आपसी सद्भाव, समझदारी र शान्ति सुव्यवस्था कायम राख्ने ।

(य) टोल विकास सम्बन्धि हरेक गतिविधिमा पारदर्शिता कायमगरी सुशासनलाई बढावा दिने।

६१.३ टोल विकास संस्था गठन गरी संचालन कार्यविधि २०८०को बुँदा ९ मा टोल विकास संस्थाको २० लाख भन्दा कम पूजिभएका संस्थाको लेखापरिक्षण पालिकाट हुने व्यवस्था भएकोमा आ.व.२०७९।८० मा आंशिकमात्र लेखापरिक्षण भएको र आ.व.२०८०।८१ कुनै पनि संस्थाको लेखापरीक्षण भएको पाइएन ।

६१.४ २० लाख भन्दा बढी कारोवार गर्ने संस्थाहरु प्यानमा दर्ता हुनुपर्ने व्यवस्था रहेकोमा प्यानमा दर्ता भई कारोवार गरेको पाइएन ।

६१.५ संचालन कार्यविधिको बुँदा १२ मा टोल विकास संस्थाको नियमित अनुगमन गर्नु पर्नेमा अनुगमन गरी प्रतिवेदन पेश गरेको पाइएन ।

६१.६

संचालन कार्यविधिको बुँदा १२मा निस्कृय संस्थाहरुको संम्पति कार्यालयको नाममा आउने व्यवस्था रहेकोमा देहायका संस्था निस्कृय रहेको पाइएकोले सो को संम्पति कार्यालयको नाममा ल्याउनु पर्ने देखिन्छ।

| संस्थाको नाम | रकम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| दिनभद्री | १४५०० | सुर्योदय | ३०७५० |
| बगाहा | १३४८३१ | सुर्यशक्ति | ३६०४९ |
| शाहीशान्ति | ४१२५१ | | |

६१.७ संचालन कार्यविधि अनुसार बीउँपूजि बाहेक अन्य अनुदान दिने व्यवस्था नरहेकोमा कार्यालयले वडा टोल विकास संस्थालाई कार्यालय व्यवस्थापन तथा तालिम कार्यक्रम संचालनमा देहायका संस्थालाई रकम भुक्तानी भएको पाइएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु

| भौ.नं. मिति | संस्थाको नाम | रकम |
|---|---|---|
| २३९-१०।१७ | टोल विकास संस्था लेखापरीक्षण | ५०००० |
| ३०५-११।१६ | टोल विकास संस्था बीउँपूजि<br>नवसमृद्व टोल विकास संस्था रु १०००००<br>सचेतना टोल विकास संस्था रु १००००० | २००००० |
| ५१८-११।१६ | टोल विकास संस्था व्यवस्थापन वार्ड नं १५ | १००००० |
| ५२३-३।४ | टोल विकास संस्था व्यवस्थापन वार्ड नं ९ | ९९९२० |
| ६४०-३।२० | टोल विकास संस्था व्यवस्थापन वार्ड नं १० | ८३९२९ |
| २६८-८।२९ | बरुवाटार टोल विकास संस्थावार्ड नं ११ | १००००० |
| जम्मा | | ६३३८४९ |

| अनियमित भएको | ६,३३,६४९ |
|---|---|

## ६२ **सडक निर्माण सुपरिवेक्षण तथा परामर्श सेवा**

६२.१ सडक निर्माण सुपरिवेक्षण तथा परामर्श सेवा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँग भएको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ । नगरक्षेत्र भित्रको ९९२९ मिटर र सागरमाथा कृषि बजार सडकको ४७१७ मिटर सडक कालोपत्रे तथा दुवै साइडमा ड्रेन निर्माण लगायतका कार्य गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित २ आयोजनाको लागि SERVICE FOR Design and Supervision Consultant (DSC) Triyuga Contract No. NP-DUDBC-26329-CS-QCBS Design and Supervision Consultant नियुक्ति गर्ने कार्यका लागि समयमा आधारित परामर्श सेवाका लागि ७ सेप्टेम्वर २०२२ देखी लागु हुने गरी परामर्शदाता बोटेक-जिओईसि जेभिसँग २४ महिना अवधिका लागि रु ३,५५,९२,७४०।०० (मुअकर समेत) भुक्तानी गर्नेगरी सम्झौता भएकोमा यो बर्षको अन्त्यसम्म उक्त परामर्शदातालाई रु ५२,७३,०८०।६४ मुल्य समायोजन समेत रु २६६७८३५४।२४ भुक्तानी गरेको छ । यो बर्ष सुपरीवेक्षण गर्नुपर्ने आयोजनाको सहरी विकास तथा भवन निर्माण विभागले ठेक्कको पुनःमूल्याङ्कन तथा पेश्की दिने बाहेक कुनैपनी काम नभएको अवस्थामा रु २६६७८३५४।२४ भुक्तानी भएको छ । समयमा आधारित परामर्श सेवा लिएको कारण उक्त योजनाको समयमा सम्पन्न

नभएमा परामर्श सेवाको लागत वृद्धि हुन जाने देखिन्छ । यस सम्वन्धमा पालिकाले इनपुटका आधारमा भुक्तानी गर्नेगरी परामर्श सेवा लिनुपर्ने देखिन्छ ।

जनसहभागिता सहितको जनचेतना तथा जनसरोकारको विषयमा नगरक्षेत्र भित्रको सडक स्तरोन्नती कार्य खण्डको रु १७०००००।०० र सागरमाथा कृषि बजार सडक खण्डको रु २००००००।०० बजेट विनियोजन भएकोमा सो कार्यको कार्य प्रगति विवरण वेगर सो कार्यमा खटीएका सामाजिक अभियान्ता परामर्शदाता सुनिता मान्नधर तथा बिजय पौडेललाई रु ८८००००।०० भुक्तानी गरेकोमा सो कार्य गरेको प्रगति प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा कार्ययोजना सहित कार्य प्रगति पेश नभएकोले हालसम्मको प्रगति पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८०,००० |

६२.२ परामर्शदातासंग सम्झौता अनुसार नियुक्ति मितिको १ वर्ष पछिबाट मूल्य समायोजन गणना गरी दिने गरी सम्झौता गरेको छ । परामर्शदाता टिमलिडर राम चिरत्र मण्डल २०७९ भदौ २२ देखि २०८०।२।२५ सम्म ९ महिना र जिवन बहादुर प्रधान २०८०।२।३२ दर्खि २०८१।३।१५ सम्म परामर्शदाता फेरबदल गराएको छ । निजहरुलाई भुक्तानी दिदा सम्झौता अनुसार सोही मितिको १ वर्ष पछिबाट मूल्य समायोजन गणना गरी भुक्तानी दिनुपर्नेमा नियुक्ति मिति देखिकै गणना गरी मुल्य समायोजन रू.३७१०००।०० भुक्तानी गरेको देखिएको छ । बढी भुक्तानी गरेको रू ३७१०००।०० मूल्य समायोजन पाउने आधार पेश गर्ने अन्यथा एकिन गरी असुल गर्नुपर्दछ ।रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७१,००० |

६२.३ अफिस व्यवस्थापन खर्च

८४।२०८१।३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सम्झौताको बिओक्यूमा आईटम नं B 3 मा अफिस सञ्चालन खर्च व्यवस्था राखि भुक्तानी गरेको अवस्थामा पुन जम्मा भुक्तानीको ४ प्रतिसत ७५७७०८।०० खर्च लेखेकोले दोहोरो नभएको एकिन गर्ने अन्यथा असुल हुनुपर्ने देखिन्छ ।

रनिङ बिलको भुक्तानी गर्दा अघिल्लो रनिङ बिलमा भुक्तानी भएको रकम घटाई वास्तविक भुक्तानी गर्नुपर्ने रकम मात्र चालु बिलबाट भुक्तानी गर्नुपर्दछ । दोश्रो रनिङ्ग विल सम्म रु २०१८७१३३।६० भुक्तानी गरी तश्रो रनिङ्ग विलमा १६६२६५०३।६० जिम्मेवारी सारेको देखिएकोले घटी जिम्मेवारी सारी रु ३५६०६३०।०० बढी भुक्तानी गरेको एकिन गर्ने अन्यथा असुल हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,६०,६३० |

६२.४ धरौटी कट्टा गरेको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९४७,१३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३ **जनप्रतिनिधि र कर्मचारीका लागी नेतृत्व विकास,सकारात्मक सोच र नगरपालिका संचालन विधि सम्बन्धि प्रशिक्षण कार्यक्रम**

६३.१

२२९-६।२४ चालु आन्तरिक श्रोत सहायक चौथो उमेश घिमिरेलाई जनप्रतिनिधि र कर्मचारीका लागी नेतृत्व विकास,सकारात्मक सोच र नगरपालिका संचालन विधि सम्बन्धि प्रशिक्षण कार्यक्रमको लागी उपलब्ध गराएको रु १००००० पेश्की फर्छयौट गरी थाप रु ३९६४०४ भुक्तानी भएकोमा देहाय अनुसार पाइयो ।

६३.२ जनप्रतिनिधि र कर्मचारीका लागी नेतृत्व विकास,सकारात्मक सोच र नगरपालिका संचालन विधि सम्बन्धि प्रशिक्षण कार्यक्रम मिति २०८०।५।१८ र १९ गते संचालन भएकोमा त्रियुगा नगरपालिका प्रशासनिक खर्च नियन्त्रण निर्देशिका २०७६ मा सहजकर्ता पारिश्रमिक प्रति कक्षा रु १४०० र कार्यपत्र वापत रु २००० दिन सकिने उल्लेख भएकोमा पालिकाले देहायका प्रशिक्षकलाई निर्देशिका विपरित बढी भुक्तानी दिएकोले असुल हुनु पर्ने रु

| नाम | भुक्तानी रकम | पाउने रकम | बढी भुक्तानी कर कटाई |
|---|---|---|---|
| बाह्यय प्रशिक्षक कृष्णहरि बास्कोटा | ५०००० | **३४००***८ कक्षा=**२७२००** | १९३८० |
| बाह्यय प्रशिक्षक काशिराज दाहाल | ५०००० | ३४००*७कक्षा =२३८०० | २०२३० |
| बाह्ययप्रशिक्षक जर्नादिन गौतम | १०००० | ३४००*२कक्षा =६८०० | २७२० |
| जम्मा | | | ४२३३० |

| असुल गर्नुपर्ने | ४२,३३० |
|---|---|

६३.३ तालिममा ९६जना सहभागी भएकोमा स्टेशनरीमा रु १०० ले रु ९६०० मात्र खर्च गर्न सकिनेमा रु १५० का दरले रु १४४०० भुक्तानी भएकोले बढी भुक्तानी रु ४८०० असुल हुनु पर्ने रु..

| असुल गर्नुपर्ने | ८,४०० |
|---|---|

६३.४ प्रशिक्षण कार्यक्रम १ दिनमा ४ वटा सम्म कक्षा लिने र १ कक्षाको समय १ घण्टा ३० मिनेट हुने व्यवस्था भएकोमा ३ जना प्रशिक्षकको प्रशिक्षण अवधि १ घण्टामात्र राखेको पाइएकोले निर्देशिका विपरित देखिएको छ।

## ६४ **जिन्सी तथा सम्पत्ति व्यवस्थापन**

६४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा गत आव भौतिक परीक्षण गरि नपुग भएका सामाग्री यस आवमा पनि सोही अवस्थामा नै रहेको, गत आवमा भौतिक परिक्षण हुँदा नपुग भएका मालसामान सम्बन्धमा कार्यपालिका बैठकबाट उपसमिति गठन गरेतापनि जिन्सी सामाग्रीको यथार्थ अवस्था यकिन हुन नसकेको, त्रियुगा र बरुवा बसपार्कमा रहेका टुटेफुटेका सामाग्री लिलाम कार्यवाही हुन नसकेको, जिन्सी खातामा आम्दानी जनाईएका सामाग्री वा मालसामान गिन्ति गर्दा नपुग भएकोले सो विषयमा गत वर्षको जिन्सी निरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको व्यहोरा समेत उल्लेख गरी असुल उपर गराउनुपर्ने गरी प्रतिवेदन गरेको छ । अत: जिन्सी बरबुझारथ र जिम्मेवारी व्यवस्था सहित खरिद भएका जिन्सी सामाग्री सम्बन्धमा आवश्यक छानविन र खोजतलास गरी जिन्सी अद्यावधिक गर्नुपर्ने देखिएको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित रुजु नभएका सामाग्री, यथार्थ मौज्दात र कैफियतमा जनाईएका व्यहोरा समेतलाई ध्यान दिई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ

६४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फाराम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस पालिका अन्तर्गतका साविक नगरपालिका र गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । पालिका अन्तर्गत PAMS मा प्रविष्ट भएका सामाग्रीको विवरण बमोजिम (मुख्य सामाग्रीलाई अनुसूचीमा समावेश गरिएको) अन्य विषयका अतिरिक्त प्रतिनिधि उदाहरणका रुपमा निम्नानुसार व्यहोरा देखिएको र अनुसूचीमा संलग्न सामाग्री जिम्मेवारी, खरिद, खर्च र मौज्दात मात्रा तथा अवस्थामा आश्वस्त हुन नसकिएकोले जिन्सी अद्यावधिक प्रयोजन एवं खरिद भएका सामाग्री हिनामिना मस्यौट भए नभएको यकिन गर्न आवश्यक छानविन गरी टुँगो लगाउनुपर्ने देखिएको छ :

६४.३ ल्यापटप : पालिका अन्तर्गत वडा कार्यालयहरुले समेत ल्यापटप, प्रिन्टर, सफ्टवेयर लगायतका सामाग्री खरिद गर्ने गरेको तथापि त्यसप्रकारका खर्च भएर नजाने जिन्सी अभिलेख पालिकामा अद्यावधिक नभै एकिकृत रुपमा अभिलेख व्यवस्थित हुने गरेको छैन । जिन्सी निरिक्षण प्रतिवेदन अनुसार १८९ वटा ल्यापटप खरिद भएकोमा ६८ वटा मात्र मौज्दात परिक्षणबाट एकिन भएको देखिएकोले १२१ वटाको मौज्दातमा नदेखिएकोले उत्त ल्यापटपको अवस्था यकिन गर्नुपर्ने देखिन्छ ।

गत वर्षको लेखापरिक्षणबाट समेत वेरुजु औंल्याएकोमा प्रतिवेदनको कार्यान्वियन गरेको पाइएन ।

६४.४ मोबाईल : जिन्सी निरिक्षण प्रतिवेदनमा गत विगतका ११ थान मोबाईल उल्लेख भएको मा ९ वटा रुजु नभएको पाइएकोले कस्को लापरवाहीको कारण जिन्सी अद्याविधक नभएकोहो पत्ता लगाई जिन्सी खातामा आम्दानी बाधनु पर्ने देखिन्छ।

गत वर्षको लेखापरिक्षणबाट समेत वेरुजु औंल्याएकोमा प्रतिवेदनको कार्यान्वियन गरेको पाइएन ।

६४.५ प्रिन्टर : जिन्सी निरिक्षण प्रतिवेदनमा प्रिन्टर १७९ मध्ये ६८ मात्र रुजु र १११ रुजु नभएको उल्लेख भएको तथा लेखापरीक्षणमा पेश भएको विवरण बमोजिम २८ प्रिन्टरको मात्र प्रयोग भैरहेको शाखागत विवरण पेश भएबाट आधिकारीक विवरण यकिन गरी पेश गर्नुपर्ने देखिएको रु

गत वर्षको लेखापरिक्षणबाट समेत वेरुजु औंल्याएकोमा प्रतिवेदनको कार्यान्वियन गरेको पाइएन ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,९५,४२४ |

६४.६ मोटरसाईकल : जिन्सी निरिक्षण प्रतिवेदनमा ४४ मोटरसाईकल रहेको र ८ को श्रोत यकिन नभएको कैफियतमा उल्लेख भएको पाइएको तथा गत बर्षको जिन्सी निरिक्षण प्रतिवेदनमा ४७ वटा मौज्दात देखाइ ९ वटाको श्रोत यकिन नभएको विवरण पेश भएकोमा यर्थात विवरण पेश पेश हुनु पर्दछ।

गत वर्षको लेखापरिक्षणबाट समेत वेरुजु औंल्याएकोमा प्रतिवेदनको कार्यान्वियन गरेको पाइएन ।

६४.७ साईकल : पालिकामा रु ७६१०० बराबरको १ हेभी साईकल सहित ४६ साईकल मध्ये ३ हस्तान्तरण भई ४३ बाँकी रहेको विवरण जिन्सी निरिक्षण प्रतिवेदनमा समावेश भएतापनि ३८ रुजु नभएको विवरण पेश गरेको पाइएकोले बाँकीको अवस्था यकिन गरी हेभी साईकलको स्पेशिफिकेसन सहित प्रमाण पेश हुनु पर्दछ।

गत वर्षको लेखापरिक्षणबाट समेत वेरुजु औंल्याएकोमा प्रतिवेदनको कार्यान्वियन गरेको पाइएन ।

६४.८ सामी परियोजनाको कर्मचारी जयन्ती तामाङ्गले मुल्य नखुलाइएको ल्यापटप बुझिलिएकोमा हालसम्म पनि पालिकामा बुझाएको नपाइएको ।

६४.९ नगरपालिकाले पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदनको कैफियत बुँदामा ९ वटा सिलाइ मेशिन सम्वन्धित समुहलाई हस्तान्तरण नभएको भनी उल्लेख भएकोमा हस्तान्तरण गरेको पत्र पेश हुनु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,२०० |

६४.१० वडा कार्यालयबाट खरिद भएका देहायका मालसामान पालिकाको Pams System मा दाखिला नभएको रु

भौ.नं. मिति वडा कार्यालय विवरण रकम

६४-७।२३ १५ Dell laptop ८०००० 

१९५-९।२६ १४ Desktop computer, printer ९८३१०

२१२-१०।७ १० Dell laptop ६५०००

२४३३१०

साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो गरेको छैन । पालिकाको सम्पति, जिन्सी र अभिलेख व्यवस्थालाई पारदर्शि तथा यर्थातपरक बनाउनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४३,३१० |

## ६५ अग्रिम कर

आन्तरिक श्रोत ५२४-२०८१।३।२९ आयकर ऐन २०५८ को दफा ८७ बमोजिम भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ। कार्यालयले आ.व. को अन्त्यमा निर्मित सार्वजनिक सम्पतिको मर्मत सभार खर्च शीर्षक (२२२३१) वाट खर्च लेखि महिला जन प्रतिनिधीहरुको क्षमता विकास तालिम सन्चालन गर्दा भएको जम्मा खर्च रु.१,६३,७८५१- रकम भुक्तानी दिएको पाइयो । उक्त तालिम कार्यक्रम सन्चालन गर्न सम्बन्धित शीर्षकमा बजेट विनियोजन नगरी फरक शीर्षकबाट खर्च लेखेको रकम नियमसंगत नदेखिएको साथै उक्त तालिम सन्चालन गर्दा ३४ जना सहभागिहरुलाई भत्ता वितरण गर्दा नियमानुसार कट्टा हुनु हुनु पर्ने १५% पारिश्रमिक कर कट्टा नगरी भुक्तानी दिएको देखिएकोले पारिश्रमिक कर असूल गरी राजस्व खाता जम्मा गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८५० |

## ६६ फोहरमैला व्यवस्थापन

६६.१

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गर्न डम्पिङ्ग साईट निर्माण गर्न संघीय सरकारबाट गत वर्ष रु २ करोड ४९ लाख विनियोजन भएकोमा रु १ करोड ७७ लाख र यसवर्ष फोहोरमैला व्यवस्थापन (डम्पिङ साइट) निर्माण क्रमागत योजनामा रु ८० लाख विनियोजन भएकोमा रु ८६६९१९।०० खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन ।

फोहोरमैला व्यवस्थापन (डम्पिङ साइट) वडा नं १२ विस्नपुरमा पूर्वाधार निर्माणगर्न रु ८ करोड ९९ लाख ९७ हजारको डिपिआर तयार गरी पालिका समेतको साझेदारीमा बजेट सुनिश्चितता गरी संघीय सरकारबाट गत वर्ष रु २ करोड ४९ लाख विनियोजन

भएकोमा पानी ट्याङ्कर १ थान ट्राक्टर २ थान व्याकलोडर १ थान मिनी टिप्पर का साथै रोलर र तीन चक्के गुड्स कयारियर समेतका सवारी साधन खरिद गरि रु १७५९७९५८।०० खर्च गरेको देखियो । यसवर्ष फोहोरमैला व्यवस्थापन (डम्पिङ साइट) निर्माण क्रमागत योजनामा रु ८० लाख विनियोजन भएकोमा डम्पिङ साइट निर्माण स्थलका लागि छुट्याएको जग्गालाई क्रिकेट रंगशाला निर्माण गर्न हसतान्तरण गरेको जग्गामा रु ८६६९१९।०० मा घेरावेराको कार्य मात्र गरी बाँकी बजेट रकम फ्रिज भएको देखियो । घेरावारा कार्यमा रु ८६६९१९।०० खर्च गर्नु पूर्व कार्यपालिकाबाट योजना अनुमोदन तथा लागत अनुमान स्विकृति समेत भएको देखिएन । डम्पिङ साइट पूर्वाधार निर्माणगर्न छुट्याईएको रकमबाट पूर्वाधार निर्माण नगरी असम्वन्धित कार्यमा खर्च गर्दा समेत पूर्वाधार निर्माण कार्य निरन्तर प्रगति भई रहेको रिपोर्टिङ्ग गर्ने गरेको सम्वन्धमा छनविन गरी डम्पिङ साइट पूर्वाधार निर्माणको सुनिश्चितता हुनुपर्ने देखिन्छ ।

६६.२ फोहरमैला ब्यबस्थापन ऐन, २०६८ ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला ब्यबस्थापन बापत प्राप्त रकम स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको ब्यबस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला ब्यबस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले फोहरमैला संकलनका लागि ३६ जना नगर सरसफाई कर्मचारीको तलव, ईन्धन, मर्मत तथा सरसफाई सामाग्री खरिद समेतमा रु १ करोड भन्दा बढी खर्च गर्ने गरेको देखिन्छ । कार्यपालिकाको निर्णयबाट फोहरमैला संकलन शुल्क प्रति घरधुरी रु २५०।०० प्रति महिना तोकेपनि हालसम्म कुनै आम्दानी गर्ने गरेको देखिएन । पालिकाको थप आय बढाउन यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ६७ साना सिचाई आयोजना

साना सिचाई आयोजना अन्तर्गत यस पालिकामा साझेदारी लगानी आयोजनामा खर्च गर्दा संझौतामा उल्लेखित अनुपात अनुसारको श्रोतवाट खर्च लेख्नु पर्दछ। समुदायमा आधारित साना सिंचाई आयोजना सञ्चालनका लागि साझेदारी लगानी सम्झौतामा व्यवस्था भए अनुसार कुल लागतमा उपभोक्ता, स्थानिय सरकार, प्रदेश सरकार, सघिय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमश १०,२०, २०, २० र ३० प्रतिशत रहेको मा सम्झौता अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा आयोजनाको श्रोतगत खर्चको हिसाब मिलान भएको देखिएन। पालिकाले यो बर्ष संचालित विभिन्न १३ योजनामा रु.२५०७४२५५।०० भुक्तानी गर्दा सम्झौता अनुसार प्रदेशले व्यहोर्नु पर्ने भन्दा रु १०१०५२८।०० घटी व्यहोरेको तथा र नेपाल सरकार तथा स्विस सहयोगको व्यहोर्नु पर्ने भन्दा क्रमश रु १०८५०००।०० तथा रु १५७२८८६।०० बढी व्यहोरेकोले सम्झौताको शर्त अनुसार लागत साझेदारी भएको प्रमाण पेश हुनुपर्ने देखिन्छ । नेपाल सरकार तथा स्विस सहयोगको बचत रकम रु २६५७८८६।०० फिर्ता गर्नुनपर्ने भए पेश गर्ने अन्यथा संघीय संचित कोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| सिन | विवरण/ स्रोत | नेपालसरकार२०% | स्विस३०% | प्रदेशसरकार२०% | नगरपालिका २०% | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | भुक्तानीरकम | ६०९९८५१ | ९०९५१६३ | ४००४३२३ | ५८७४९१८ | २५०७४२५५ |
| २ | भुक्तानीगर्नुपर्ने | ५०१४८५१ | ७५२२२७७ | ५०१४८५१ | ५०१४८५१ | २५०७४२५५ |
| ३ | न्युन/ वढि | -१०८५००० | -१५७२८८६ | १०१०५२८ | १६४७३५८ | ० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,५७,८८६ |

### ६८ नगरक्षेत्र भित्रको सडक कालोपत्रे तथा स्तरोन्नती

६८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(3) मा निर्माण स्थलको व्यबस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यबस्था छ । नगरपालिकाले नगरक्षेत्र भित्रको ९९२९ मिटर सडक कालोपत्रे गरी स्तरोन्नती कार्य वापत र सागरमाथा कृषि बजार सडकको ४७१७ मिटर सडक कालोपत्रे तथा सडकको दुवै साइडमा ड्रेन निर्माण लगायतको कार्य २ प्याकेजमा गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित २ आयोजना संचालन गर्न २०८०।१२।३० मा देहाय बमोजिम सम्झौता गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन ।

| ठेक्का नं | लागत अनुमान | सम्झौता रकम | यस वर्षकोभुक्तानी रकम | पेश्की रकम | बैक जमानत |
|---|---|---|---|---|---|
| NP-DUDBC-401454-CW-FRB सागरमाथा कृषि बजारसडक कालोपत्रे गर्ने | २४९५३२४२७ | २०३८४८२७८।८१ | ११७९४४६२।४४ | २४५६६००० | १४३१९५६० |
| NP-DUDBC-401455-CW-FRB नगरक्षेत्र भित्रको सडक स्तरोन्नती कार्य | ५७७०७५७१८ | ४५६१६२८६२।८५ | ३२७२४७३१।८२ | ५३९५०००० | ३८७९८८५० नविल बैंक |
| **जम्मा** | | **६६००१११४१।६६** | **४४५१९१९४।२६** | **७८५१६०००** | |

नगरपालिकाले नगरक्षेत्र भित्रको ९९२९ मिटर सडक कालोपत्रे गरी स्तरोन्नती गर्ने कार्य वापत र सागरमाथा कृषि बजार सडकको ४७१७ मिटर सडक कालोपत्रे तथा दुवै साइडमा ड्रेन निर्माण लगायतका कार्य गर्न सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विश्व वैङ्कको ऋण सहयोगमा संचालित २ आयोजना नगरक्षेत्र भित्रको ९९२९ मिटर सडक कालोपत्रे गरी स्तरोन्नती गर्ने कार्य वापत र सागरमाथा कृषि बजार सडकको ४७१७ मिटर सडक कालोपत्रे तथा दुवै साइडमा ड्रेन निर्माण गरी स्तरोन्नती कार्य गर्न निर्माण व्यवसायी आशिष/आशीर्वाद/स्वामिनारायण जे.भी.संग २०८२।३।१८ मा कार्य सम्पन्न गर्नेगरी २०८०।१२।३० मा रु ६६००१११४१।६६ को सम्झौता गरी २०८१ आषाढ मसान्त सम्ममा पेश्की रु ७८५१६०००।०० र प्रथम रनिङ्ग विल रु ४४५१९१९४।२६ भुक्तानी गरेको देखियो ।

६८.२ कार्य प्रगति - कार्यक्रम अपडेट गरेको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६८.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा लागत अनुमान अनुसार कार्य भए नभएको एकिन गरी बास्तविक नापीका आधारमा भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले नगरक्षेत्र भित्रको ९९२९ मिटर तथा सागरमाथा कृषि बजार सडकको ४७१७ मिटर सडकको दुवै साइडमा ड्रेन निर्माण लगायतका कार्यको भुक्तानी गर्दा लागत अनुमानमा रहेको सडकको दुवै साइडमा ड्रेन निर्माण लगायतका कार्यको भुक्तानी गर्दा दुई स्लाव प्रिकास्टको बिचको ग्यापमा रहेको डण्डि र पिसिसि कार्यको समेत गणना गरी भुक्तानी भएकोले डण्डिको ३६६० केजीको रु १०५०००।०० दरले र पिसिसि ११४ घन मिटर को रु ११००० दरले जम्मा रु १६३८३००।०० बढी भुक्तानी भएको सम्वन्धमा एकिन गरी निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ । रु

सवबेसको परीमाणमा साविकमा प्रयोग भएको सववेसको परीमाण नघटाई लागत अनुमान तयारी गरेको कार्यालयलाई थप व्ययभार पर्नेगरी सम्झौता गरेको देखिएको छ । सववेसको पुन प्रयोग गर्न सकिने परीमाण घटाई लागत अनुमान तयार नगरेकोले कार्यालयलाई रु २४८००००।०० थप व्ययभार पर्नेगरी सम्झौता गरेको देखिएकोले भुक्तानी हुने विलबाट सो परीमाण कट्टा गरी मितव्ययी हुनेगरी निर्माण कार्य गर्नुपर्दछ।

| प्रमाण पेश नगरेको | १६,३८,३०० |
|---|---|

६८.४ **प्रोभिजनल समबाट भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा सम्झौताको शर्त पूरा गरेर मात्र भुक्तानी गर्नुपर्ने, सडक विभागको २०७३।३।५ को परिपत्रमा प्रोभिजनल समबाट खर्च गर्नुअघि अनिवार्यरुपमा लागत अनुमान स्वीकृत गर्नुपर्ने, खर्चको बिल भरपाई पेस गर्नुपर्ने उल्लेख छ । साविकमा भएको खानेपानी विद्युत सिचाई टेलिफोन तथा

ईन्टरनेट र फुटपाथ समेत पूर्वाधारहरु भत्काउदा तथा सार्दा नगरक्षेत्र भित्रको सडक स्तरोन्नती कार्य खण्डको रु २१८३८१३८।०० र सागरमाथा कृषि बजार सडक खण्डको रु १६८३१५६८।४२ समेत पि एस आईटमको जम्मा रु ३८६६९७०६।४२ भुक्तानी गर्दा सो पूर्वाधारहरु भत्काउदा तथा सार्दा र पुन प्रयोग हुने पूर्वाधारहरु एकिन गरी लाग्ने खर्चको लागत अनुमान जिल्ला दररेट भन्दा बढी दरले तयार गरेको देखियो । पि एस आईटमको खरिद कार्य प्रतिस्पर्धागरी मितव्ययी तरिकाले खर्च भएको विल भर्पाई नापी किताव सहितको कार्य सम्पन्न पेश नभएकोले पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१८,३८,१३८ |

## ६९ हेभी इक्युपमेन्टको प्रयोग

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्धेश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।नमुना छनौटका रुपमा श्रेस्ता परीक्षण गर्दा पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नपाइएको केही उदाहरणहरूः-

| गो भा न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्यांकन | भुक्तानी | मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| १७१ | तल्लो हुवास गोकुल गैरा सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | २३६८८३.०० | १९२०००.०० | १८३०००.०० |
| १९९ | सुनुवा सुकुनाई खोला नियन्त्रण उ.स. वडा -२ | माटो खन्ने कार्य | २२६०५१.०० | १९२०००.०० | १७६०१२.४१ |
| २०९ | पहार कुना ढोडे सडक निर्माण उ.स.-१५ | सडक निर्माण | १७०४५०.०० | १४४०००.०० | १५००७९.६२ |
| २११ | चिलाउने भञ्ज्याङ्ग कुन्ते सडक निर्माण उ.स.-१५ | सडक निर्माण | २३२३५८.०० | १९२०००.०० | १८७५७५.०० |
| २८२ | रानीबास बेतेनी सडक मोड सुधार उ.स.-१५ | सडक निर्माण | ३४३२२२.१३ | २८८०००.०० | २८४७६०.०० |
| जम्मा | | | | १००८०००.०० | ९८१४२७.०३ |

## ७० पार्टी भुक्तानी

नगरपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात सलंग्न हुनुपर्ने छ भनी उल्लेख गरिएको छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा नगरपालिकाले निर्माण कार्य तथा विभिन्न सामाग्री खरिद गर्दा निर्माण कार्यको हकमा उपभोक्ता समितिसंग सझौता गरी व्यक्तिलाई भुक्तानी र खरिद कार्यको हकमा सम्बन्धित फर्म तथा पार्टीबाट खरिद गरी व्यक्तिलाई भुक्तानी गरेको छ । उपभोक्ता समिति तथा पार्टी भुक्तानी नगरी असम्बन्धित व्यक्तिलाई भुक्तानी गर्दा आर्थिक अनुशासनको पालना भएको देखिएन ।अतः यस्तो खर्चलाई नियमसम्मत मान्न सकिएन रु.

| गो.भा.न | शिर्षक | कार्य | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९० | जनतासंग मेयर कार्यक्रम | सडक निर्माण | रमेश चौलागाई | ५००००.०० |
| १५२ | जनतासंग उपमेयर कार्यक्रम | मन्दिर मर्मत | नेत्रराज खड्का | ५००००.०० |
| ३७६ | जे.सि.बि. ईन्धन खर्च | बाटो निर्माण | दल ब. दनुवार | ९९७५२.०० |
| ४२९ | मर्मत संभार कोष | खरिद कार्य | अन्जना कार्की | ५२०००.०० |
| ४१८ | मर्मत संभार कोष | खरिद कार्य | कुमार सिंह थापा | ३२०००.०० |
| ४५१ | मर्मत संभार कोष | खरिद कार्य | केशर कुमारी मगर | ९००००.०० |
| ४५२ | मर्मत संभार कोष | खरिद कार्य | रित कुमार राउत | १९७००.०० |
| ५१० | मर्मत संभार कोष | खरिद कार्य | अन्जना कार्की | ३६०००.०० |
| ५१३ | जनतासंग मेयर कार्यक्रम | खरिद कार्य | उमेश घिमिरे | ९७९४२.०० |
| जम्मा | | | | ५२७३९४.०० |

| | |
|---|---|
| अनियमित भएको | ५,२७,३९४ |

७१ **रोयल्टी कट्टा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यबस्था छ । नमुना छनौटका रुपमा परिक्षण गर्दा नगरपालिकाले देहाय बमोजिमका निर्माण कार्यको लागत अनुमान तयार गर्दा दर बिश्लेषणमानै ढुगां, गिट्टी, बालुवा र माटोमा कर तथा रोयल्टी थप गरी लागत अनुमान तयार गरेको छ र सो अनुसार कार्यसम्पन्न गरी फर्म तथा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उक्त उपभोक्ता तथा निर्माण व्यबसायीलले कर तथा रोयल्टी वापत थप भएको रकम बराबर कर तथा रोयल्टी शुल्क तिरेको प्रमाण संलग्न रहेको नदेखिएको हुदा सम्बन्धित निर्माण व्यबसायी तथा उपभोक्ता समितिले रोयल्टी तिरेको प्रमाण पेश हुनुपर्दछ । अत: पालिकाले दर बिश्लेषण गर्दा बास्तविक्ता तथा मितव्ययीताको आधारमा गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

| गो.भा.न. | योजना | भुक्तानी पाउने | भुक्तानी रकम | रोयल्टी रकम |
|---|---|---|---|---|
| २०६ | केन्द्रिय टोल बिकास नाला निर्माण | केन्द्रिय टोल बिकास नाला निर्माण उ.स. | ४८०००० | ९५४२ |
| १२९ | जरायो खोला स्ल्याब कल्भर्ट संरक्षण | तुलसी निर्माण सेवा, उदयपुर | ४७९८९९ | १८२६१ |
| ४७७ | फर्सेट तेलिया खोला विन्दाबासिनी लिम्बुटोल ह्युमपाईप तथा कल्भर्ट निर्माण | डि.आर. कन्स्ट्रक्सन उदयपुर | ३९११८२ | १००४४ |
| जम्मा | | | | ३७८४७.०० |

७२ **नापी तथा कार्यस्वीकार बेगर भुक्तानी**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले ठेक्का नं. TM-UDA-NCB-WORKS-23/2079/80 होक्सेखोला ट्रष्ट पुल निर्माण(क्रमागत) रू.२१,४४,५७८.८२ मा आर.बि.एल निर्माण सेवा, उदयपुरसंग मिति २०८०।२।२ मा सझौता भई मिति २०८१।२।३० मा सम्पन्न गर्ने गरी सझौता गरेको छ । पालिकाले यस आर्थिक बर्षमा गो.भा.न.१६८\०८०\११\८ मा ठेक्का बिलका आधारमा रू.११००६९१.०८ भुक्तानी दिई सोही भुक्तानीलाई अन्तिम भुक्तानी मानी अन्तिम भुक्तानी टिप्पणी समेत सदर गरेको छ । तर

लेखापरीक्षणको क्रममा सो भुक्तानीलाई पुष्ट्राई गर्ने नापी किताब र कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन अतः भुक्तानीको प्रमुख आधार नापी किताब तथा कार्य स्वीकार प्रतिवेदन भएको हुदा फिल्डमा कार्य भएको हो होइन तथा सो भन्दा अगाडी कति कार्य भएको हो सो सम्बन्धमा एकिन गर्न सकिने अवस्था नभई भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । तर्सथ उक्त कार्य भएको सम्बन्धमा नापी किताब र कार्य स्वीकार गरेको लगायतका प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,००,६९१.०८ |

७३ **सर्फेस ड्रेसिङ्गको कार्य**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ ।पालिकाले सडक निर्माण तथा मर्मत संभार सम्बन्धी काममा Surface Dressing को कार्य गर्दा निर्माण कार्यका दररेट विश्लेषण नम्स,२०४१ प्रयोग गरी दरबिश्लेषण गरेको छ ।सोही काममा Road and Bridge,2077 को s.no. 2.3/201 नम्स प्रयोग गरी दर बिश्लेषण रू.७.५ प्रति ब.मि. हुन्छ ।पालिकाले सडक निर्माण तथा मर्मत सम्बन्धी काममा फरक नम्सको प्रयोग गरी भुक्तानी गर्दा पालिकालाई निम्नानुसारको योजनाहरुबाट रू.१६४८४६.०० आर्थिक व्ययभार पर्न गएको छ । पालिकाले योजना सञ्चालन र व्यबस्थापनमा मितव्ययीता तथा एकरुपता कायम गर्न फरक फरक नम्सको नगरी एउटै नम्स र दर कायम गर्नुपर्दछ ।अतः पालिकालाई आर्थिक फरक नम्स प्रयोग गरी व्ययभार पर्न गएको रकम नियमसम्मत देखिएन रू.

| गो.भा.न | भुक्तानी पाउने | पालिकाले भुक्तानी दर\व.मि. | सडकको नम्स अनुसार हुने दर\व.मि. | बढी भुक्तानी दर\व.मि. | कार्य परिमाण\व.मि. | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २७१ | आपथुम्का सडक मर्मत योजना उ.स.-१५ | ३० | ७.५ | २२.५ | २०६४ | ४६४४०.०० |
| २६७ | सालथुम्की सिस्ने ठिकिडाँडा सडक निर्माण उ.स.-१५ | ३० | ७.५ | २२.५ | ११६२.५० | २६१५६.०० |
| ७६ | स्थानीय सडक मर्मत सुधार उ.स.-१६ | ३० | ७.५ | २२.५ | ४१०० | ९२२५०.०० |
| जम्मा | | | | | | १६४८४६.०० |

| | |
|---|---|
| अनियमित भएको | १,६४,८४६ |

७४ **बढी दर बिश्लेषण**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा लागत अनुमान तयार गर्दा पालिकाको आफ्नो नम्स नभएको अवस्थामा भवन सम्बन्धी काममा Building को नम्स र बाटो तथा पुल निर्माण सम्बन्धी काममा Road and Bridge को नम्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्नेमा नमुना छनौटका रुपमा हेरिएका निम्न योजनाहरुको सडकको नम्स Section 2000 को 20.2 A मा Providing and Lying of Plain\Reinforced Cement Concrete in Foundation Complete as per Drawing and Technical Specifications. PCC Grade M15(1ः2ः4) काममा DOLIDAR को नम्स प्रयोग गरी दर बिश्लेषण गर्दा बढी लागत अनुमान तयार भई सोही अनुसार कार्यसम्पन्न गरी भुक्तानी भएको छ ।नम्स फरक राखी बढी दर बिश्लेषण हुन गई बढी भुक्तानी भएको रकम रु. ६७५१६६.०० आर्थिक व्ययभार परेकोले अनियमित देखिएको रु.

| गो.भा.न. | योजना तथा उ.स. | कामको विवरण | पालिकाले भुक्तानी गरेको दर | सडकको दर विश्लेषण with Formwork | फरक दर | परिमाण (घ.मी.)\ (ब.मि) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५४ | देउराली टोल विकासको सडकमा नाला निर्माण उ.स. | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | १०.६६ | १५७०३.०० |
| | | Formwork | ४६३.४७ | | ४६३.४७ | ५३.५० | २४७९५.०० |
| १०० | श्री पञ्चकन्या टोल विकास संस्था उ.स.-५ | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | ७.३७ | १०५८६.०० |
| | | Formwork | ४६३.४७ | | ४६३.४७ | ५०.६४ | २३४७०.०० |
| १०२ | बाबा रौतारानी टोल बिकास उ.स.-१० | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | ८.८६ | १३०५१.०० |
| | | Formwork | ४३९.४८ | | ४३९.४८ | ३८.५० | १६९१९.०० |
| ११० | वडा कार्यालय पूर्वाधार व्यबस्थापन निर्माण उ.स.-२ | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | २५.०६ | ३६९१६.०० |
| ११४ | चाँदनी टोल विकास संस्था-६ | PCC Grade M15 | १००१५.६५ | ९२९२.५३ | ७२३.१२ | ७.३३ | ५३००.०० |
| | | Formwork | ४४५.१३ | | ४४५.१३ | ७९.२० | ३५२५४.०० |
| १६६ | निलो पुल टोलमा नाला निर्माण उ.स.-११ | PCC Grade M15 | ११०५१.२७ | ९२९२.५३ | १७५८.७४ | २३.७३ | ४१७३४.०० |
| | | Formwork | ५१८.५१ | | ५१८.५१ | ५७ | २९५५५.०० |
| २४२ | क्याम्स डाँडा टोल बिकास संस्था-३ | PCC Grade M15 | १००१५.६५ | ९२९२.५३ | ७२३.१२ | ५.३६ | ३८७५.०० |
| २५६ | जिल्ला क्रिकेट संघ उदयपुर | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | ९.६८ | १४२५९.०० |
| ३१२ | क्षेत्र निरौलाको घर देखि अधुरो नाला निर्माण उ.स.-१२ | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | २१.६० | ३१८१९.०० |
| | | Formwork | ४६३.४७ | | ४६३.४७ | १८ | ८३४२.०० |
| ३१८ | पारुहाङ मार्ग अधुरो नाली निर्माण सगरमाथा टोल उ.स.-१२ | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | २२.०८ | ३२५२६.०० |
| | | Formwork | ४६३.४७ | | ४६३.४७ | १४.४० | ६६७३.०० |
| ३२५ | हिरालाल ठाकुरको घरदेखि मनोज रायको घर हुदै त्रियुगा खोलासम्मको बाटो निर्माण उ.स.-१२ | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | २८.५२ | ४२०१३.०० |
| | | Formwork | ४६३.४७ | | ४६३.४७ | ११.४५ | ५३०६.०० |
| ३५६ | सखुवनी टोल बिकास संस्था-९ | PCC Grade M15 | १०८७३.४० | ९२९२.५३ | १५८०.८७ | १०.३८ | १६४०९.०० |
| | | Formwork | ४६१.३२ | | ४६१.३२ | १०१.२ | ४६६८५.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८७ | आदर्श टोल बिकास संस्था-१० | PCC Grade M15 | १००१५.६५ | ९२९२.५३ | ७२३.१२ | ६.१६ | ४४५४.०० |
| ४०७ | कृषि बजार मोतिगडा व्यबस्थापन तथा सरंक्षण तटबन्ध उ.स. | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | ६६.५४ | ९८०२१.०० |
| | | Formwork | ४७२.७२ | | ४७२.७२ | १५२.४ | ७२०४२.०० |
| ४८८ | लक्ष्मीपुर पारी सडक ढलान निर्माण उ.स. | PCC Grade M15 | १०७६५.६५ | ९२९२.५३ | १४७३.१२ | २३.८२ | ३५०८९.०० |
| | | Formwork | ४६३.४७ | | ४६३.४७ | ९.४३ | ४३७०.०० |
| जम्मा | | | | | | | ६७५१६६.०० |

| | |
|---|---|
| अनियमित भएको | ६,७५,१६६ |

७५ **नर्म्स फरक राखी दर बिश्लेषण**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा लागत अनुमान तयार गर्दा भवन सम्बन्धी काममा भवनको नर्म्स र सडक तथा पुल निर्माण सम्बन्धी काममा सडकको नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्नेमा नमुना छनौटका रुपमा हेरिएका निम्न योजनाहरुको सडकको नर्म्स Section 2600 को 26.6 A मा Providing and Lying of stone Masonary Work in Cement Mortar 1:6 in Structure Complete as per Drawing and Technical Specifications काममा भवनको नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्दा बढी लागत अनुमान तयार भई सोही अनुसार भुक्तानी भएको छ ।नर्म्स फरक राखी बढी भुक्तानी भएको रकम रु.१७५०८.४० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **योजना तथा उ.स.** | **कामको विवरण** | **भुक्तानी दर** | **सडकको दर बिश्लेषण** | **फरक दर** | **परिमाण** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| व्यवसायीक कृषि सिचाँई ढलान रातमाटे उपभोक्ता समिति वडा-१५ | बाटो मर्मत\निर्माण | ९७७२.७८ | ८८४६.४१ | ९२६.३७ | १८.९० | १७५०८.४० |
| जम्मा | | | | | | १७५०८.४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,५०८ |

७६ **पुरानो नर्म्सको प्रयोग**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा लागत अनुमान तयार गर्दा पालिकाको आफ्नो नर्म्स नभएको अवस्थामा माथिल्लो निकायको नर्म्स प्रयोग गर्नुपर्दछ । जस्तैः- भवन सम्बन्धी काममा Building को नर्म्स र बाटो तथा पुल निर्माण सम्बन्धी काममा Road and Bridge को नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्नुपर्नेमा नमुना छनौटका रुपमा हेरिएका निम्न योजनाहरुको सडकको नर्म्स Section 2000 को 20.2 C मा RCC Grade M20(1ः1.5ः3) काममा निर्माण कार्यका दररेट विश्लेषण नर्म्स, २०४१ को नर्म्स प्रयोग गरी दर बिश्लेषण गर्दा बढी लागत अनुमान तयार भई सोही अनुसार कार्यसम्पन्न गरी भुक्तानी भएको छ ।नर्म्स फरक राखी बढी दर बिश्लेषण हुन गई बढी भुक्तानी भएको रकम रु. ११०९०१.०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गो.भा.न. | योजना तथा उ.स. | कामको विवरण | पालिकाले भुक्तानी गरेको दर | सडकको दर बिश्लेषण with Formwork | फरक दर | परिमाण (घ.मी.)\ (ब.मि) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ७८ | जुटपानी खोला अधुरो कल्भर्ट निर्माण उ.स.-३ | RCC Grade M20 | १११७८.९९ | १०१५२.४० | १०२६.५९ | ९.० | ९२३९.०० |
| | | Formwork | २८४.९२ | | २८४.९२ | २०.५८ | ५८६३.०० |
| ७९ | कल्भर्ट निर्माण उ.स.-८ | RCC Grade M20 | १४१११.१९ | १०१५२.४० | ३९५८.७९ | ६.८० | २६९१९.०० |
| | | Formwork | ५२८.२१ | | ५२८.२१ | ९.० | ४७५३.०० |
| १३४ | ज्ञान डुके खोलामा कल्भर्ट निर्माण उ.स.-८ | RCC Grade M20 | १४१२७.३८ | १०१५२.४० | ३९७४.९८ | २.९४ | ११६८६.०० |
| | | Formwork | ५२८.२१ | | ५२८.२१ | ८ | ४२२५.०० |
| १९० | सप्तरंगी टोलको रविन राईको घर पश्चिम हुमपाईप निर्माण तथा सडक स्तरोन्नती उ.स.-९ | RCC Grade M20 | १०८९०.०० | १०१५२.४० | ७३७.६० | ७.३६ | ५४२०.०० |
| | | Formwork | ४६९.७३ | | ४६९.७३ | ५१.२० | २४०५०.०० |
| २४२ | क्याम्पस डाँडा टोल बिकास संस्था वडा-३ | RCC Grade M20 | १२११७.४५ | १०१५२.४० | १९६५.०५ | ९.५४ | १८७४६.०० |
| जम्मा | | | | | | | ११०९०१.०० |

| असुल गर्नुपर्ने | १,१०,९०१ |
|---|---|

७७ **शीर्षक फरक पारी खर्च**

नगरपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौटको रुपमा हेर्दा पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। फरक शीर्षकमा खर्च गरेको रु.२५९३०१०.०० रकम नियमित देखिएन रू.

| भौचर नं. र मिति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| ३१०\०८१\२\३ | वडा नं. ९ बाँध तथा चौतारा निर्माण | ५००००.०० | बाटो ग्राभेल गर्ने काम गरी सरस्वती खोला दोभान बाँध निर्माण उ.स. लाई भुक्तानी |
| ३११\०८१\२\३ | बिजुलीको लाइन व्यबस्थापन | २०००००.०० | वडा नं. १२ मा जेष्ठ नागरिक, एकल महिला तथा अपांग व्यक्तिलाई फाइबर सिरक वितरण |
| ३४५\०८१\२\२८ | अभरमा नगर कार्यक्रम | ४८१०२३.०० | वडा नं. ९ को अधुरो भवन निर्माण गरेको |
| ४५५\०८१\३\१८ | कर्कले मन्धने सडक योजना | १४८८४६.०० | वडा कार्यालय भवन मर्मत उपभोक्ता समिति वडा-१६ |
| ६०\०८०\९\६ | कालो पत्रे(न्यु मोडेल देखि रा.बा.मा.बि. जाने बाटो सम्म)क्रमागत | ७४३७५६.०० | ब्लक लगाउने तथा नाला निर्माण गर्ने कार्य गरेको |
| २८\०८०\१०\२३- गत भुक्तानी बाँकी योजना | शाही खोला सडक कालोपत्रे कार्य | ९६९३८५.०० | बाटो ग्राभेल गरेको वडा-८ |
| **जम्मा** | | २५९३०१०.०० | |

| | |
|---|---|
| अनियमित भएको | २५,९३,०१० |

७८ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.

| भौ नं. | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०\०८०\७\२ | वडा कार्यालय भवन निर्माण त्रि.न.पा १२ उ.स. | वडा नं. १२ कार्यालय भवन निर्माण | १५०००००.०० |
| ११०\०८०\१०\८ | वडा कार्यालय पूर्वाधार व्यबस्थापन निर्माण उ.स. | वडा नं. २ कार्यालय पूर्वाधार व्यबस्थापन निर्माण | ६९४२६९.०० |
| ३३७\०८१\२\२४ | कालिखोला अधुरो स्वास्थ्य चौकी निर्माण उ.स. | वडा नं. ७ को स्वास्थ्य चौकी भवन निर्माण | ४९९००३.०० |
| **जम्मा** | | | **२६९३२७२.००** |

| | |
|---|---|
| अनियमित भएको | २६,९३,२७२ |

७९ **वीमा**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता गर्दा बिमा नगराउने तथा सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप गर्नुपर्नेमा सो नगरी निर्माण कार्य स्वीकार गरेको देखिन्छ ।कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।नमुना छनौटका रुपमा हेरिएका योजनाका केही उदाहरणः-

| ठेक्का नं.\योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|
| TM-UDA-NCB-WORKS-42/079/80 | चौधरी कन्स्ट्रक्सन, उदयपुर | २१६९७६०.२३ | २००००.०० | नगरेको |
| TM-UDA-SQ(WORKS) 20/079/80 | अम्बिका निर्माण सेवा, गाईघाट | १४४०२२७.४१ | ३००००.०० | पुरा अवधिको नगरेको |

८० **कार्य सम्पादन जमानत**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन।कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ म्याद थप गरी बैंक जमानतको म्याद थप नगर्नेलाई जिम्मेवार बनाउनुपर्ने ।

| सि.न. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत रकम | जमानतको म्याद सकिने मिति | कार्य समाप्त गर्नुपर्ने\भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मदन भण्डारी राजमार्ग देखि स्कुल डाडा हुदै साहिखोला स्कुल रोड कालोपत्रे | अम्बिका निर्माण सेवा, गाईघाट | ७२०१४.०० | २०८१\५\१५ | २०८०\७\३० | २०८०\७\२९ मा कार्य सम्पन्न भएको तर जमानतको म्याद थप नगरेको |
| २. | शाहीखोला सिमलगाछीमा स्ल्याब कल्भर्ट निर्माण | सुशान्त कन्स्ट्रक्सन, उदयपुर | ५८३५००.०० | २०८१\९\२८ | २०८०\१२\१६ | २०८०\१२\१६ मा कार्य सम्पन्न भएको तर जमानतको म्याद थप नगरेको |

८१ **पूँजिगतबाट चालु प्रकृतिको खर्च**

नगरपालिका पुंजीगत- एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :-

| भौ.न.\मिति | भुक्तानी पाउनेको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ५९\०८०\९\४ | बिनय रञ्जन मुडवरी | खाना खाजा विविध खर्च | १२३०५.०० |
| | लक्ष्मी स्टेशनरी जनरल सप्लायर्स | स्टेशनरी सामाग्री खरिद | १५५८८.०० |
| १९६\०८०\१२\८ | हर्क ब. राई | खानेपानी कर्मचारीको तलब भुक्तानी | २२५००.०० |
| २२२\०८०\१२\२८ | मदिना मञ्जरी(नजबुल)फाउण्डेसन नेपाल | खाना सेटको बिल पेश भई आएको | २५०००.०० |
| २६३\०८१\१\१६ | सम्झना महत | वडा नं. ४ को स.क.अ को तलब भुक्तानी | १७६००.०० |
| ३१३\०८१\२\४ | कलवार सेवा समाज उदयपुर | चिनी, तेल, बेसन खरिद बिल भुक्तानी | २५०००.०० |
| ३४३\०८१\२\२५ | एल एन एस स्टेशनरी, उदयपुर | स्टेशनरी सम्बन्धी सामाग्री खरिद | ९८७६२.०० |
| | लक्ष्मी छापाखाना, उदयपुर | | ९६०५०.०० |
| ३६१\०८१\३\५ | लक्ष्मी छापाखाना, उदयपुर | स्टेशनरी सम्बन्धी सामाग्री खरिद | ९८३१०.०० |
| **जम्मा** | | | ४११११५.०० |

## ८२ एजबिल्ट ड्राइङ्ग

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यबसायीले निर्माण भए बमोजिमको(एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यबस्था छ । कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्रयाक्ट बमोजिम निर्माण व्यबसायीले कार्यसम्पन्न भएको समयमा एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र सो डकुमेन्ट पेश नगरेमा तोकिएको रकम रोक्का(बिद हेल्ड) गरिने उल्लेख छ ।पालिकाले यस बर्ष निर्माण सम्पन्न भएका निम्न निर्माण कार्यको अन्तीम बिल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि एज विल्ट ड्रइङ्ग पेश भएको पाइएन ।तसर्थ एज बिल्ट ड्रईङ्ग पेश नभएकोले शर्त बमोजिम एज बिल्ट ड्रईङ्ग तयार गराई सोको प्रमाण पेश हुनुपर्ने रू.

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कन्डिसन | रकम रोक्का(बिद हेल्ड) |
|---|---|---|---|---|
| मल्टी स्पान ककनी खोला कल्भर्ट निर्माण(क्रमागत) | चौधरी कन्स्ट्रक्सन,उदयपुर | १६७६७३७.७३ | जिसिसि ७१.२ | ५००००.०० |
| **जम्मा** | | | | ५००००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

## ८३ उपभोक्ता समितिको काममा मु.अ.कर

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिताबट काम गराउने सम्बन्धी व्यबस्था रहेको छ भने सोही नियमावलीको उपनियम ९ अनुसार उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन । सोही नियमको उपनियम ४ मा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेसी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ ।नमुना छनौटका रुपमा हेरिएका निम्न कार्यहरु उपभोक्ता समिति मार्फत गराउदा जिल्ला दररेटमा मु.अ.कर जोडी लागत अनुमान तयार गरी सोही अनुसार कार्यसम्पन्न गरी भुक्तानी गरेको छ ।उपभोक्ता समिति मार्फत गरिने कार्यमा मु.अ.कर सहित भुक्तानी दिएको हुदा मु.अ.कर रकम रू.६४३६६.०० बढी भुक्तानी भएको देखिन्छ । राज्यलाई बढी आर्थिक व्ययभार हुने गरी उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । अतः यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

| गो.भा.न. | उपभोक्ता समिति | कार्य | जिल्ला दर रू. | मु.अ.कर समेतको भुक्तानी दर रू. | मु.अ.कर रकम रू. | परिमाण(घ.मि.) | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| ३६ | भोर्ले देवीथान शाखा सडक निर्माण उ.स. | नरम माटो काट्ने काम | ८१ | ९१.५३ | १०.५३ | ९१९.१४ | ९६७८.०० |
| | | नरम चट्टान काट्ने काम | ३०० | ३३९ | ३९ | ३५.२७ | १३७५.०० |
| ७६ | स्थानीय सडक मर्मत सुधार उ.स. | नरम माटो काट्ने काम | ८१ | ९१.५३ | १०.५३ | ८२९.८३ | ८७३८.०० |
| | | नरम चट्टान काट्ने काम | ३०० | ३३९ | ३९ | २६.३८ | १०२८.०० |
| ९७ | सिवाली आहाले रौता सडकस्तर उन्नती उ.स. | नरम माटो काट्ने काम | ८१ | ९१.५३ | १०.५३ | ६५२.१८ | ६८६७.०० |
| | | नरम चट्टान काट्ने काम | ३०० | ३३९ | ३९ | ४५.४५ | १७७२.०० |
| १११ | गैरीटोल आपडाँडा तिनधारे सडक निर्माण उ.स. | नरम माटो काट्ने काम | ८१ | ९१.५३ | १०.५३ | ११४९.४१ | १२१०३.०० |
| | | नरम चट्टान काट्ने काम | ३०० | ३३९ | ३९ | १९१.६९ | ७४७५.०० |
| १४३ | पञ्चदेवी टोल विकास संस्था | नरम माटो काट्ने काम | ८१ | ९१.५३ | १०.५३ | ८८७.९३ | ९३४९.०० |
| | | नरम चट्टान काट्ने काम | ३०० | ३३९ | ३९ | १५३.३७ | ५९८१.०० |
| जम्मा | | | | | | | ६४३६६.०० |

८४ **प्रदेश संचितकोष दाखिला**

प्रदेश सरकारको अनुदानमा स्थानीय शासन सुदृढीकरण परियोजनाको सिसिटिभि खरिद वापतको प्यारागोन आई टी सलुसन प्रा लीलाई धरौटी रु १६७५००।०० फिर्ता गर्दा बेरुजु औंल्याएको रु १६२७६।०० पालिकाको आन्तरिक खातामा जम्मा गरेकोले प्रदेश संचितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२७६ |

८५ **हेफर प्रोजेक्ट नेपाल**

८५.१ त्रियुगा नगरपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग २०७९।९।०३ देखी २०८२।१०।१८ सम्म कार्यान्वयन अवधि रहेको “त्रियुगा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम” सवै वडामा संचालन गर्न कुल बजेट रु. ७,१४,२८,५७१ मध्ये नगरपालिकाको ७० प्रतिशत रकम रु. ५,००,००,००० र हेफर नेपालले ३० प्रतिशत रु २१४२८५७१।०० व्यहोर्ने गरी मिति २०७९।१०।१५ मा सम्झौता गरेको छ । परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था विकास सहजिकरण सञ्चालन उदयपुरमार्फत पालिकाले आर्थिक वर्ष २०८०।८१ मा परियोजना साझेदार संस्था विकास सहजिकरण सञ्चालन उदयपुरलाई रु २६९७५००।०० लाख पेश्की दिएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको छ ।

हेफर प्रोजेक्ट नेपाललाई कार्यक्रम पेश्की रु २६९७५००।०० दिएको मध्ये लेखापरीक्षण अवधिसम्ममा रु १७१३३४९।०० को विल भर्पाई पेश गरेकोमा बाँकी रकम रु ९८४१५०।०० विल भरपाई तथा कार्यको प्रगति पेश भएन । हेफर प्रोजेक्टको तर्फबाट व्यहोरिने ३० प्रतिशत खर्चको विवरण समेत पेश नगरेकोले सम्झौता अनुसारको प्रगति एकिन गर्न सकिएन । पेश्की बाँकी रकम रु ९८४१५०।०० को विल भरपाई तथा कार्यको प्रगति पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८४,१५० |

८५.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन पालिका आफैले गर्नुपर्नेमा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट सम्झौता गर्दा सो कार्य पालिका आफैले गर्न सक्नेनसक्ने विश्लेषण गरेको पाइएन । पालिका मातहत नै कृषि, पशु, प्राविधिक, लेखा लगायतका विषयगत क्षेत्र हेर्ने सांगठनिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा सो कार्य गैरसरकारी संस्थाबाट गराउनु औचित्यपूर्ण रहेको देखिएन । कृषि र पशुका लागि कुल बजेटको ४८.२५ प्रतिशत र र तालिम, भ्रमण, तलब, प्राविधिक सेवा लगायतका कार्यक्रम परिचालनका लागि ५१.७४ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३० प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । पालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि पालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता पुनर्मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

## ८६ नवज्योती सुरक्षित आवास परियोजना

८६.१ सुरक्षित आवास परियोजना- सुरक्षित आवास परियोजा संचालन गर्न नगरपालिका, ह्याविट्याट फर ह्युम्यानिटी इन्टरनेशनल नेपाल र हुरेन्डेक नेपाल विच मिति २०८१।२।१ मा भएको त्रिपक्षीय सम्झौताको आधारमा सुरक्षित आवास परियोजना अन्तर्गत वडा नं.२,३,५,७,८ र १० स्थित ३० वटा घर निर्माण गर्ने नवज्योती सुरक्षित आवास परियोजना कार्यान्वयन गर्न नगरपालिकाबाट रू.७२,७५,०००.००, ह्याविट्याट नेपालबाट रू.६०,००,०००.०० र घरधनीको श्रमदान रू.२९,९४,६६०.०० गरी जम्मा रू.१,६२,६९,६६०.०० लागत व्यहोर्ने गरी नगरपालिका, नवज्योती सुरक्षित आवास परियोजना र हुरेन्डेक नेपालबीच मिति २०८१।२।१ मा मिति ०० सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा देखिएका व्यहोराहरु यस प्रकारका रहेका छनः-

८६.२ सिमा भन्दा बढीको कार्य- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक बर्ष भित्र सम्पन्न गर्न सकिने निर्माण कार्यमात्र सम्बन्धित उपभोक्ता समितबाट गराउन सकिने तथा उक्त लागतमा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेतको रकम समावेश हुने व्यबस्था छ ।तर नगरपालिकाले रू.१,६२,६९,६६०.०० लागत अनुमान भएको बहुबर्षिय सुरक्षित आवास परियोजनामा नगरपालिकाबाट रू.७२,७५,०००.००, ह्याविट्याट नेपालबाट रू.६०,००,०००.०० र घरधनीको श्रमदान रू.२९,९४,६६०.०० व्यहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो ।जसमा यस बर्ष नगरपालिकाको तर्फबाट मात्र रू.१२८०६५७.०० खर्च लेखेको छ ।

८६.३ कार्यसम्पन्न प्रतिवेदन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निर्माण कार्यको नापी किताब, मुल्याकंन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यबस्था छ । पालिकाले यस आर्थिक बर्षमा गोश्वारा भौचर नम्बर २६\०८१\३\२१ बाट वडा नं. ७ र ८ को सुरक्षित आवास निर्माण कार्यका लागि नवज्योती सुरक्षित आवास परियोजना उपभोक्तालाई ८ घरधुरीको नगरपालिकाको तर्फबाट पुरा रकम रु. १२,८०,५१५.०० भुक्तानी गर्दा सम्झौताको शर्त बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

८६.४ लागत सहभागिता- त्रिपक्षीय सम्झौताको शर्त बुँदा नं. २ अनुसार पहिलो किस्ता वापत नगरपालिकाको २० प्रतिशत, ह्याविट्याट संस्थाको तर्फबाट ३० प्रतिशत, दोस्रो किस्ता वापत नगरपालिकाको तर्फबाट ४० प्रतिशत, ह्याविट्याट संस्थाको तर्फबाट ४० प्रतिशत र तेस्रो किस्ता वापत नगरपालिकाको तर्फबाट ४० प्रतिशत र ह्याविट्याट संस्थाको तर्फबाट ३० प्रतिशत रकम व्यहोर्ने गरी सम्झौता भएको छ । सुरक्षित आवास परियोजनाको प्लिन्थ लेभलसम्मको कार्य वात उपभोक्ता समितिको अंश रू.२७२००९.५२ र नगरपालिकाको अंश रू.१२८१४४२.९० रहेकोमा ह्याविट्याट नेपालको संस्थाले व्यहोर्ने अंश उल्लेख भएको देखिएन ।सम्झौताको शर्त बमोजिम पहिलो किस्ता वापतको ह्याविट्याट नेपाल संस्थाको ३० प्रतिशत रकम रू.१९२२१६४.३५ खर्च भएको प्रमाण पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | १९,२२,१६४.३५ |
|---|---|

८६.५ अग्रिम करकट्टी- आयकर ऐन,२०५८ को दफा ८९ अनुसार भुक्तानी अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सुरक्षित आवास परियोजनाको प्लिन्थ लेभल सम्मको कार्य वापत नवज्योती सुरक्षित आवास परियोजना उपभोक्ता समितिलाई रू.१२८१४४२.९० भुक्तानी गर्दा १.५ प्रतिशत आय कर रू.१९२२१.६४ कट्टा गर्नुपर्नेमा रू.१५२५९.०० मात्र कट्टा गरी भुक्तानी गरेकोले कम कट्टा गरेको रकम रू.३९६३.०० सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,९६३ |
|---|---|

८६.६ रकम निकासा- त्रिपक्षीय सम्झौताको शर्त बुँदा नं. २ अनुसार पहिलो किस्ता वापत नगरपालिकाको २० प्रतिशत, ह्याविट्याट संस्थाको तर्फबाट ३० प्रतिशत, दोस्रो किस्ता वापत नगरपालिकाको तर्फबाट ४० प्रतिशत, ह्याविट्याट संस्थाको तर्फबाट ४० प्रतिशत र तेस्रो किस्ता वापत नगरपालिकाको तर्फबाट ४० प्रतिशत र ह्याविट्याट संस्थाको तर्फबाट ३० प्रतिशत रकम व्यहोर्ने गरी सम्झौता भएको छ । सो अनुसार पालिकाले पहिलो किस्ता वापत रू.३२००००.०० भुक्तानी गर्नुपर्नेमा रू.१२८१४४२.९० व्यहोरेको छ । पहिलो रनिङ्ग बिल वापत रकम भुक्तानी गर्दा संम्झौताको शर्त भन्दा रू. ९६१४४२.९१ बढी भुक्तानी भएको देखन्छ । किस्ता वा रनिङ्ग बिल भुक्तानी गर्दा पालिका, सम्बन्धित संस्था र लाभग्राहीको अनुपात स्पष्ट खुल्ने गरी प्राविधिक विल तयार गर्नुपर्दछ ।

## ८७ भुक्तानी दिन बाँकी कच्चेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ । पालिकाले गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी(म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस बर्षको बजेटमा समेत गत बर्षको भुक्तानी दिन बाँकीको व्यबस्था नगरी भुक्तानी दिएको छ ।तसर्थ यस्तो भुक्तानी नियमसम्मत देखिएन ।

| सि.नं. | कार्यक्रम\योजना\शीर्षक | खर्च शीर्षक | रकम |
|---|---|---|---|
| १ | गत बर्षको विभिन्न योजनाहरुको भुक्तानी बांकी | ३११५१ | ५७२७०००.०० |
| २ | गत आ.ब.को दायित्व भुक्तानी | २२५२२ | १३५०००.०० |
| ३ | गत बर्षको विभिन्न खर्चहरुको भुक्तानी | २२५२२ | ११२५५०००.०० |
| ४ | गत बर्षको विभिन्न खर्चहरुको भुक्तानी | ३११७१ | १९५०००००.०० |
| ५ | गत बर्षको विभिन्न खर्चको भुक्तानी | २२५२२ | ६१६३०००.०० |
| ६ | गत आ.ब.को भुक्तानी बांकी | २२५२२ | ५४८३०००.०० |
| जम्मा | | | ४८२६३०००.०० |

८८ **सुरक्षित आवास तथा फुसको छानो**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात सलंग्न हुनुपर्ने छ । गो.भा.न. ७।०८०।६।१२ बाट पालिकाले सुरक्षित आवास तथा फुसको छाना विस्तापित कार्यक्रम वडा-१६ का लागि कोटेशनका आधारमा 26 Gauge Coloured C.G.I sheet Roofting 1203.41 sq.m.(७२ बण्डल) रू.१०३९.६०(भ्याट समेत) का दरले खरिद गरी रू. १२५१०६५.०० एल.बि. मल्टिप्रपोज कम्पनी प्रा.ली., सिन्धुपाल्चोकलाई भुक्तानी गरेको छ ।उक्त जस्ता पाता २२ घरधुरीलाई ३ बण्डलका दरले हस्तान्तरण गरेको फाराम संलग्न गरी एक मुस्ट आधारमा नापी किताब तयार गरेको छ ।एकमुस्ट नापी गरेको आधारमा मात्र जस्तापाता जडान भएको सम्बन्धमा एकिन गर्न सकिएन र ७२ बण्डल जस्तापाता मध्ये ६६ बण्डल मात्र वितरण गरेको देखिएको हुदा बांकी ६ बण्डलको उपयोग भएको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०४,२५५ |

८९ **पूर्वनिर्धारित क्षतिपूर्ति( देउरी चौधरी टोल देखि किरण ढुंगेलको घरहुदै नाला निर्माण)**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।ठेक्का नं. TM-UDA-NCB-WORKS-42/2079/80 देउरी चौधरी टोल देखि किरण ढुंगेलको घरहुदै नाला निर्माण गर्न चौधरी कन्स्ट्रक्सन, उदयपुरसंग रु.२१,६९,७६०.२३ मा सझौता भएको छ । मिति २०८०।१।२९ मा सम्झौता गरी २०८०।६।३० मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सो समय काम सम्पन्न नभई उक्त म्याद भन्दा २४ दिन ढिलाई गरी मिति २०८०\७\२४ मा कार्य सम्पन्न गरेको छ । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले २४ दिनको रु. २६०३७.०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,०३७ |

९० **पूर्वनिर्धारित क्षतिपूर्ति( शाही खोला सिमलगाछीमा स्ल्याब निर्माण)**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।ठेक्का नं. TM-UDA-NCB-WORKS-41/2079/80 शाही खोला सिमलगाछीमा स्ल्याब निर्माण(क्रमागत) गर्न सुशान्त कन्स्ट्रक्सन, उदयपुरसंग रु.२५,२२,७५२.४५ मा सझौता भएको छ । मिति २०८०।०२।०२ मा सम्झौता गरी २०८०।६।३० मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सो समय काम सम्पन्न नभई उक्त म्याद भन्दा ५ महिना १६ दिन ढिलाई गरी मिति २०८०\१२\१६ मा कार्य सम्पन्न(अन्तिम ठेक्का बिल) तयार गरेको छ । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले १६६ दिनको रु. २,०९,३८८.०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०९,३८८ |

९१ **भेरियसन**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएन आदेश जारी गर्न सक्ने उल्लेख छ ।नगरपालिकाले ठेक्का नं. TM-UDA-NCB-WORKS-06/2080-81 योजना Construction of Black Topped Road with side drain along Ring Road tri.na.pa-1 Rupahi निर्माण कार्य गर्न न्यु चुरिया निर्माण सेवा, त्रियुगा-११ संग रू.१,२७,९०,३५१.२८(Including vat and Ps) मा सम्झौता भएकोमा भेरिएसन स्वीकृत नगरी स्वीकृत परिमाण भन्दा बढी भुक्तानी दिएको नियमित नदेखिएको रू.

| कार्य आईटम | स्वीकृत परिमाण | भुक्तानी परिमाण | बढी\घटी | दर | बढी\घटी भुक्तानी |
|---|---|---|---|---|---|
| Pcc Grade M15 | 521.65 | 475.35 | -46.30 | 6000 | -277800 |
| HYSD Bar Reinforcement | 9.02 | 14.91 | 5.89 | 115000 | 677350 |
| Total | | | | | 399550 |

| | |
|---|---|
| अनियमित भएको | ३,९९,५५० |

९२ **बालमन्दिर मा.बि.भवन**

९२.१ बालमन्दिर माध्यमिक विद्यालय भवन निर्माण कार्यका लागि भारतीय दुतावासको तर्फबाट मुअकर बाहेक संझौता रकमको ८० प्रतिशत अनुदान र पालिकाको तर्फबाट बांकी २० प्रतिशत एवंम मुअकर भुक्तानी प्रदेश समानिकरण अन्तर्गत पालिकाले व्यहोर्ने गरी बजेट व्यबस्था भएको छ ।पालिकाले ठे.नं. TM-UDA-WORKS-NCB-39/2077-78 अन्तर्गत थापा निर्माण सेवा प्रा.ली.रामेछापसंग मिति २०८०।९।३०(म्याद थप समेत) कार्य सम्पन्न गर्ने गरी रू.३४०८००००.००(मुअकर समेत) खरिद सम्झौता गरेकोमा यस आर्थिक बर्षमा रु.१३७४१०७५.०० समेत हालसम्म रू.२२७७०७३९.०२(पेश्की बाहेक) भुक्तानी गरेको देखिन्छ ।जस्मा देखिएका केही व्यहोराहरू निम्न रहेका छनः-

९२.२ पेश्की- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिकाको यस आर्थिक बर्ष(तेस्रो रनिङ्ग बिल) सम्म रू.२१००००० .०० पेश्की बांकी रहेकोमा नगरपालिका समानिकरण गो.भा.न ३\०८०\६\९ बाट रू.५१२६५२.०० र प्रदेश समानिकरण गो.भा.न. २\०८०\६\९ बाट रु. १४९७३४८.०० गरी जम्मा रू.२०१००००.०० पेश्की फर्छौट गरेकोमा बांकी रु.९००००.०० पेश्की फर्छौट हुन बांकी रहेकोले खरिद सम्झौता बमोजिम पेश्की पर्छौटको हुनुपर्दछ ।

९२.३ कार्यक्रम अपडेट- सम्झौताको बुँदा GCC 34.3 बमोजिम हरेक ४५ दिनको अन्तरालमा Programme Update पेश गर्नुपर्ने सो पेश नगरेमा रू.१०००००.०० का दरमा भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ ।सम्झौता बमोजिम कार्य प्रगति भए नभएको सम्बन्धमा व्यबसायिले Programme Update गरेको देखिएन ।सम्झौताको शर्त बमोजिम पालिकाले भुक्तानी गर्दा रोक्का राख्नुपर्नेमा सो राखेको देखिएन ।

९२.४ आनुपातिक कट्टी- नगरपालिकाले भवन निर्माण कार्यका लागि भारतीय दुतावासको तर्फबाट मुअकर बाहेक संझौता रकमको ८० प्रतिशत अनुदान र पालिकाको तर्फबाट बांकी २० प्रतिशत एवंम मुअकर भुक्तानी प्रदेश समानिकरण अन्तर्गत पालिकाले व्यहोर्ने गरी बजेट व्यबस्था भएकोमा तेस्रो रनिङ्गबिलसम्म भुक्तानी गर्दा आनुपातिक रुपमा कट्टी प्राविधिक विलमा देखिने गरी हिसाब राखेको छैन । अतः ठेक्काको अन्तिम अवस्था आइपुग्दा समेत आनुपातिक हिसाब कट्टी राखेको देखिदैन ।

९३ **परामर्स तथा डीपी आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| त्रियुगा मा.वि. पश्चिम तर्फ पार्किङ र सटर निर्माण कार्य | स्नेहा डिजाइन एण्ड बिल्डर्स प्रा.लि. | ५००००० | ४९१९९९ | नखुलेको |
| रामजानकी मन्दिर देखि बट्टीजोर खोला हुँदै कृष्णाराम थान जाने बाटो डि.पि. आर निर्माण | राजदेवी ईन्जिनियरिङग कन्सल्टेन्ट | १००००० | ९६९१३ | ५६८७५९९ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

## ९४ प्रशासकिय भवन निर्माण

९४.१ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गरी रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७८।३।१५ मा ज्ञान ज्योती विल्डर्स प्रालीसँग पालिकाको प्रमुख प्रशासकिय भवन निर्माणका लागि रु १२२६३९२९३।६५(मुअकर समेत) २०८२।२।३० सम्म कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता गरेकोमा चौथो रनिङ्ग बिलसम्म मूल्य समायोजन रु १५११९४३।०० र बिल रकम रु ५५०९५४९५।७३ समेत जम्मा रु ५६६०७४३८।७३ भुक्तानी गरी ४५ प्रतिशत वित्तिय तथा ६८ प्रतिशत भौतिक प्रगति गरेको जनाएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन ।

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्तवमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । चौथो रनिङ्गविल सम्मको भुक्तानी गर्दा विलको जोड जम्मा रु ५४२६७७९८।८९ हुनुपर्नेमा रु ५५०९५४९५।७३ भुक्तानी गरेकोले नापी तथा कर विजकमा फरकपारी रु ८२७६९६।८४ बढी भुक्तानी गरेको देखिकोले असुल गर्नुनपर्ने भए प्रमाण पेश गर्ने अन्यथा एकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२७,६९६.८४ |

९४.२ निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा सम्झौतामा तोकिए बमोजिमको दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । सम्झौताबमोजिम कार्यप्रगति भए नभएको सम्बन्धमा जानकारी माग गर्दा व्यवसायीले चौथो रनिङ्ग बिल भुक्तानीका लागि पेश गरिसकेको कार्यालयले जनाएको छ । सम्झौताको बुँदा GCC 34.3 बमोजिम हरेक ४५ दिनको अन्तरालमा Program Update पेश गर्नुपर्नेमा सो पेश नगरेको कारण रु १ लाखको दरमा भुक्तानी रोक्का राख्नुपर्नेमा सो राखेको नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

## ९५ भारतीय दुतावास सहयोगमा खानेपानी योजना

९५.१ भारतीय दुतावास त्रियुगा नगरपालिका र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवारको त्रिपक्षिय सम्झौता अनुसार पालिकाको कर बहेक २० प्रतिशत साझेदारी तथा भारतिय दुतावासले रु ४४८१६६२९।०० उपलव्ध गराउनेगरी त्रियुगा नगरपालिकामा श्रीपुर खानेपानी योजना निर्माण तथा विस्तारका लागि निर्माण व्यवसायी गौतम शक्ति जनक जेभि संग २०८१।११।३० मा कार्य सम्पन्न गर्नेगरी मिति २०८०।११।२२ मा रु ४९१४५६०२।०० को ठेक्का सम्योझौता भएको छ । निर्माण व्यवसायीसंगको

सम्झौता बमोजिम ६० प्रतिशत कार्य सम्पन्न गरी प्रथम किस्ता वापतको रु १९०९०९०९१८।०० भुक्तानी गर्दा भारतिय दुतावासले प्रथम २ किस्ता वापतको ४० प्रतिशत रकम रु १७९२६६५१।६० सोधभर्ना गर्नुपर्नेमा रु ८४८८९१८।०० मात्र सोधभर्ना गरेको देखिएकोले रु ९४३७७३४।०० सोधभर्ना लिन बाँकी रहेको देखिन्छ । दुतावाससंग समन्वय गरी कामको प्रगति अनुसार सोधभर्ना लिई समयमै आयोजना सम्पन्न गर्न जोड दिनुपर्ने देखिन्छ ।

९५.२ स्थानीय तहले बैदेशिक सहायता सम्बन्धि सम्झौता गर्दा विकास सहायता परिचालन सम्बन्धि नीति २०७६ र प्रदेश तथा स्थानीय तहको परराष्ट्र र कुटनीतिक मामिला सम्बन्धि निर्देशिका २०७५ मा उल्लेख भएको प्रकृया पुरा गरी सम्झौता गर्ने तथा तिनको कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । विकास सहायता नीति २०७६ को दफा ३.१०.४ मा विकास सहायताको आयोजनागत विवरण अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गराउनुपर्ने व्यवस्था छ । पालिकाले भारतीय दुतावासको नगद सहयोगमा खानेपानी योजना निर्माण तथा विस्तारको सम्झौता गरेको विवरण अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गराएको देखिएन । कानुनको पालना गरी उक्त सूचना प्रविष्टी गराउनु पर्ने देखिन्छ।

## ९६ पूर्व निर्धारित क्षतिपूर्ति

९६.१ कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **१,२०३,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९६.२ रितपूर्बकको कर बिजक-

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्कको कर वीजक बेगर अंशुमन-अन्सुबी जे. भी. निर्माण व्यसायीबाट मु.अ.कर रु १३८४५००।०० समेत रु. १,२०,३४,५००।०० निर्माणको भुक्तानी गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | ७० प्रतिशत मुअकर कर रकम |
|---|---|---|---|---|
| १७४।२०८०।११।२२ | अंशुमन - अन्सुबी जे. भी. | विजक फोटोकपी पेपरमा प्रिन्ट तथा ननफाईलर | १२०३४५०० | ९६९१५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६९,१५० |

## ९७ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ ।साथै पालिकाको विनियोजन ऐन, २०८० को दफा ३(२)मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ ।पालिकाले यस बर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत शीर्षकमा रू.५७६११००२.०० र चालु शीर्षकमा रू. ९३५१९९९८.०० गरी जम्मा रू.१५,११,३१,०००.०० रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा १४.४३ प्रतिशत हुन्छ ।यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

## ९८ नन्फाइलर

नगरपालिका पुंजीगत- मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था

छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका आपुर्तककर्ता तथा सेवा प्रदायकहरुले बुझाउनुपर्ने कर विवरण नबुझाई नन्फाइलर रहेको तथा कर विजक नभएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

| **गो. भौ. नं.** | **फर्म/ आपूर्तिकर्ताको संलग्न विल** | **प्यान नं.** | **जारी गरेको बिजक नं.** | **भुक्तानी/ बिजक रकम रु.** | **मुअकर कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|---|
| १६१ | टि एन इन्टरनेशल प्रा ली, सिरहा | ६०६८६३९०४ | ०६० | ३७९४२०.१० | ४३६५०.१० | Non-filer since 2080/T/3 |
| ३७३ | टि एन इन्टरनेशल प्रा ली, सिरहा | ६०६८६३९०४ | ०९१ | ४७१८८८.०० | ५४२८८.०० | Non-filer since 2080/T/3 |
| ३९५ | टि एन इन्टरनेशल प्रा ली, सिरहा | ६०६८६३९०४ | ०७९ | ३७४७४१.९० | ४३१११.९० | Non-filer since 2080/T/3 |
| २२-गत भुक्तानी | नविता एण्ड लोप्चन कन्स्ट्रक्सन प्रा.ली. गाईघाट | ६०६७३७७११ | १४ | ९१०९२१.३१ | १०४७९६.२६ | Non-filer since 2080/T/2 |
| २८-गत भुक्तानी | धार्के कन्स्ट्रक्सन प्रा.ली. उदयपुर | ६०९७२५१६८ | ०३ | ९६९३८५.१९ | १११५२२.१९ | Non-filer: 2079.080 |
| जम्मा | | | | | ३५७३६८.४५ | |

## ९९ HDPE पाइप खरिद

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिका\वडाले निम्न गोश्वारा भौचरबाट एच.डि.ई.पी. खरिद गरी जिन्सी दाखिला गरेको देखाएको छ । तर उक्त पाइपहरुको उपयोग कुन ठाउमा तथा चेनेजमा र कहा भएको हो सोको खुल्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिदको उपयोग प्रति एकिन गर्न सकिएन तर्सथ उक्त एच.डि.ई.पी. पाईप कुन स्थानमा तथा चेनेजमा जडान गरिएको हो सो विवरण खुल्ने प्रमाणित मेजरमेन्ट तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| **गो.भा.न\मिति** | **योजना** | **विवरण** | **साइज** | **परिमाण** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १८६\०८०\१२\६ | खानेपानी पाइप खरिद तथा वितरण वडा-८ | HDEP खानेपानी पाइप | 25 MM PN 16 | 2500 Mtr. | १६९५००.०० |
| | | | 20 MM PN 16 | 450 Mtr. | १९८३१.५० |
| जम्मा | | | | | १८९३३१.५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८९,३३१.५९ |

## १०० प्रमाण पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात सलंग्न हुनुपर्ने छ ।नगरपालिकाले गो.भौ.न. ५८\०८०\९\३ बाट गत बर्षको विभिन्न योजनाहरुको भुक्तानी बांकी शीर्षकबाट सरस्वती खोला मुहान भै राजबास तर्फ आउने जल उपभोक्ता समितिलाई रू.४,२६,०००.०० भुक्तानी गरी खर्च लेखेको छ । तर लेखापरीक्षणको क्रममा सो खर्च तथा भुक्तानीलाई पुष्ट्राई गर्ने आवश्यक कागजात तथा प्रमाणहरु पेश भएको छैन । एक प्रति भौचरमात्र संलग्न राखी खर्च लेखेको हुँदा उक्त खर्च पुष्ट्राई गर्ने प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२६,००० |

## १०१ जम्मा लिज

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने प्रमाण र कागजात सलंग्न हुनुपर्ने छ ।यस पालिका अन्तर्गतको वडा नं. ९ का वडा अध्यक्षले भुमरसुवा रंगशाला निर्माण गर्नका लागि

अम्बेवर जनता मा.बि. राजावाससंग २० बर्षका लागि जग्गा लिजमा लिन मिति २०८०।०६।०५ मा सम्झौता भएको देखिन्छ ।वडा कार्यालयले २ पाने सम्झौता राखी यस आर्थिक बर्षमा पालिकाले गो.भा.न.२३३\०८०\१२\२८ बाट बिद्यालयलाई रू.१,००,०००.०० भुक्तानी गरेको छ ।तर उक्त जग्गामा रगंशाला निर्माण गर्ने भनिएतापनि त्यस्को लागि बजेट सुनिश्चितता, त्यस्को स्वामित्व, कार्ययोजना, बिस्तृत योजना कार्यक्रम, त्यसबाटको प्रतिफल जस्ता विषयमा सुनिश्चितता नगरी २ पाने सम्झौतालाई भुक्तानीको आधारमा मानि विद्यालयलाई भुक्तानी दिनु नियमसम्मत देखिएन रू.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## १०२ स्ट्रिट लाईट जडान

१०२.१ नगरपालिका वडा-११ भित्र स्ट्रिट लाईट जडान गर्न ठेक्का नं. TM-UDA-NCB-WORKS-01/2080-81 बाट लागत अनुमान रू.५४,३६,२७१.०२(Including Vat and ps) तयार गरी ई बिडिङ्ग गरेकोमा, विड गर्ने ९ फर्म\आपुर्तकहरु मध्ये पहिलो देखि तेस्रोसम्म स्पेशिफिकेशन नमिलेको भनी Fourth Below गर्ने पुण्यनेत्र सप्लायर्स, गाईघाटसंग रू. ४७,७८,८२६.५० मा मिति २०८०।७।१३ देखि सुरु गरी २०८१।१।१८ मा सम्पन्न गर्ने गरी संम्झौता गरेको छ । जस्मा देखिएका केही व्यहोराहरूः-

१०२.२ प्रथम रनिङ्ग बिल तथा ठेक्का बिल रू.४३०१०६.०० रहेकोमा गो.भा.न. ३९\०८०\८\१८ बाट प्रथम रनिङ्ग बिल वापत रू. ४४३१०६.०० भुक्तानी गरेको छ ।भुक्तानी हुनुपर्ने भन्दा रू.१३०००.०० बढी भुक्तानी गरेको रकम उक्त सप्लायर्सबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,००० |

१०२.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ ।अन्तिम ठेक्का बिल(तेस्रो रनिङ्ग बिल) मिति ०८१।१।१२ सम्ममा रू.४६,८९,३९१.२५ भुक्तानी गरी कार्यसम्पन्न गरेको टिप्पणी सदर भएको छ ।भुक्तानीको प्रमुख आधार नापी किताब तथा कार्यसम्पन्न\कार्यस्वीकार प्रतिवेदन भएको हुदा लेखापरीक्षणको क्रममा नापी किताब तथा कार्यसम्पन्न\कार्यस्वीकार प्रतिवेदन भएको प्रमाण पेश नभएको हुँदा, उक्त कार्य भएको सम्बन्धमा एकिन हुन सकिएन तर्सथ प्राविधिक नापी किताब सहित कार्यसम्पन्न\कार्यस्वीकार भएको प्रतिवेदन पेश हुनुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,८९,३९१.२५ |

## १०३ टुक्रा पारी खरिद

जिविस ग.२.७. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले ५नं वार्ड कार्यालयको काम्पाउण्ड वाल, गेट निमार्ण र घेरवारा तथा रंगरोकन सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरिद गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वियन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य नगरेको अनियमित देखिएको रु

| भौ.नं. मिति | निर्माण व्यवशायीको नाम | रकम |
|---|---|---|
| २-१०।११ | कार्तिक निर्माण सेवा | ५४५६१६ |
| ७-१।२४ | कार्तिक निर्माण सेवा | ४३८६२४ |
| ११-१।२४ | निरौला एण्ड सन्स सरोवर कन्स्ट्रक्सन | ३८६२७३ |
| | जम्मा | १४१५५१३ |

| | |
|---|---|
| अनियमित भएको | १४,१५,५१३ |

१०४ **फरक नर्म्स**

सडक बोर्ड ६-१०।२३ सडग विभागको नर्म्स नं. १३.९.a अनुसार proving and laying open graded premix carpet २० mm हुने उल्लेख भएकोमा कार्यालयले प्राविधिक पुष्ट्याई वेगर ४३०५.०६ sqm को ०.०२७५ले ११८.४०cum को रु १४०००का दरले रु १६५७३२० भुक्तानी भएकोमा नर्म्स अनुसार २०mm थिकनेसको ८६.१cum को रु १४००० का दरले १२०५४०० भुक्तानी हुनु पर्नुमा रु १६५७३२० भुक्तानी भएकोलो नर्म्स भन्दा बढी भुक्तानी भएको रु ४५२२००

२० **mm** ले कामको गुणस्तर कम हुने भएकोले २७.५mm थिकनेस बढाएको कार्यालयको भनाई रहेको छ

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५२,२०० |

१०५ **दोहोरो चेनेज**

सडक वोर्ड ४-११।२० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ ।tri J.B. campus gate sadakbato tinkune chok hudai woda sadak marmat अर्न्तगत Re- River bed material / Regravelling को कार्य गर्दा देहायका चेनेजमा दोहोरो कार्य गरेको पाइएकोले रु४२१६९.६ बढी भुक्तानी भएको सडक मर्मत उपभोक्ता समितिबाट भ्याट समेत रकम असुल हुनु पर्ने रु

| चेनेज | कार्य परिमाण | दर | रकम |
|---|---|---|---|
| **Milan chok Chanage** १+२९० | २०.३६ | ६३० | १२८२६.८० |
| **Campus gate** १+२९० | ९.२३ | | |
| **Campus gate** २+५५० | १८.३६ | ६३० | ११५६६.८० |
| **Saaikal chok** २+५५० | १५.८४ | | |
| **Saaikal chok** २+८५० | २८.२० | ६३० | १७७६६ |
| **Akikrit basti jaane batto**२+८५० | ४.२० | | |
| जम्मा | | | ४२१६९.६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,६५१.६५ |

१०६ **दोहोरो नापी**

जिविस ग.२.७. शिर्सक तर्फ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले west side boundary wall कार्य दुइ निर्माण व्यवशायीबाट च्यानेज नखुलाई एउटै कार्य दुइ पटक नापी तथा मुल्याङ्कन भइ बढि भुक्तानी भएको पाइएकोले दोहोरो नपरेको प्रमाण पेश गर्ने अन्यथा असुल हुनु पर्ने रु...

| कामको विवरण | कार्तिक निर्माण सेव | निरौला एण्ड सन्स | |
|---|---|---|---|
| **E/W work** | ३.६७*३००=११०१ | ३.२०*६१९=१९८१ | १९८१ |
| **Stone soiling work** | ०.९२*३०००=२७६० | ०.८०*३७७५=३०२० | ३०२० |
| **Pcc** १:२:३ | ०.४६*९०००=४१४० | ०.४८*१००२५=४८१२ | ४८१२ |
| **Stone massonary** १:६ | २.४१*७०००=१६८७० | ३.९२*१०५३०=४१२७८ | ४१२७८ |
| **Brick work** १:६ | २.८६*१०५००=३००३० | २.८२*१६६५०=४६९५३ | ४६९५३ |
| १२.५ **mm thick plaster in**१:४ | २४.४६*२७५=६२२७ | ५०.५६*४५०=२२७५२ | २२७५२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,७९६ |

१०७ **मुल्य अभिवृद्धि कर**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा २० हजार भन्दा बढीको मालसामान खरिद गर्दा प्यानमा दर्ता भएको र मुल्य अधिवृद्धि करमा दर्ता भएको व्यक्ति, फर्म वा सस्थासँग खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्विट एण्ड चाट हाउससँग यस वर्ष रु २१,२३,८१५/- कारोवार गरेकोमा सो फर्म मुल्य अधिवृद्धि करमा दर्ता भएको नपाइएको रु

| | |
|---|---|
| अनियमित भएको | २१,२३,८१५ |

१०८ **नियन्त्रण विन्दु DGRS जडान**

१०८.१४५७-३।२२ आन्तरिक आय नगरपालिकाले १६ वटै वडाहरुमा ऐलेनी जग्गा नाप नक्सा गर्ने कार्य अन्तर्गत नियन्त्रण विन्दु DGRS जडान कार्यको लागी रु १४,९९,१७९/- को लागत अनुमान तयार गरी प्राविधिक प्रस्तावमा छनौट भई न्यूनआर्थिक प्रस्ताव पेश गर्ने जियो इन्जिनियरिङ्ग कन्सल्टिङ्ग प्राली सगँ मिति २०८१।३।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०८०।११।२९ मा सम्झौता भई रु १४,८५,९५०/- भुक्तानी भएकोमा देहाय अनुसार पाइयो ।

१०८.२ सर्वजनिक खरिद नियमावली २०६४ को नियम १४ मा लागत अनुमान स्विकृत गर्नु पर्ने व्यवस्था छ।पालिकाले उत्त योजनाको लागत अनुमान स्विकृत गरेको पाइएन।

१०८.३ Term of reference कार्य सर्तमा surveyor को व्यवस्था नभएकोमा कार्यालयले २ जना कर्मचरीको रु ७८००० लागत अनुमान तयार गरी सोही बमोजिमको BOQ मा रकम हाली भुक्तानी भएकोले उत्त रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,००० |

१०८.४ fixing concrete pillers for ground control points ३०० वटा जडान रु ९०४ का दरले रु २,७१,२००/- भ्याट सहित भुक्तानी भएकोमा २६० वटा मात्रा कन्ट्रोल पोइन्ट तयार गरेकोले ४० वटाको रु ९०४ का दरले असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,१६० |

१०८.५ Term of reference कार्य सर्तमा Support staffs ४ जनाको व्यवस्था भएकोमा ६ जनाको रु १०५०० का दरले ६३०००को लागत अनुमान तयार गरि सोही बमोजिमको BOQ मा रकम हाली भुक्तानी भएकोले २ जना बढीको रकम भ्याट सहित असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,७३० |

१०९ **निजी संस्थालाई भुक्तानी**

पालिकाले खर्च गर्दा सभाबाट पारित योजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्दछ। जनतासंग मेयर कार्यक्रमबाट Flying Wonders Paraglading Nepal लाई विग स्माइल प्याराग्लाइडिङ्ग नेपालबाट खरिद भएका Harness, Harness२ र Glinder solo प्याराग्लाइडिङ्गका सामान रु ४९३००० खरिद गरी वितरण भएकोमा सो संस्था नाफामूलक निजी संस्था भएकोले उत्त खर्च असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९३,००० |

११० **सम्झौता भन्दा बढी भुक्तानी**

बढी भुक्तानी असुल भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **५,६४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१११ **भुक्तानी दिन बाँकीको विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलव, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाले भुक्तानी दिन बाँकीको विवरण (म.ले.प. फारम नं २२१) नगर सभाबाट परित गरेर मात्र अर्को वर्ष भुक्तानी गर्नुपर्नेमा सो नगरी यस वर्ष रु भुक्तानी दिएको पाइयो । नियमावलीमा भएको व्यवस्था बमोजिम नगर सभाबाट भुक्तानी दिन बाँकी विवरण प्रमाणित नगरी गत वर्षको भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु

| भौ.नं मिति | विवरण | रकम |
|---|---|---|
| २५-६।१५ | नगर खेलकुद विकास समितिका कर्मचारीको तलव | १२०००० |
| | जम्मा | १२०००० |

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

११२ **सामाजिक सुरक्षा**

परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

११३ **सामाजिक सुरक्षा भत्ता**

११३.१

सामाजिक सुरक्षा विवरण - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू.३४,७१,९९,५८५.७४ खर्च देखाई आर्थिक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ ।

| **लक्षित समुह** | **आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या** | **आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या** | **भत्ता दर** |
|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ४८९७ | ५००० | ४००० |
| जेष्ठ नागरिक (दलित) | ४५० | ४७० | २६६० |
| जेष्ठ नागरिक (एकल महिला) | ६५६ | ६३६ | २६६० |
| विधवा | ११८८ | १२४० | २६६० |
| पुर्ण अपाङ्गता | ३४९ | ३५४ | ३९९० |
| अति अशत्त अपाङ्गता | ४६५ | ४९४ | २१२८ |
| दलित बालबालिका | ८९६ | ८९६ | ५३२ |
| लोपोन्मुख जाति | १० | १० | ३९९० |
| जम्मा | **८९११** | **९१००** | |

११३.२ हिसाब भिडान- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

११३.३ सामाजिक सुरक्षा त्रैमासिक वितरण - सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको संख्या र रकम निम्न अवस्थामा रहेको पाइयो ।

| लाभग्राही समुह | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ४९३५ | ५९२४६१६३ | ४९५९ | ५९५१६०४१ | ४९८८ | ५९४१५८४२ | ५११८ | ६०८४९४७० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ४६० | ३६७३४६० | ४६३ | ३७१३३६० | ४८२ | ३७७९८६० | ४७६ | ३७६९२२० |
| जेष्ठ नागरिक एकल महिला | ६५१ | ५२१६२६० | ६४५ | ५१७३७०० | ६४७ | ५१०४५४० | ६०३ | ४७९३३२० |
| विधवा | १२०४ | ९६०७९२० | १२२६ | ९७७५५०० | १२५९ | ९९४०७७५ | १२७० | १०१०२६८० |
| पूर्ण अपाङ्गता भत्ता | ३४९ | ४१७३५४० | ३५३ | ४२१३४४० | ३५५ | ४२४९३५० | ३६१ | ४२४९३५० |
| अति अशक्त अपाङ्गता भत्ता | ४८१ | ३०५३६८० | ४८७ | ३०९४११२ | ४८६ | ३०९४११२ | ५२२ | ३२०९०२४ |
| दलित बालबालिका | ८७४ | १३७३७४४ | ८९१ | १३७७४५५ | ९०९ | १३९१९२३ | ९०९ | १४१३८५५ |
| लोपन्मुख जाति | १० | ११९७०० | १० | ११९७०० | १० | ११९७०० | १० | ११९७०० |
| जम्मा | ८९६४ | ८६४६४४६७ | ९०३४ | ८६९८३३०८ | ९१३६ | ८७०९६१०२ | ९२६९ | ८८५०६६१९ |

११३.४ नागरिकता नम्बर एकै भएका लाभग्राही- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ ।नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका १६ वटा वडा मध्ये १, ३ वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नंम्बर दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| Frist Installment | | | | | |
|---|---|---|---|---|---|
| **s.no.** | **Ward no.** | **Member Name** | **Citizenship no.** | **Personal Id no.** | **Payment Amt.** |
| **1.** | 1 | KEILI DEVI CHAUDHARY | 517 | 1990061200409 | 12000 |
| **2.** | 1 | MITHI MAYA KARKI | 517 | 2006123238813 | 12000 |
| **3.** | 1 | Dip Narayan Chaudhary | 95 | 2006010126758 | 12000 |
| **4.** | 1 | Makhani Devi Chaudhary | 95 | 2010092803318 | 12000 |
| **5.** | 1 | Lal Bati Chaudhary | 97 | 1995010104156 | 12000 |
| **6.** | 1 | Ram Krishna Chaudhary | 97 | 2010031703686 | 12000 |
| **7.** | 3 | Ganga Maya Khatri | 2393 | 2010121903253 | 12000 |
| **8.** | 3 | Rewati Maya Magar | 2393 | 2003122901723 | 12000 |
| **9.** | 3 | Bhikhan Mochi | 635 | 2009122900201 | 12000 |
| **10.** | 3 | Dukhani Mochi | 635 | 2003122900246 | 12000 |

११३.५ बैँक रुजु तथा परीक्षण- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले १६ वडाको बिभिन्न १० वटा बैँक मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैँकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा सम्पुरण बैंकहरुबाट निम्न लाभग्राहीहरुको मौज्दात बाँकी रहेको देखिन्छ । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी भएको रकम तथा निक्रिय रहेको खाताको रकम सधिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरुजु दफा ११३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ११४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रमाणित गरि लेखापरीक्षण टोलीलाई पेश गरेको छैन। अतः प्रमाणित आ.ले.प. प्रतिवेदन पेश नभएको प्रतिवेदनका व्यहोरा एकिन गर्न नसकिदा अन्तिम लेखापरिक्षण प्रतिवेदनमा समावेश गर्न सकिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : त्रियुगा नगरपालिका, उदयपुर , त्रियुगा नगरपालिका , उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु भक्त सिग्देल | २०८०-१-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विनया बस्नेत | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६३२,३४५.६५ | ५९,८६९,६९५ | ६६,४७८,७४२.११ | ० | ० | ३,५६६,८४९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३१,५४७,६३१.७६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८,४५६,४९० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १२३,०९१,१४१.७६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९४४३७२४५.५४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ९४६०७२००० | चालु खर्च | ७७३७३३६८४.३ |
| प्रदेश सरकारबाट अनुदान | ४१८७२२४५ | पूँजीगत खर्च | ३९९६९५७७० |
| राजश्व बाँडफाँट | १९२७८२३१६.२ | वित्तीय/अन्य व्यवस्था | ५३०३५३५२१.०१ |
| आन्तरिक आय | १२०४७३६५४.७ | | |
| अन्य आय | ४२५६५१८९७.६८ | | |
| कुल आय | १७२६८५२११३.५८ | कुल खर्च | १७०३७८२९७५.३१ |
| बाँकी मौज्दात | | ११७५०६३८३.८१ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं २७०)

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २०,३१,४८,२०५.७५ | ० | २०,३१,४८,२०५.७५ | २०,०४,५३,५४०.४१ | ० | २०,०४,५३,५४०.४१ |
| १३००० | अनुदान | | ८७,१३,५६,१०९.८४ | ० | ८७,१३,५६,१०९.८४ | ८७,६५,३८,१३३.६४ | ० | ८७,६५,३८,१३३.६४ |
| १४००० | अन्य राजस्व | | १०,९६,५०,०१३.११ | ० | १०,९६,५०,०१३.११ | ७,९०,०४,१०२.७१ | ० | ७,९०,०४,१०२.७१ |
| १५००० | विविध प्राप्ति | | ६,५१,२९२.०० | ० | ६,५१,२९२.०० | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | १,१८,४८,०५,६२०.७० | | १,१८,४८,०५,६२०.७० | १,१५,५९,९५,७७६.७६ | | १,१५,५९,९५,७७६.७६ |
| ३ | चालु | | ७७,३७,३३,६८४.३० | ० | ७७,३७,३३,६८४.३० | ८२,०८,२३,९८९.२७ | ० | ८२,०८,२३,९८९.२७ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४१,८२,११,१८५.३० | ० | ४१,८२,११,१८५.३० | ३७,७८,६६,६६४.४२ | ० | ३७,७८,६६,६६४.४२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | २७,१४,५२,८८५.०० | ० | २७,१४,५२,८८५.०० | ३३,७३,२५,८३४.०० | ० | ३३,७३,२५,८३४.०० |
| २५००० | सहायता (Subsidy) | | ६,९४,५९,६४४.०० | ० | ६,९४,५९,६४४.०० | ८,९५,४५,८४३.८५ | ० | ८,९५,४५,८४३.८५ |
| २७००० | सामाजिक सुरक्षा | | १,३१,१५,५७०.०० | ० | १,३१,१५,५७०.०० | १,४४,९९,७४७.०० | ० | १,४४,९९,७४७.०० |
| २८००० | अन्य खर्च | | १४,९४,४००.०० | ० | १४,९४,४००.०० | १५,८५,९००.०० | ० | १५,८५,९००.०० |
| ४ | पूंजीगत | | ३९,९६,९५,७७०.०० | ० | ३९,९६,९५,७७०.०० | ४६,१८,९६,६१४.०० | ० | ४६,१८,९६,६१४.०० |
| ३१११० | भवन तथा संरचना | | ७,८४,२७,८७६.०० | ० | ७,८४,२७,८७६.०० | ९,२३,३७,८४४.०० | ० | ९,२३,३७,८४४.०० |
| ३११२० | सवारी साधन, | | ५६,४८,९२३.०० | ० | ५६,४८,९२३.०० | १,०४,४५,६१५.०० | ० | १,०४,४५,६१५.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | | | | | | | |
| ३१११३० | अन्य पूँजीगत खर्च | | १,३३,७०,५८४.०० | ० | १,३३,७०,५८४.०० | १,८२,३४,०२६.०० | ० | १,८२,३४,०२६.०० |
| ३१११५० | सार्वजनिक निर्माण | | १२,२८,४२,३९८.०० | ० | १२,२८,४२,३९८.०० | २०,०९,७२,७८७.०० | ० | २०,०९,७२,७८७.०० |
| ३१११७० | पूँजीगत सुधार खर्च | | १७,९४,०५,९८९.०० | ० | १७,९४,०५,९८९.०० | १३,९९,०६,३४२.०० | ० | १३,९९,०६,३४२.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | १,१७,३४,२९,४५४.३० | | १,१७,३४,२९,४५४.३० | १,२८,२७,२०,६०३.२७ | | १,२८,२७,२०,६०३.२७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १,१३,७६,१६६.४० | | १,१३,७६,१६६.४० | (१२,६७,२४,८२६.५१) | | (१२,६७,२४,८२६.५१) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (३,२५,९२१.८१) | | (३,२५,९२१.८१) | ६८,३३,८८६.२५ | | ६८,३३,८८६.२५ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | (१,३५,४३६.००) | | (१,३५,४३६.००) |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | १,१०,५०,२४४.५९ | | १,१०,५०,२४४.५९ | (११,९८,९०,९४०.२६) | | (११,९८,९०,९४०.२६) |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ९,४३,०१,८०९.४३ | | ९,४३,०१,८०९.४३ | २१,४१,९२,७४९.६९ | | २१,४१,९२,७४९.६९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १०,५३,५२,०५४.०२ | | १०,५३,५२,०५४.०२ | ९,४३,०१,८०९.४३ | | ९,४३,०१,८०९.४३ |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको अल्याबाट ल्याएको | म्याद नाघेको यस.आ.ब.मा फर्छौट हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| कर्मचारी पेश्की | | | | | | |
| 1. | ०४/०१/२०८० | सडक वत्ती व्यवस्थापन तथा मर्मत सम्हार | बेद नाथ ढुंगाना | | ३,००,०००.०० | |
| 2. | ०४/०१/२०८० | जनता संग मेयर कार्यक्रम | अबध नारायण चौधरी | | ६,००,०००.०० | |
| 3. | ०४/०१/२०८० | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीको स्तरोन्नति | बेद नाथ ढुंगाना | | १,४०,०००.०० | |
| 4. | ०४/०१/२०८० | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | बेद नाथ ढुंगाना | | ३,९३,६००.०० | |
| 5. | ०४/०१/२०८० | सवारी साधन तथा मेशिनर औजार भाडा | डम्बर बहादुर श्रेष्ठ | | २०,०००.०० | |
| 6. | ०४/०१/२०८० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | दुर्गालाल गिरी | | ४,००,०००.०० | |
| 7. | ०४/०१/२०८० | अन्य सेवा शुल्क | बेद नाथ ढुंगाना | | ३,५०,०००.०० | |
| 8. | ०४/०१/२०८० | बिमा तथा नवीकरण खर्च | बेद नाथ ढुंगाना | | २,००,०००.०० | |
| 9. | ०४/०१/२०८० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | बेद नाथ ढुंगाना | | १,००,०००.०० | |
| 10. | ०४/०१/२०८० | सरसफाईसेवा शुल्क | बेद नाथ ढुंगाना | | २,००,०००.०० | |
| 11. | ०४/०१/२०८० | खेलकुद सामाग्री खरिद | अम्विका प्रसाद धमला | | ३,६०,०००.०० | |
| 12. | ०४/०१/२०८० | प्रशासनिक खर्च | कुमार सिंह थापा | | २,००,०००.०० | |
| 13. | ०४/०१/२०८० | युवा स्वरोजगार तालिम | कुमार सिंह थापा | | १,००,०००.०० | |
| 14. | ०४/०१/२०८० | नि:शुल्क एम्बुलेन्स सेवा (सुत्केरीहरुलाई वडाबाट गाईघाट सम्म) | किशोर कुमार चौधरी | | २५,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 15. | ०४/०१/२०८० | प्रशासनिक खर्च वडा नं. २ | किशोर कुमार चौधरी | | २,००,०००.०० | |
| 16. | ०४/०१/२०८० | मानसिक रोगि उपचार कार्यक्रम | किशोर कुमार चौधरी | | ५०,०००.०० | |
| 17. | ०४/०१/२०८० | अनुगमन तथा मूल्याङ्कन | मन कुमार थापा | | १,००,०००.०० | |
| 18. | ०५/३१/२०८० | विविध खर्च | बिमल खत्री | | | २०,०००.०० |
| 19. | ०७/२१/२०८० | विपद व्यवस्थापन | माधव प्रसाद पोखरेल | | | ८५,०००.०० |
| 20. | ०८/२०/२०८० | विपद व्यवस्थापन तथा आर्थिक सहायता | विष्णु कुमार दनुवार | | | २,००,०००.०० |
| 21. | ०८/२०/२०८० | अन्य सामाजिक सहायता | अन्जना कार्की | | | १,५०,०००.०० |
| 22. | ११/०७/२०८० | विपद जन्य आर्थिक सहयोग | दल बहादुर दनुवार (वडा सहायक) | | | ५०,०००.०० |
| 23. | ११/०७/२०८० | आर्थिक सहयोग | दल बहादुर दनुवार (वडा सहायक) | | | ५०,०००.०० |
| 24. | १२/३०/२०८० | अन्य सेवा शुल्क | सन्तोष कुमार साह | | | ५०,०००.०० |
| 25. | ०१/१८/२०८१ | सानातिना योजना तथा विविध कार्यक्रम | देबेन्द्र खत्री | | | ५०,०००.०० |
| 26. | ०२/२४/२०८१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | कुमार प्रसाद अधिकारी | | | १,५६,७३०.०० |
| **ठेकेदार पेश्की** | | | | | | |
| 27. | ०४/०१/२०८० | लागत सहभागीता | गलान ईन्फ्राटेक सर्वेइङ्ग एण्ड इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. | | ५,०४,३००.०० | |
| 28. | ०४/०१/२०८० | प्रशासनिक भवन निर्माण (लागत सहभागिता) | ज्ञान ज्योति बिल्डर्स प्रा.लि | | ८९,२४,६००.०० | |
| 29. | ०४/०१/२०८० | लक्ष्मीपुर मा. बि. भवन निर्माण कार्य | कृष्ण लक्ष्मी निर्माण सेवा | | ३०,००,०००.०० | |
| 30. | ०४/०१/२०८० | खारखोला,अजिगरे सिदे, बरुवा खोला तीनतले, बरुवा देखी रातापानी बरुवा वडा न १५–१६, बरुवा खोला भुसुने साकेला वडा न ११–१३ र | गोरखा/बि. लामा/डि. गौतम जे.भी. | | २९,९७,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भुलर खोला दोभान कोरिया खोला वडा न -५ त्रियुगा नगरपालिका | | | | |
| 31. | ०१/२०/२०८१ | Urban Development Grant दिने | आशिष/आशीर्वाद/ स्वामिनारायण जे.भी. | १,२२,३३,०००.०० | | |
| 32. | ०१/२०/२०८१ | Urban Development Grant दिने | आशिष/आशीर्वाद/ स्वामिनारायण जे.भी. | २,६९,७५,०००.०० | | |
| 33. | ०२/२६/२०८१ | Urban Development Grant दिने | आशिष/आशीर्वाद/ स्वामिनारायण जे.भी. | १,२२,३३,०००.०० | | |
| 34. | ०२/२६/२०८१ | Urban Development Grant दिने | आशिष/आशीर्वाद/ स्वामिनारायण जे.भी. | २,६९,७५,०००.०० | | |
| **संस्थागत पेश्की** | | | | | | |
| 35. | ०४/०१/२०८० | सानातिना पुर्वाधार | नेपाल वार एशोसिएसन | | १,००,०००.०० | |
| 36. | ०४/०१/२०८० | सडक वत्ती व्यवस्थापन तथा मर्मत सम्हार | नेपाल विधुत प्राधिकरण | | ४३,०७६.०० | |
| 37. | ०४/०१/२०८० | अभरमा नगर | नेपाल रेडक्रस सोसाईटी | | १,००,०००.०० | |
| 38. | ०४/०१/२०८० | नवसृजना चोक बाट पूर्व कृष्ण वानियाको घर हुँदै शम्भु कार्कीको घर सम्म र पुष बहादुर सुवेदीको घरबाट दक्षिण जित बहादुर रायाको घर सम्म बाटो ग्रावेल साथै सुवास कार्कीको घरकव बाटो ग्रावेल | नेपाल विधुत प्राधिकरण | | १,९९,९९८.०० | |
| 39. | ०४/०१/२०८० | विधुत विस्तार तारपोल सार्ने २५ वडा ट्रान्सफर्मर खरिद जडान बलुवाही टोल विधुत प्राधिकरण सँग साझेदारी कार्यक्रम | नेपाल विधुत प्राधिकरण | | ५,००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 40. | ०४/०१/२०८० | गत वर्षको कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता | एसिएन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट | | ७७,५०८.०० | |
| 41. | ०४/०१/२०८० | गत वर्षको कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता | जयन टेक्नीकल कलेज अफ टेक्नोलोजी प्रा.लि. | | ७९,९९५.०० | |
| 42. | ०४/०१/२०८० | गत वर्षको कार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता | जिभ क्यारियर इन्स्टिच्यूट प्रा.लि. | | ६८,७०४.०० | |
| 43. | ०४/०१/२०८० | कार्यक्रम खर्च | स्वास्थ्य चौकी खाँबु | | १६,०००.०० | |
| 44. | ०४/०१/२०८० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | स्वास्थ्य चौकी खाँबु | | १,५०,०००.०० | |
| 45. | ०४/०१/२०८० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | स्वास्थ्य चौकी चिलाउने | | २०,०००.०० | |
| 46. | ०४/०१/२०८० | कार्यक्रम खर्च | स्वास्थ्य चौकी जोगिदह | | ५९,८००.०० | |
| 47. | ०४/०१/२०८० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | स्वास्थ्य चौकी जोगिदह | | १,५०,०००.०० | |
| 48. | ०४/०१/२०८० | कार्यक्रम खर्च | स्वास्थ्य चौकी देउरी | | ९७,२७६.०० | |
| 49. | ०४/०१/२०८० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | स्वास्थ्य चौकी देउरी | | २,००,०००.०० | |
| 50. | ०४/०१/२०८० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | स्वास्थ्य चौकी भुमरसुवा | | १,३०,०००.०० | |
| 51. | ०४/०१/२०८० | मातृ तथा नवशिशु कार्यक्रम | स्वास्थ्य चौकी | | ५०,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | साउने | | | |
| 52. | ०९/२३/२०८० | विधुत पोल स्थान्तरण | नेपाल विधुत प्राधिकरण | | | २,२७,८००.०० |
| 53. | ११/२१/२०८० | हेपर साझेदारी कार्यक्रम | हेफर प्रोजेक्ट नेपाल | | | ५१,३१९.०० |
| 54. | ०२/०९/२०८१ | हेपर साझेदारी कार्यक्रम | हेफर प्रोजेक्ट नेपाल | | | २०,००,०००.०० |
| 55. | ०३/२४/२०८१ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | ट्रेड लिंक टेक्नीकल ट्रेनिङ इन्ष्टिच्यूट प्रा. लि. | | | ४,७६,०००.०० |
| **उपभोक्ता समिति पेश्की** | | | | | | |
| 56. | ०४/०१/२०८० | नया सिचाई योजना, त्रियुगा न.पा.(३ वटा) | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | | ५,५०,०००.०० | |
| 57. | ०४/०१/२०८० | नया सिचाई योजना, त्रियुगा न.पा.(३ वटा) | विधुत पोल स्थान्तरण | | ७,००,०००.०० | |
| 58. | ०४/०१/२०८० | नया सिचाई योजना, त्रियुगा न.पा.(३ वटा) | हेपर साझेदारी कार्यक्रम | | ४,४५,०००.०० | |
| **अन्तर्गत निकाय पेश्की** | | | | | | |
| 59. | ०४/०१/२०८० | कार्यक्रम खर्च | स्वास्थ्य चौकी जोगिडाँडा | | ७,८००.०० | |
| 60. | ०४/०१/२०८० | कार्यक्रम खर्च | स्वास्थ्य चौकी देउरी | | १३,७००.०० | |
| **व्यक्तिगत पेश्की** | | | | | | |
| 61. | ०४/०१/२०८० | कृषक परिचय व्यवस्थापन कार्यक्रम | प्रमिला दनुवार | | १,४०,०००.०० | |
| 62. | ०४/०१/२०८० | सानातिना पूर्वाधार | तिल कुमारी पाण्डे | | १,००,०००.०० | |
| 63. | ०४/०१/२०८० | कृषि औजार विउ विजन सिँचाईको लागी ट्युवेल | ललिता चौधरी | | १,००,०००.०० | |
| 64. | ०४/०१/२०८० | मुसहर समुदायको सर्वाङ्गीण | अजन्ता पौडेल | | ४,३७,४००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकास पिरयोजना | | | | |
| 65. | ०४/०१/२०८० | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | अन्नपुर्णा कुमारी रसायली | | २१,०००.०० | |
| 66. | ०४/०१/२०८० | मुसहर समुदायको सर्वाङ्गीण विकास पिरयोजना | अन्नपुर्णा कुमारी रसायली | | ३,४८,०५०.०० | |
| 67. | ०४/०१/२०८० | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) | किरण कुमार कार्की (स्वा.अधिकृत) | | ३,५०,०००.०० | |
| 68. | ०४/०१/२०८० | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश् | किरण कुमार कार्की (स्वा.अधिकृत) | | ७२,०००.०० | |
| 69. | ०४/०१/२०८० | आँखा, नाक, कान, घांटी तथा मुख स्वास्थ्य सम्वन्धि अभिमुखीकरण | किरण कुमार कार्की (स्वा.अधिकृत) | | १,००,०००.०० | |
| 70. | ०४/०१/२०८० | कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन ब्यवस्थापन खर्च (पालिकास्तरिय योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण) | किरण कुमार कार्की (स्वा.अधिकृत) | | २,८७,०००.०० | |
| 71. | ०४/०१/२०८० | पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवारोग सम्बन्धि | किरण कुमार कार्की (स्वा.अधिकृत) | | १४,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम | | | | |
| 72. | ०४/०१/२०८० | पालिका स्तरमा ः टाईंफाइड खोप अभियान संचालन तथा नियमित खोपमा टाईंफाइड खोप शुरुवातको साथै नियमित खोप सुदढीकरण र सरसफाई प्रबद्र्धनको लागि पालिका र वडा खोप समन्वय समिती र सरोकारवालाहरुको अभिमुखिकरण बैठक १ दिन | किरण कुमार कार्की (स्वा.अधिकृत) | | २,३६,६००.०० | |
| 73. | ०४/०१/२०८० | पालिकाहरुमा स्वीकृत निर्देशिका अनुसार गठित rapid response team तथा risk communication and community engagement team लाई अभिमुखिकरण, महामारी/जनस्वास्थ्यमा असर पर्ने घटनाहरुको ब्यबस्थापनका लागि कम्तिमा बर्षमा दुई पटक सम्बन्धीत सरोकारवालाहरु समेतको सहभागि | किरण कुमार कार्की (स्वा.अधिकृत) | | १,००,०००.०० | |
| 74. | ०४/०१/२०८० | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | किरण कुमार कार्की (स्वा.अधिकृत) | | ९१,०००.०० | |
| 75. | ०४/०१/२०८० | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, | किरण कुमार कार्की (स्वा.अधिकृत) | | ९१,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | | | | |
| 76. | ०४/०१/२०८० | स्वास्थ्य संस्थामा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ तथा फोटोकपी, ई-टि.बि रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम | किरण कुमार कार्की (स्वा.अधिकृत) | | ३१,५००.०० | |
| 77. | ०४/०१/२०८० | सिबिआईएमएनसिआई Onsite कोचिंङ्ग र समता तथा पहुँच कार्यक्रम | किरण कुमार कार्की (स्वा.अधिकृत) | | १,४०,०००.०० | |
| 78. | ०४/०१/२०८० | मुसहर समुदायको सर्वाङ्गीण विकास पिरयोजना | धनश्याम पोखरेल | | २०,२०,०००.०० | |
| 79. | ०४/०१/२०८० | मुसहर समुदायको सर्वाङ्गीण विकास पिरयोजना | निर्मला देवी दाहाल | | ११,३२,३९०.०० | |
| 80. | ०४/०१/२०८० | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | शुभारण चौधरी | | २,६६,२८०.०० | |
| 81. | ०४/०१/२०८० | मुसहर समुदायको सर्वाङ्गीण विकास पिरयोजना | शुभारण चौधरी | | ५,२१,४००.०० | |
| 82. | ०४/०१/२०८० | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | सिताराम चौधरी | | ७०,०००.०० | |
| 83. | ०४/०१/२०८० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | सिर्जना शर्मा | | १,००,०००.०० | |
| 84. | ०४/०१/२०८० | स्वास्थ्य संस्थामा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ तथा फोटोकपी, ई-टि.बि | किरण कुमार कार्की (स्वा.अधिकृत) | | ३१,५००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम | | | | |
| 85. | ०४/०१/२०८० | सवारी साधन मर्मत खर्च | चालक सन्तोष परियार | | १४,०००.०० | |
| 86. | ०४/०१/२०८० | सवारी साधन मर्मत खर्च | डम्बर बहादुर श्रेष्ठ | | ५०,०००.०० | |
| 87. | ०४/०१/२०८० | बिमा तथा नवीकरण खर्च | सुन्दरदेव चौधरी | | ५०,०००.०० | |
| 88. | ०४/०१/२०८० | वडागत प्रशासनिक खर्च वडा नं. ७ | कुमार सिंह थापा | | १,००,०००.०० | |
| 89. | ०४/०१/२०८० | वैदेशिक रोजगार कार्यक्रम साझेदारी | कुमार सिंह थापा | | १,००,०००.०० | |
| 90. | ०४/०१/२०८० | ऐलानी जग्गा व्यवस्थापन तथा अन्य खर्च | गुरु प्रसाद ढकाल | | २,५०,०००.०० | |
| 91. | ०४/०१/२०८० | आर्थिक सहयोग | निरु कार्की | | १,००,०००.०० | |
| 92. | ०४/०१/२०८० | एकल महिला कार्यक्रम | निरु कार्की | | ५०,०००.०० | |
| 93. | ०४/०१/२०८० | कार्यालय व्यवस्थापन वडा नं. १२ | निरु कार्की | | २,००,०००.०० | |
| 94. | ०४/०१/२०८० | जेष्ठ नागरिक सम्मान कार्यक्रम | निरु कार्की | | १,००,०००.०० | |
| 95. | ०४/०१/२०८० | पंजिकरण व्यवस्थापन | निरु कार्की | | ५०,०००.०० | |
| 96. | ०४/०१/२०८० | पशुपंक्षी कार्यक्रम | निरु कार्की | | १,००,०००.०० | |
| 97. | ०४/०१/२०८० | महिला क्षमता विकास कार्यक्रम | निरु कार्की | | ३,००,०००.०० | |
| 98. | ०४/०१/२०८० | विपन्न दलित असहायहरुलाई | निरु कार्की | | १,००,०००.०० | |
| 99. | ०४/०१/२०८० | टोल विकास परिचालन तथा स्वास्थ्य स्वयं सेविका | भिमा लक्ष्मी लयालु | | ५०,०००.०० | |
| 100. | ०४/०१/२०८० | सेवा, परामर्श कार्यालयको भौतिक सुधार नागरिक वडापत्र प्रकाशन समेत | मनोज खड्का | | १,५०,०००.०० | |
| 101. | ०४/०१/२०८० | प्रशासनिक खर्च वडा नं. ९ | ललिता चौधरी | | २,००,०००.०० | |
| 102. | ०४/०१/२०८० | विभिन्न पर्व महोत्सब सहयोग | ललिता चौधरी | | ५०,०००.०० | |
| 103. | ०४/०१/२०८० | सुत्केरी महिला लाई पौष्टीक | ललिता चौधरी | | १,००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आहार वितरण | | | | |
| 104. | ०४/०१/२०८० | अतिथि सत्कार | विनय रञ्जन मुडवरी | | १,००,०००.०० | |
| 105. | ०४/०१/२०८० | युवा प्रतिभा पहिचान कार्यक्रम | सुशिला राउत | | २,१०,०००.०० | |
| **जम्मा** | | | | ७८४१६००० | ३२११६९७४ | ३५६६८४९ |
| **कुल जम्मा** | | | | ११४०९९८२३.०० | | |

## बेरूजु दफा ११३.५ सँग सम्बन्धित विवरण - अनुसूची -५

| Account No | Name | ADDRESS | OPEN.ACTUAL.BAL |
| --- | --- | --- | --- |
| 1104601677134010.00 | INDRA KUMARI RAUT | TRIYUGA-01 | 112351.11 |
| 1104601197762010.00 | HARI DEV CHAUDHARY | TRIUGA 1 JOGIDAH | 104489.81 |
| 1104601132553010.00 | BABU RAM RAI | TRIYUGA 01 | 101574.58 |
| 1104605236424010.00 | BACHUN DEBI SADA MUSAHAR | TRIYUGA 01 | 79311.38 |
| 1104605255555010.00 | RAM BATI CHAUDHARY | TRIYUGA 01 | 63290.12 |
| 1104601127475010.00 | MADHU MAYA KHADKA | TRIYUGA 01 | 50309.03 |
| 22549638070017 | PABITRA MAYA POKHAREL | TRIYUGA 8-9 | 118,511.34 |
| 22552889160019 | RAM KUMARI RAI | TRIYUGA 8-9 | 58,703.61 |
| 22552760480017 | RAMBHA KUMARI CHAUDHARY | TRIYUGA 8-9 | 56,394.73 |
| 22555705620011 | PABITRA DANUWAR | TRIYUGA 8-9 | 52,458.95 |
| 22550535480013 | DASHARATH KUMARI CHAUDHARY | TRIYUGA 8-9 | 45,026.91 |
| 22553996840018 | MUKTINATH SUBEDI | TRIYUGA 8-9 | 24,902.03 |
| 22555780060013 | DURGI MAYA CHAUDHARY | TRIYUGA 8-9 | 16,674.26 |
| 22553448970011 | BHULLI KHATUN | TRIYUGA 8-9 | 14,774.49 |
| 22553986050011 | DHANA MAYA BASNET | TRIYUGA 8-9 | 13,628.62 |
| 22555887820018 | PHEKANI DEVI CHAUDHARY | TRIYUGA 8-9 | 10,732.13 |
| 22549328960015 | RASKSHA SADA | TRIYUGA 8-9 | 9,658.74 |
| 22554703240018 | ROHAN SADA | TRIYUGA 8-9 | 6,857.74 |
| 22549508860019 | ANAMOL KHILUNGE | TRIYUGA 8-9 | 6,837.19 |
| 0200100000117033 | GAYANI DEVI CHAUDHARY | TRIYUGA 02 | 66007.75 |
| 0200100000239033 | JANUKA DEVI KARKI | TRIYUGA 02 | 73629.44 |
| 0200100000039033 | TILAK BAHADUR BUDHAKSHETRI | TRIYUGA 02 | 74509.99 |
| 0200100000587033 | MAHAWATI CHAUDHARY | TRIYUGA 02 | 49039.42 |
| 0200100000610033 | MAHESH LAL CHAUDHARY | TRIYUGA 02 | 50118.55 |
| 0200100000609033 | KAUSHILA BATI CHAUDHARY | TRIYUGA 02 | 86863.66 |
| 0540374101205001 | GUNJASINGH TAMANG GALAN | 7 | 51,305.20 |
| 0540375773205001 | BATAHI DEVI CHAUDHARY | 5 | 63,147.00 |
| 0540375077205001 | PADAM MAYA KATUWAL | 7 | 84,065.02 |
| 0540375220205001 | AMBIKA GHIMIRE | 7 | 51,305.20 |
| 0540376218205001 | RAM MAYA TAMANG | 7 | 63,095.46 |

| | | | |
|---|---|---|---|
| 0540376931205001 | SUKRA BAHADUR TAMANG | 6 | 75,706.10 |
| 0540381964205001 | HIRA KUMARI POKHAREL | 6 | 50,573.52 |
| 0540379065205001 | BINDA KUMARI KOIRALA | 9 | 50,708.12 |
| 0540405784205001 | MARU TAMANG | 7 | 84,066.45 |
| 0540569580405001 | SAN MAYA DANUWAR | 7 | 40,394.72 |
| 03505250254854 | MADAN BAHADUR RANA MAGAR | 5 | 86505.72 |
| 0355250256186 | GAJENDRA MISHRA | 5 | 69483.9 |
| 03505250254762 | SHUKRA BAHADUR AMANG | 5 | 87407.62 |
| 0290377623205001 | PUTALIMAYA BANIYA | 6 | 49,115.96 |
| 0290375505205001 | KAMRUN KHATUN | 6 | 75,852.09 |
| 0290375578205001 | NANDALAL TAMANG | 6 | 86,893.89 |
| 0290376168205001 | MANKUMARI KHADKA | 6 | 42,205.12 |
| 0290370533205001 | HAMIDA KHATOON | 6 | 92,457.86 |
| 0290751626405001 | TANK MAYA MAGAR | 6 | 124,069.84 |
| 0290693536405001 | SARSWATI CHAUDHARY | 6 | 99,337.60 |
| 0408551354772001 | MAKURI MAYA KATEL | 4 | 140087.15 |
| 0408551523114001 | PRAJWAL BISWAKARMA | 4 | 51153.93 |
| 4085831807524001 | DEV NARAYAN SARKI | 4 | 93413.81 |
| 4085956008524001 | LILA KUMARI RAI | 4 | 112823.77 |
| 4085956145524001 | SANI RAI | 4 | 51797.02 |
| 4085956922524001 | BHADRI MAYA DAMAI | 4 | 49152.3 |
| 4085956997524001 | KAL MAYA GHIMIRE | 4 | 49419.65 |
| 2320169502500001 | SHYAM KUMAR BASNET | 10 | 40,314.63 |
| 2320179112400002 | SIRJANA KHADKA | 10 | 26,755.79 |
| 1430108850300011 | BHOTI MAYA KARKI | 16 | 54,162.67 |
| 1430108854600011 | GARA MAYA RAI | 16 | 51,492.84 |
| 1430956977600018 | BINDAMAYA BISHWAKARMA | 16 | 63,424.87 |
| Total | | | 3558350.4 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।।

- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- नगरपालिकामा निर्माणाधीन आधारभूत अस्पताल तथा कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- 
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।